सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१८ माघ २०८०, बिहीबार (1 Feb 2024, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २८३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

प्रदेशको सबैभन्दा बढी खर्च पूर्वाधारमा

■ गत आर्थिक वर्षमा तीन खर्ब ६ अर्ब बजेट ल्याएका प्रदेशले दुई खर्ब चार अर्ब खर्च गर्न सके, त्यसमध्ये सबैभन्दा बढी ९४ अर्ब पूर्वाधार निर्माणमा, तलब-भत्तामा सकियो करिब १४ अर्ब

पूर्वाधार निर्माण

पुँजीगततर्फ १ खर्ब २४ अर्ब १८ करोड ३ लाख खर्च हुँदा पूर्वाधार निर्माणमा ९४ अर्ब २६ करोड ४१ लाख

- सडक तथा पुल निर्माण **४५ अर्ब ४० करोड ५८ लाख**
- खानेपानी संरचना **१४ अर्ब ५८ करोड ६५ लाख**
- सिँचाइ संरचना निर्माण **८ अर्ब ८२ करोड ७३ लाख**
- तटबन्ध तथा बाँधमा **६ अर्ब ७२ करोड ९० लाख**
- विद्युत् संरचना निर्माण **३१ करोड ७६ लाख**
- सरसफाइ संरचना **२४ करोड ४२ लाख**
- अन्य सार्वजनिक निर्माणमा **१७ अर्ब ६२ करोड ७८ लाख**
- अन्य टुक्रे विकास निर्माणमा **५२ करोड ५९ लाख**



■ पुँजीगततर्फ भएको खर्चको ७५.९१% पूर्वाधारमा

कर्मचारी तथा पदाधिकारीको तलब-भत्ता खर्च

- कर्मचारीको पारिश्रमिक **१० अर्ब ९० करोड ९६ लाख**
- कर्मचारीको बैठक भत्ता **११ करोड ८२ लाख**
- पदाधिकारीको तलब **५९ करोड ४८ लाख**
- पदाधिकारीको बैठक भत्ता **४ करोड २४ लाख**
- पदाधिकारी अन्य सुविधा **२४ करोड १६ लाख**
- पदाधिकारी अन्य भत्ता **४ करोड ७ लाख**
- अन्य सुविधा **करिब २ अर्ब**

अन्य केही मुख्य शीर्षकमा खर्च

- पानी तथा बिजुली **५३ करोड ५७ लाख**
- सञ्चार महसुल **१९ करोड ४५ लाख**
- पुस्तक तथा सामग्री **१६ करोड ६१ लाख**
- सेवा तथा परामर्शमा **१७ करोड ५७ लाख**
- कार्यक्रम खर्च **१६ अर्ब ८३ करोड ७१ लाख**
- भ्रमण खर्च **२३ करोड २० लाख**
- घरभाडा **३९ करोड ४४ लाख**
- फर्निचर तथा फिक्चर्स खरिदमा **४३ करोड ६६ लाख**

कृष्ण रिजाल/नयाँ पत्रिका

अधिकांश बजेट तलब-भत्तामै सकेर राज्यलाई अनावश्यक आर्थिक भार थोपरेको भन्दै कतिपय दलले समेत प्रदेश संरचना खारेज गर्नुपर्ने आवाज उठाएका छन्। तर, सरकारी तथ्यांक केलाउँदा प्रदेशले चालू प्रकृतिका भन्दा पनि बढी बजेट विकास निर्माणमै खर्च गरेको देखिएको छ।

गत आर्थिक वर्षमा सात प्रदेशले कुल तीन खर्ब ६ अर्ब ३९ करोड ६१ लाख

» पृष्ठ २ मा क्रमशः

प्रदेशले आर्थिक भार थोपरेका छैनन्, विकास गरिरहेका छन्



- **शालिकराम जम्कट्टेल, मुख्यमन्त्री, बागमती**

संविधानको भावनाअनुसार नै प्रदेशले पूर्वाधार निर्माण तथा सामाजिक विकासका काम गरिरहेका छन्। प्रदेशबाट जे-जति खर्च भएका छन् सबैजसो विकासमै भएका छन्। स्थानीय तहले गाउँमा सडक, सिँचाइजस्ता पूर्वाधार बनाउन सक्दैनन्, त्यो प्रदेशले गरिरहेको छ। संविधान नरुचाउने, संघीय संरचना मन नपराउने, समावेशी एवं समानुपातिक मन नपराउनेले प्रदेशले आर्थिक भार थापेरेको आरोप लगाइरहेका छन्, जुन गलत छ।

सुशासनमा जोड दिँदै प्रदेशलाई विकासको वाहक बनाइनुपर्छ



- **डा. खिमलाल देवकोटा, संघीयताविज्ञ**

संघीयता अभ्यासको सुरुवाती अवस्थामा संस्थागत संरचना र प्रशासनिक कार्यमै खर्च बढी हुन्छ। यद्यपि, प्रदेशले पूर्वाधार निर्माणमा राम्रो खर्च गरिरहेका छन्। प्रदेशले अझै उत्पादन र विकास निर्माणमा खर्च बढाउनुपर्छ। संघीयताले आर्थिक भार बढाएको छैन। पहिला चार हजार गाविस, जिसस, अञ्चल, विकास क्षेत्रलगायत संरचनामा पनि अधिक खर्च भइरहेको थियो। संघीयता महँगो भन्छन्, जुन म मान्दिनँ। संघले नीति, कानुन बनाउने र विकासको वाहक प्रदेशलाई बनाइनुपर्छ। प्रदेशले पनि फजुल खर्च गर्नेलगायत प्रवृत्तिको अन्त्य गर्नुपर्छ।

■ पुँजीगत खर्च

कोशीको धेरै, मधेशको थोरै

पुँजीगततर्फ सबैभन्दा बढी कोशी प्रदेशले ८४.२ प्रतिशत र सबैभन्दा कम मधेश प्रदेशले ६२.३५ प्रतिशत खर्च गरेका छन्। चालूतर्फ भने सबैभन्दा बढी कर्णाली प्रदेशले ७१.७ प्रतिशत र सबैभन्दा कम मधेश प्रदेशले ५०.७ प्रतिशत खर्च गरेको देखिन्छ।

- **कोशी** : पुँजीगततर्फ २१ अर्ब ५२ करोड ९० लाख विनियोजन, १८ अर्ब ११ करोड २५ लाख खर्च। त्यस्तै, चालूतर्फ १८ अर्ब ३९ करोड ८४ लाख विनियोजन, १२ अर्ब ६४ करोड ५२ लाख अर्थात् ६८.८ प्रतिशत खर्च।
- **मधेश** : पुँजीगततर्फ २५ अर्ब ९७ करोड ९० लाख विनियोजन, १६ अर्ब १९ करोड ९५ लाख खर्च। चालूतर्फ २१ अर्ब चार करोड ५९ लाख विनियोजन, १० अर्ब ६७ करोड तीन लाख मात्रै खर्च।
- **बागमती** : पुँजीगततर्फ ४१ अर्ब ५६ करोड २४ लाख विनियोजन, ६८.०३ प्रतिशत अर्थात् २८ अर्ब २७ करोड ९५ लाख खर्च। चालूतर्फ २७ अर्ब ३७ करोड ६८ लाख विनियोजन गरेकोमा ६५.७ प्रतिशत अर्थात् १७ अर्ब ९८ करोड २४ लाख खर्च।
- **गण्डकी** : पुँजीगततर्फ २२ अर्ब १४ करोड एक लाख विनियोजन, ६८.९ प्रतिशत अर्थात् १५ अर्ब २६ करोड १३ लाख खर्च। चालूतर्फ विनियोजित १३ अर्ब २६ करोड ८८ लाखको ६३ प्रतिशत अर्थात् आठ अर्ब ३५ करोड ३५ लाख खर्च।
- **लुम्बिनी** : पुँजीगततर्फ २४ अर्ब ५१ करोड ६८ लाख विनियोजन, १७ अर्ब ७३ करोड ६५ लाख रुपैयाँ अर्थात् ७२.३ प्रतिशत खर्च। चालूतर्फ १८ अर्ब २७ करोड २५ लाख विनियोजन गरेकोमा ६८.४ प्रतिशत अर्थात् १२ अर्ब ५० करोड ५७ लाख खर्च।
- **कर्णाली** : पुँजीगततर्फ विनियोजित १९ अर्ब ७३ करोड ८३ लाखको ६४.७ प्रतिशत अर्थात् १२ अर्ब ७७ करोड ६५ लाख खर्च। चालूतर्फ विनियोजित १३ अर्ब २३ करोड ३६ लाखको ७१.७ प्रतिशत अर्थात, ९ अर्ब ४९ करोड तीन लाख खर्च ।
- **सुदूरपश्चिम** : पुँजीगततर्फ २४ अर्ब १४ करोड ४७ लाख विनियोजन गरेकोमा १५ अर्ब ८१ करोड ४५ लाख अर्थात् ६५.५ प्रतिशत खर्च। चालूतर्फ १२ अर्ब ३८ करोड ९१ लाख विनियोजन गरेकोमा ६६.६ प्रतिशत अर्थात् ८ अर्ब २४ करोड ८५ लाख खर्च।

■ भिजिट भिसामा मानव तस्करी

२२ जनाविरुद्ध लिखत किर्ते तथा संगठित अपराध कसुरमा मुद्दा चलाइँदै

फर्जी कागजातका आधारमा नेपाली युवालाई विदेश पठाउने धन्दामा संलग्न हुनेविरुद्ध बिहीबार अदालतमा मुद्दा दर्ता हुने भएको छ। जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका अनुसार घटनामा संलग्नमध्ये २२ विरुद्ध जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता हुने भएको हो।

(विस्तृत पृष्ठ ३)

इमरानलाई चुनावबाट टाढा राख्ने सेनाको पुरानो रणनीति



सन् २०१८ जुलाईमा चुनाव हुनुभन्दा दुई हप्ताअघि नवाज सरिफलाई १० वर्षको जेल सजाय सुनाइएको थियो। त्यतिबेला सरिफ सेनाको तारो बनेका थिए भने इमरान प्यारो। अहिले पात्र र तिनको स्थान फेरिएको छ।

(विस्तृत पृष्ठ ५)

■ बंगलादेशले ४० मेगावाट विद्युत् किन्न नेपालसँग माग्यो प्रस्ताव

प्रतियुनिट ९.३३ देखि १०.६३ रुपैयाँको रेन्जमा विद्युत् बिक्री गर्ने तयारी, डलरमा पिपिए गरिने

बंगलादेशले ४० मेगावाट विद्युत् खरिद गर्न नेपालसँग प्रस्ताव (रिक्वेस्ट फर प्रपोजल) मागेको छ। बंगलादेशको पावर डेभलपमेन्ट बोर्डले नेपाल विद्युत् प्राधिकरणसँग यस्तो प्रस्ताव मागेको हो। यससँगै बंगलादेशले विद्युत् खरिद सम्झौता (पिएसए)का लागि महसुल दरलगायतका आर्थिक तथा प्राविधिक पक्ष खुलाएर प्रस्ताव पेस गर्न आह्वान गरेको हो।

(विस्तृत पृष्ठ ६)

■ यू-१९ विश्वकप सुपर सिक्स

बंगलादेशसँग नेपाल पाँच विकेटले पराजित



आइसिसी यू-१९ पुरुष एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत सुपर सिक्समा नेपाल बंगलादेशसँग पाँच विकेटले पराजित भएको छ। सुपर सिक्सको समूह १ मा रहेको नेपालले पहिलो ब्याटिङ गरेको थियो। बंगलादेशी बलरको घातक बलिङको सामना गर्न नसक्दा नेपाल १६९ रनको सामान्य योगफलमा समेटियो।

(विस्तृत पृष्ठ ८)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

हिउँदे अधिवेशनमा आउँदै छन् ६३ विधेयक



- **मानबहादुर अर्याल, सहसचिव कानुन मन्त्रालय**

विभिन्न मन्त्रालयबाट एक सय १७ विषयमा कानुन बनाउने तथा संशोधन गर्ने प्रस्ताव आएका थिए। त्यसमध्ये हिउँदे अधिवेशनको पहिलो प्राथमिकतामा ६३ वटा छन्। कानुन मन्त्रालयले दोस्रो प्राथमिकतामा ३९ र तेस्रो प्राथमिकतामा १५ वटा कानुनलाई राखेको छ।

कमलराज भट्ट/नयाँ पत्रिका

संघीय संसद्को हिउँदे अधिवेशनमा सरकारले पहिलो चरणमा ६३ विधेयक पेस गर्ने तयारी गरेको छ। कानुन मन्त्रालयका अनुसार १९ वटा मन्त्रालयका तर्फबाट अधिवेशनका लागि ६३ वटा विधेयक पहिलो प्राथमिकतामा राखिएको छ।

पहिलो प्राथमिकतामा राखिएको विधेयकको विवरण कानुन मन्त्रालयले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसमक्ष प्रस्तुत गरिसकेको छ। प्रधानमन्त्री प्रचण्डले प्राथमिकताक्रममा केही परिमार्जन गर्न निर्देशन दिएका छन्।

हिउँदे अधिवेशनका लागि कानुन मन्त्रालयले मन्त्रालयहरूसँग बनाउनुपर्ने कानुनहरूको

» पृष्ठ २ मा क्रमशः

कुन मन्त्रालयबाट कस्ता विधेयक ?

- **प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय** : राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी, सार्वजनिक खरिदसम्बन्धी, विकास आयोजनासम्बन्धी
- **अर्थ** : बैंक तथा वित्तीय संस्था ऐनसम्बन्धी, राष्ट्र बैंक ऐनसम्बन्धी, धितोपत्र बोर्ड ऐनसम्बन्धी
- **उद्योग, वाणिज्य तथा आपूर्ति** : बौद्धिक सम्पत्तिसम्बन्धी, खानी तथा खनिज पदार्थसम्बन्धी, घरेलु मदिरासम्बन्धी
- **ऊर्जा, सिँचाइ तथा जलस्रोत** : नवीकरणीय ऊर्जासम्बन्धी, जलस्रोतसम्बन्धी ऐन संशोधन
- **कानुन, न्याय तथा संसदीय मामिला** : कानुन व्यवसायी परिषद्सम्बन्धी, मेलमिलापसम्बन्धी, एकीकृत कानुन संहितासम्बन्धी, मुलुकी संहितासम्बन्धी, देवानी संहितासम्बन्धी संशोधन
- **कृषि तथा पशुपक्षी** : कृषिसम्बन्धी, संक्रामक पशु रोग नियन्त्रणसम्बन्धी, पशु कल्याणसम्बन्धी, पशु स्वास्थ्यसम्बन्धी, पशु प्रजननसम्बन्धी
- **गृह** : संघीय प्रहरी समायोजनसम्बन्धी, जग्गा प्राप्ति र निर्वाचन कानुनसम्बन्धी
- **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक** : बालबालिका ऐनसम्बन्धी, समाजकल्याण परिषद् ऐनसम्बन्धी र मानव बेचबिखनसम्बन्धी
- **सहरी विकास** : सहरी विकाससम्बन्धी, नगर विकास ऐन संशोधनसम्बन्धी
- **शिक्षा, विज्ञान तथा प्रविधि** : प्राविधिक व्यावसायिक शिक्षासम्बन्धी, तिलगंगा विश्वविद्यालयसम्बन्धी, राष्ट्रिय विधि विज्ञानसम्बन्धी, ख्वप विश्वविद्यालयसम्बन्धी, रासायनिक पदार्थको सुरक्षा प्रविधिसम्बन्धी
- **श्रम, रोजगार** : वैदेशिक रोजगार ऐन संशोधनसम्बन्धी, बालश्रम ऐन संशोधनसम्बन्धी
- **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन** : प्रतिलिपि अधिकारसम्बन्धी, प्राचीन स्मारक संरक्षण ऐन संशोधनसम्बन्धी, पर्यटनसम्बन्धी कानुनलाई संशोधन गर्न बनेको विधेयक
- **संघीय मामिला तथा सामान्य प्रशासन** : स्थानीय सरकार सञ्चालन ऐनसम्बन्धी र निजामती सेवा ऐनसम्बन्धी
- **स्वास्थ्य तथा जनसंख्या** : औषधिसम्बन्धी, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनसम्बन्धी
- **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण** : भूमिसम्बन्धी, सहकारीसम्बन्धी
- **भौतिक पूर्वाधार तथा यातायात** : सवारी यातायातसम्बन्धी, सार्वजनिक सडक सुरक्षासम्बन्धी
- **युवा तथा खेलकुद** : नेपाल स्काउटसम्बन्धी र खेलकुद विकास ऐनसम्बन्धी
- **रक्षा** : प्रतिरक्षा विश्वविद्यालयसम्बन्धी र राष्ट्रिय सुरक्षासम्बन्धी
- **वन तथा वातावरण** : वन ऐन संशोधनसम्बन्धी, राष्ट्रिय निकुञ्ज ऐन संशोधनसम्बन्धी, वनस्पति र वनस्पति स्रोत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

■ न्यायालयको गति

मुद्दा चलेको २८ वर्षपछि भ्रष्टाचार ठहर

३७ वर्षअघि खाद्यको चामलमा ३७ सय ३० रुपैयाँ हिनामिना गरेको मुद्दामा असुलउपर गर्न विशेषको फैसला, दोषी फरार

शिल्पा कर्ण/नयाँ पत्रिका

३७ वर्षअघि तत्कालीन खाद्य संस्थान रोल्पाको सुलीचौर डिपोमा चामल हिनामिना भएको घटनामा विशेष अदालतले मुद्दा चलेको २८ वर्षपछि फैसला दिएको छ। डिपो उपशाखा प्रमुख छविलाल केसी (दाडको गढवा गाविसका) र सोही डिपोमा क्लर्क पदमा कार्यरत प्रेमनाथ योगी (बैतडीको दशरथ चन्द गाविस- ३ का) विरुद्ध मुद्दा चलेकोमा केसीलाई दोषी ठहर गर्दै बिगोबमोजिम ३७ सय ३० रुपैयाँ जरिवाना र तीन महिना कैदको सजाय तोकिएको छ भने योगीलाई

» पृष्ठ २ मा क्रमशः



२३ वर्षदेखि बन्द हेटौँडा कपडा उद्योग सेनालाई दिने तयारी

एक अर्ब ९३ करोड सुरुवाती लगानी र वार्षिक ७८ करोड सञ्चालन खर्च आफैँ जुटाएर उद्योग सञ्चालन गर्न सेना इच्छुक

काठमाडौंमा **पवन तिमिल्सिना**
हेटौँडामा **पोष्टराज अधिकारी**

सरकारले २३ वर्ष (१ फागुन ०५७)देखि बन्द रहेको आफ्नो स्वामित्वको हेटौँडा कपडा उद्योग सेनालाई सञ्चालन गर्न दिने गृहकार्य अघि बढाएको छ। सेनाले कपडा उद्योग चलाउने प्रस्तावसहितको कार्ययोजना बुधबार दिउँसो प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सहितका उच्च अधिकारीलाई ब्रिफिङसमेत गरेको छ।

ब्रिफिङ सुनेपछि प्रधानमन्त्री प्रचण्ड सेनालाई कपडा उद्योग सञ्चालन गर्न दिनेबारे सकारात्मक देखिएका हुन्। पछिल्लो अध्ययनअनुसार एक अर्ब ९३ करोड सुरुवाती लगानी र वार्षिक ७८ करोड सञ्चालन खर्च

» पृष्ठ २ मा क्रमशः



हेटौँडा कपडा उद्योगका जीर्ण मेसिनरी तथा पार्टपुर्जा। उद्योगका सम्पूर्ण भवन र जग्गा निजी उद्योगलाई भाडामा दिइएको छ। तस्बिर : नयाँ पत्रिका

सेनाको ब्रिफिङपछि प्रधानमन्त्रीले भने-

मन्त्रिपरिषद्बाट ठोस निर्णय लिन्छौं



नेपाली सेनाले राम्रो अध्ययन गरेको छ। यसबारे राजनीतिक तहमा पनि एकचरण छलफल गर्छु। अध्ययनका निम्ति सरकारको तर्फबाट पनि सानो टिम बनाएर जान सकिन्छ। त्यसपछि मन्त्रिपरिषद् बैठकबाट ठोस निर्णय लिनेछौं । विगतमा सरकारी उद्योगहरू निजीकरण गरिए। त्यसको परिणाम राम्रो भएन, उद्योगहरू कौडीमा निजीकरण गरिए, देशमा औद्योगिक वातावरण कमजोर भयो। रोजगारी सिर्जना खुम्चिँदै गयो। त्यसले युवा पलायनको भयावह स्थिति बन्दै गयो। अब पनि हामीले पहल लिएनौं र औद्योगिक वातावरण बनाएनौं भने देशको समस्या सम्बोधन गर्न सक्दैनौं।

२३ वर्षदेखि...

पृष्ठ १ बाट क्रमशः

आफैं जुटाएर उद्योग सञ्चालन गर्न सेना इच्छुक छ। बैठकमा उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, अर्थमन्त्री डा. प्रकाशशरण महत, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ, मुख्यसचिव डा. वैकुण्ठ अर्याल, प्रधानसेनापति प्रभुराम शर्मा, नेपाल सरकारका सचिवहरू र नेपाली सेनाका उच्चपदस्थ अधिकारीहरू थिए।

बैठकमा प्रधानमन्त्री प्रचण्डले उद्योग पुनः सञ्चालनमा केन्द्रित भएर नेपाली सेनाले गरेको अध्ययन महत्त्वपूर्ण भएको र मन्त्रिपरिषद्बाट ठोस निर्णय लिने बताएका छन्। 'नेपाली सेनाले राम्रो अध्ययन गरेको छ। यसबारे राजनीतिक तहमा पनि एकचरण छलफल गर्छु। अध्ययनका निम्ति सरकारको तर्फबाट पनि सानो टिम बनाएर जान सकिन्छ। त्यसपछि मन्त्रिपरिषद् बैठकबाट ठोस निर्णय लिनेछौं,' प्रधानमन्त्रीलाई उद्धृत गर्दै उनको सचिवालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

बैठकमा प्रधानमन्त्रीले सरकारी स्वामित्वका उद्योगहरू निजीकरण गर्दै जाँदा स्वदेशी उत्पादकत्वमा ह्रास आउनुका साथै रोजगारीका अवसर घट्दै जान थालेको पनि बताएका थिए। 'विगतमा सरकारी उद्योगहरू निजीकरण गरिए। त्यसको परिणाम राम्रो भएन, उद्योगहरू कौडीमा निजीकरण गरिए, देशमा औद्योगिक वातावरण कमजोर भयो। रोजगारी सिर्जना खुम्चिँदै गयो। त्यसले युवा पलायनको भयावह स्थिति बन्दै गयो। अब पनि हामीले पहल लिएनौं र औद्योगिक वातावरण बनाएनौं भने देशको समस्या सम्बोधन गर्न सक्दैनौं,' उनले भनेका छन्। प्रधानमन्त्री कार्यालयमा प्रस्तुतीकरण गर्नुअघि सेनाले उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्कालाई गत आइतबार रक्षा मन्त्रालयमै ब्रिफिङ गरेको थियो।

प्रधानमन्त्री प्रचण्डले गत सोमबार वीरगन्जमा आयोजित प्रेस सेन्टरको बैठकलाई सम्बोधन गर्ने क्रममा बन्द भएका उद्योग सञ्चालन गर्नेबारे निर्णय भइसकेको जानकारी दिएका थिए। 'विराटनगर जुट मिल, हेटौंडा कपडा उद्योग, गोरखकाली रबर उद्योग, बुटवल धागोलाई चलाउने निर्णय भएको छ,' उनले भनेका थिए, 'कतिपयलाई निजी र सरकारी सहकार्य (पिपिपी) मोडलमा चलाउने र कतिपय नेपाली सेनालाई चलाउन दिनेबारे निर्णय गरिएको छ। मलाई विश्वास छ, हप्ता १० दिनभित्रै नतिजा आउनेछ।'

सरकारले चालू आर्थिक वर्ष ०८०/८१ को नीति कार्यक्रममा विगतमा सञ्चालन भएर वर्तमानमा बन्द अवस्थामा रहेका उद्योग पुनः सञ्चालन गर्न आवश्यक अध्ययन गर्ने उल्लेख गरेको थियो। त्यसपछि गत जेठमा सेनाका उपरथी भोलानाथ बुढाथोकीसहितको टोलीले उद्योगको अवस्था, भौतिक संरचना, यथास्थितिमा सञ्चालन हुन सक्ने-नसक्नेबारे जानकारी लिएको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका व्यवस्थापक भोजराज बिनाडीले जानकारी दिए। सरकारले सञ्चालन गर्ने भनेको कपडा उद्योग चलाउनेबारे सेनाको टोलीले पछिल्लो समय पटक-पटक निरीक्षणसहित अध्ययन गरेको उनले बताए।

उद्योग सञ्चालनबारे प्रधानमन्त्री कार्यालयमा के थियो सेनाको ब्रिफिङ ?

सेनाले विद्यमान केही संरचना र मेसिनहरू मर्मतसम्भार गरी उद्योग सञ्चालनमा ल्याउन सकिने भए पनि धेरै मेसिनरी नयाँ नै खरिद गर्नुपर्ने आवश्यकता औंल्याएको छ। उद्योगको स्वामित्वमा एक सय ६६ रोपनी जग्गा उपलब्ध रहेको, उद्योगका लागि आवश्यक न्यूनतम पूर्वाधार विद्यमान रहेको र उद्योग सञ्चालनका लागि अधिकांश कच्चा पदार्थ देशभित्र नै उपलब्ध रहेको सेनाको बुझाइ छ। 'नेपाली सेनाको सैनिक कल्याणकारी कोषमा बजेट पर्याप्त रहेको' भन्दै उद्योग चलाउन आवश्यक पुँजी सरकारले दिन नपर्ने र सैनिक कल्याणकारी कोषबाटै खर्चने सेनाले स्पष्ट पनि पारेको छ।

उद्योगबाट उत्पादित कपडा सुरक्षा निकाय र निजामती कर्मचारीलाई प्रयोगका लागि बाध्यकारी बनाउन सके बजारको कुनै समस्यासमेत नपर्ने सेनाले जनाएको छ। उद्योग पुनः सञ्चालनको अनुमति दिए विगतको औद्योगिक साख फर्काउन सक्ने उसको दाबी छ। मुलुकको औद्योगिक क्षेत्रको विकास र कुल गार्हस्थ्य उत्पादनमा महत्त्वपूर्ण योगदान पुग्ने, विश्वबजारमा औद्योगिक सन्देश जाने, आयात प्रतिस्थापन र आत्मनिर्भरतामा अभिवृद्धि हुने तथा रोजगारी सिर्जनामा महत्त्वपूर्ण योगदान हुने भएकाले युवा पलायन रोक्न सकिने निष्कर्ष सेनाले सुनाएको छ।

सेनाले तीनवर्षे कार्ययोजना बनाएर उद्योग सञ्चालन गर्ने पनि उल्लेख गरेको छ। तीन वर्षमा करिब २६ लाख मिटर कडा उत्पादन गर्न सकिने आकलन गरेको छ। चालू आर्थिक वर्ष ०८०/८१ मै सरकारले नीतिगत निर्णय गरी उद्योगको स्वामित्व सेनालाई हस्तान्तरण गरिदिए डिपिआर निर्माण, नयाँ मेसिनरीको छनोट तथा खरिद प्रक्रिया यही वर्षबाट सुरु गरिने उल्लेख छ। त्यस्तै, ०८१/८२ मा पूर्वाधार निर्माण, मेसिन र उपकरण खरिदको काम सम्पन्न गरी परीक्षण उत्पादन सुरु गर्ने प्रस्तावित मोडालिटी छ भने ०८२/८३ मा मेसिनहरू थप गर्ने, उद्योगको क्षमता विस्तार गर्ने र नियमित उत्पादन सुरु गर्ने प्रस्ताव गरिएको छ। उद्योग पुनः सञ्चालन गर्दा नौ वर्षपछि लागत प्रतिस्थापन गरी उद्योग नाफामा जाने सैनिक कार्यदलको निष्कर्ष छ।

हेटौंडा कपडा उद्योगका भवनहरू निजी उद्योगलाई भाडामा

हेटौंडा कपडा उद्योगका अधिकांश भवन अहिले भाडामा लगाइएको छ। औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको २७ असार ०७२ मा बसेको बैठकले उद्योगको खाली रहेका जग्गा तथा भवन भाडामा दिन स्वीकृति दिएको थियो। त्यसपछि ४८.२६ रोपनी जग्गा र यो जग्गामा रहेका आठ भवन विभिन्न आठ निजी उद्योगलाई भाडामा लगाएको छ।

यसरी स्वीकृति लिनुअघि १८ भदौ ०७१ मै उद्योगले २.७१ रोपनी जग्गामा निर्मित भवन एपेक्स इन्डस्ट्रिजलाई भाडामा दिइसकेको थियो। त्यस्तै, मकवानपुर वेभरेज प्राली, मदरल्यान्ड एग्रिकल्चर इन्डस्ट्रिज प्राली, गढीमाई हाइड्रोमेकानिकल इन्डस्ट्रिज, सहयात्री जिप उद्योग, नाथ फुड्स इन्डस्ट्रिज प्राली, लक्ष्मी पेन्ट्स र कुलायन होम एप्लायन्स प्राली भाडामा दिइएको छ।

उद्योगको सबै जग्गा १५ निजी उद्योगलाई भाडामा

उद्योगको आवासतर्फको करिब आठ रोपनी जग्गामा सशस्त्र प्रहरी बलको औद्योगिक सुरक्षा गुल्म बसेको छ। औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको १४ मंसिर ०७२ को बैठकले उद्योगलाई जग्गा भाडामा दिन स्वीकृति दिएको थियो। त्यसपछि २४३.७१ रोपनी जग्गा विभिन्न १५ उद्योगलाई भाडामा दिइएको छ। यी उद्योगले टहरा र पक्की भवन बनाएर औद्योगिक उत्पादन गरिरहेका छन्।

हाइड्रो मेकानिकल बक्स प्रालिलाई ६.९५ रोपनी, मकवानपुर खाद्य उद्योगलाई ३.०२ रोपनी, नेसनल स्ट्रक्चर इन्जिनियरिङ प्रालिलाई ८.७४ रोपनी, फ्याबुलोस म्यानुफ्याक्चरिङ प्रालिलाई ८.२३ रोपनी, टिएसएन प्लास्टकेयरलाई ४.९८ रोपनी र सी एभरेस्ट एन्ड काइपु नेपाल प्रालिलाई ३२.०२ रोपनी जग्गा भाडामा दिइएको छ।

त्यस्तै, सनराइज कन्टेनर्स प्रालिलाई १०.०३ रोपनी, थ्री स्टार ग्रुपलाई ५.४६ रोपनी, बिवाइएस हेटौंडा प्रालिलाई ६ रोपनी, हेटौंडा रबर उद्योगलाई पाँच रोपनी, अविनाश एस प्रालिलाई ९.७५ रोपनी, साउन एसियन ब्रुअरी प्रालिलाई १०५.३६ रोपनी, सफ्टी हाइजिन प्रालिलाई १२.८८ रोपनी र युनिक प्लास्टिक उद्योगलाई ५.३३ रोपनी जग्गा भाडामा लगाइएको छ।

खारेजी र सञ्चालनको नियमित शृंखला

०३२ मा चीन सरकारको सहयोगमा स्थापना भएको हेटौंडा सिमेन्ट उद्योगले आर्थिक वर्ष ०३५/३६ देखि व्यावसायिक उत्पादन थालेको थियो। सुरुकै वर्षबाट नाफामा सञ्चालन भएको उद्योग राजनीतिक स्वार्थ हाबी हुन थालेपछि थलिँदै गएर १ फागुन ०५७ मा उत्पादन गर्न छाडेको थियो। त्यसयताका अधिकांश सरकारले हेटौंडा कपडा उद्योगलाई पुनः सञ्चालन गर्नेबारे विभिन्न मोडलमा छलफल अघि बढाए पनि सार्थकता पाउन सकेको छैन।

पछिल्लो समय मुलुकभित्रकै धागो व्यापारीले समेत हेटौंडा कपडा उद्योग हत्याउने योजना बुन्दै आएका छन्। त्यसैले उद्योगीको स्वार्थअनुसार उद्योग सञ्चालन गर्ने निर्णय गरे पनि कसैले चलाउने हिम्मत भने गरेका छैनन्। उद्योगलाई २५ असोज ०५८ मा निजीकरण गर्ने निर्णय भए पनि कुनै उद्योगीले रुचाएका थिएनन्। त्यसपछि ८ पुस ०५९ मा खारेजी गर्ने निर्णय लिइएको थियो।

०६५/६६ मा तत्कालीन प्रचण्ड नेतृत्वको सरकारमा अर्थमन्त्री रहेका डा. बाबुराम भट्टराईले १८ मंसिर ०६५ मा उद्योग पुनः सञ्चालन गर्ने निर्णय गराएका थिए। सोही वर्ष मेसिनरी मर्मत गरी परीक्षण उत्पादनसमेत गरिएको थियो। तर, भरपर्दो उत्पादनको आधार नदेखिएपछि सरकारले करिब एक वर्षपछि ६ कात्तिक ०६६ मा बन्द गर्ने निर्णय लिएको थियो।

सरकारले अन्तिमपटक १२ माघ ०६९ मा उद्योगको जमिन, भवन र मिल मेसिनरीसमेतको मूल्यांकन गरी लिलामी गर्ने र त्यसबाट प्राप्त रकम सेयर लगानीको रूपमा राख्ने गरी औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई हस्तान्तरण गर्ने निर्णय गरे पनि कार्यान्वयन भएको छैन।

मुद्दा चलेको...

पृष्ठ १ बाट क्रमशः

सफाइ दिएको छ। योगीको २२ भदौ ०६४ मै मृत्यु भइसकेको छ भने केसी फरार छन्। विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू तेजनारायणसिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले फैसला दिएको हो। ०४३ मा भएको उक्त हिनामिनाविरुद्ध ०५२ मा जिल्ला अदालत रोल्पामा मुद्दा दर्ता भएको थियो। जिल्ला प्रशासन कार्यालय रोल्पाबाट दायर उक्त अभियोगपत्रमाथि टेकेर गत ५ वैशाखमा विशेषमा दर्ता भएको मुद्दामा मंगलबार फैसला भएको हो।

१ माघ ०४३ मा खाद्य संस्थान शाखाले ६.५० क्विन्टल उसिना मोटो चामल खुद्रा बिक्री भएको भन्दै बिल बनाएको भेटिएको थियो। प्रतिक्विन्टल पाँच सय ७० रुपैयाँका दरले बिक्री गरेको चामलको साथै त्यो चामल भरिएको पाँचवटा बोराहरूको थप २५ रुपैयाँका दरलेसमेत गरी कुल ३७ सय ३० रुपैयाँ भ्रष्टाचार गरेको अभियोग केसी र योगीमाथि थियो। दुवैलाई प्रतिवादी बनाई 'खाद्य चामलको रकम हिनामिना गरी भ्रष्टाचार गरे' भन्ने मुद्दा दर्ता भएको थियो। त्यति वेला विशेष अदालत गठन नै भएको थिएन। ०४७ को संविधानले खास प्रकृतिका मुद्दाहरूको कारबाही किनारा गर्न विशिष्टीकृत अदालत स्थापना गर्न सकिने व्यवस्था गरेपछि ६ भदौ ०५९ मा मात्रै विशेष अदालत स्थापना भएको हो। त्यसअघि भ्रष्टाचार निवारण ऐन, २०१७ लागू थियो। उक्त ऐनको परिच्छेद २ को दफा १३ बमोजिम जिल्ला प्रशासनले जिल्ला अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो। उक्त दफामा राष्ट्रिय वा सार्वजनिक वा आफ्नो जिम्मा रहेको सम्पत्तिको हिनामिना, हानी-नोक्सानी वा दुरुपयोग गर्ने वा मास्नेलाई दण्ड सजाय हुने उल्लेख छ।

विशेष अदालतमा उपलब्ध अभिलेखअनुसार नेपाल खाद्य संस्थान रोल्पाले २७ साउन ०५० मा पठाएको पत्रअनुसार शेखर पौडेलको जाहेरीले उक्त मुद्दा जिल्ला प्रशासनद्वारा २६ साउन ०५२ मा जिल्ला अदालतमा दर्ता भएको थियो। चामल बिक्री गरेको बिलमा क्लर्क पदमा कार्यरत योगीको दस्तखत भए पनि उनी घरायसी कामले बाहिर जानुपर्ने भन्दै उक्त रकम डिपो प्रमुख केसीलाई दिएको बताएका थिए। १३ जेठ ०४४ मा उक्त रकम लिवाङस्थित बैंकमा जम्मा गर्न दिएको, तर केसीले योगीको समेत हस्ताक्षर गरेर हिनामिना गरेको भन्दै डिपोका शेखर पौडेलले जाहेरी दिएका थिए। केसीबाट उक्त रकम असुल गर्न भनी योगीले समेत निवेदन दिएका थिए।

त्यस वेला यस्तै कसुरमा खाद्यान्न ठगीमा मुद्दा चलाइने गरेकोमा यो घटनामा भने जिल्ला सरकारी वकिलको कार्यालयले भ्रष्टाचार निवारण ऐनअनुसार मुद्दा चलाउने राय प्रहरीलाई दिएको मिसिलका पत्रहरूबाट थाहा हुन्छ। उनीहरू अदालतमा हाजिर नभएको र जिल्ला अदालतबाट वारेन्टसमेत जारी भएको थियो। यो मुद्दा ६ असोज ०५३ मा मुल्तबीमा गएको देखिन्छ। यो मुद्दाबारे जानकारी भएपछि जिल्ला अदालत रोल्पाले ११ माघ ०७९ मा मुल्तबीबाट जगायो र सोही वर्ष १८ फागुनमा आफ्नो क्षेत्राधिकार नपर्ने भन्दै विशेषमा पठाउने आदेश गऱ्यो।

'विशेष अदालत गठन भएपछि विशेषको क्षेत्राधिकारभित्र पर्ने सबै मुद्दा विशेषमा आए। योचाहिँ आएको रहेनछ। जानकारी भएपछि यहाँ पठाइयो। मुल्तवी जगाउने आदेश भएर विशेषमा दर्ता भएको हो,' विशेषका प्रवक्ता उपरजिस्ट्रार धनबहादुर कार्कीले भने।

हिउँदे...

पृष्ठ १ बाट क्रमशः

अवधारणापत्र माग गरेको थियो। मन्त्रालयबाट कुल एक सय १७ विषयमा कानुन बनाउने तथा संशोधन गर्ने प्रस्ताव आएकोमा हिउँदे अधिवेशनको पहिलो प्राथमिकतामा ६३ वटा राखिएको हो।

प्रधानमन्त्रीको निर्देशनपछि पहिलो प्राथमिकतामा फेरबदलका लागि कानुन मन्त्रालयले गृहकार्य थालेको छ। 'यसमा हामी परिमार्जन गर्दै छौं,' कानुन मन्त्रालयका सहसचिव मानबहादुर अर्यालले भने। उनका अनुसार पहिलो प्राथमिकतामा रहेर २३ देखि २५ वटा नयाँ कानुनको मस्यौदा संसद्मा पेस गरिनेछ। बाँकी ऐन संशोधनको रूपमा विधेयक आउनेछन्। मन्त्रालयले दोस्रो प्राथमिकतामा ३९ र तेस्रो प्राथमिकतामा १५ वटा कानुनलाई राखेको छ। मन्त्रालयले माघ मसान्त, फागुन १५ र फागुन मसान्तसम्म सदनमा पेस गर्ने गरी तीनवटा प्राथमिकताक्रम निर्धारण गरेको छ। 'कानुनको मस्यौदा निर्माणको प्राथमिकतालाई हामीले माघ मसान्त, फागुन १५ र फागुन मसान्तसम्म गरी तीनवटा समयमा वर्गीकरण गरेका छौं। यसअनुसार सम्बन्धित मन्त्रालयसँग मिहिन ढंगले छलफल गरेर कुन समयमा कुन विधेयक ल्याउने भनेर टुंग्याउँदै छौं,' कानुनमन्त्री धनराज गुरुङ भन्छन्।

प्रदेशको...

पृष्ठ १ बाट क्रमशः

रुपैयाँबराबरको बजेट ल्याएका थिए। जसमध्ये करिब ६६.६ प्रतिशत अर्थात् दुई खर्ब चार अर्ब सात करोड ८६ लाख खर्च गरेका छन्। पुँजीगततर्फको एक खर्ब ७९ अर्ब ६१ करोड तीन लाख रुपैयाँ बजेटमध्ये एक खर्ब २४ अर्ब १८ करोड तीन लाख अर्थात् ६९.१४ प्रतिशत खर्च भएको देखिन्छ। त्यस्तै, चालूतर्फको एक खर्ब २३ अर्ब ९८ करोड ५१ लाख रुपैयाँ बजेटमध्ये ७९ अर्ब ८९ करोड ७७ लाख अर्थात् ६४ प्रतिशत खर्च भएको छ।

महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनअनुसार प्रदेशहरूले पुँजीगततर्फको बजेटको ठूलो हिस्सा अर्थात् ९४ अर्ब २६ करोड ४१ लाख रुपैयाँ सडक, पुल, सिँचाइ, खानेपानी, सरसफाइ, विद्युत्लगायत पूर्वाधार निर्माणमा खर्च गरेका छन्। सडक तथा पुल निर्माणमा ४५ अर्ब ४० करोड ५८ लाख, खानेपानी संरचनामा १४ अर्ब ५८ करोड ६५ लाख र सिँचाइ संरचना निर्माणमा १२ अर्ब ३५ करोड ३१ लाख खर्च भएको छ। त्यस्तै, तटबन्ध तथा बाँध निर्माणमा ६ अर्ब ७२ करोड ९० लाख, सरसफाइ संरचनामा २४ करोड ४२ लाख र विद्युत् संरचना निर्माणमा ३१ करोड ७६ लाख खर्च भएको छ। प्रदेशहरूले अन्य सार्वजनिक निर्माणमा १७ अर्ब ६२ करोड ७८ लाख खर्च गरेका छन्। त्यस्तै, अन्य टुक्रे विकास निर्माणमा ५२ करोड ५९ लाख खर्च गरेका छन्।

तलब र भत्तामा १४ अर्ब खर्च

प्रदेशले गत आर्थिक वर्षमा कर्मचारी तथा पदाधिकारीको तलब तथा भत्तामा झन्डै १४ अर्ब रुपैयाँ खर्च गरेका छन्। यो कुल खर्चको ६.९ प्रतिशत हाराहारी हुन आउँछ। जसमा सबैभन्दा बढी कर्मचारीको तलबमा १० अर्ब ९० करोड खर्च भएको छ। त्यस्तै, पदाधिकारीको तलबमा ५९ करोड ४८ लाख खर्च भएको छ। कर्मचारीको बैठक भत्तामा ११ करोड ८२ लाख, पदाधिकारीको बैठक भत्तामा चार करोड २४ लाख, पदाधिकारीको अन्य सुविधाबापत २४ करोड १६ लाख र पदाधिकारीको अन्य भत्तामा चार करोड सात लाख खर्च भएको छ। अन्य सुविधा करिब २ अर्ब खर्च भएको छ।

इन्धन, सवारी खरिद र मर्मतमा पौने दुई अर्ब खर्च

प्रदेशले आफ्ना सवारीसाधन खरिद, मर्मत, भाडा तथा इन्धनका लागि एक वर्षमा पौने दुई अर्ब रुपैयाँ खर्चिएका छन्। सातै प्रदेशका पदाधिकारी तथा कर्मचारी र कार्यालय प्रयोजनका लागि सवारीसाधन खरिद एवं सञ्चालनमा एक अर्ब ७४ करोड ७२ लाख रुपैयाँ खर्च भएको हो। यसमध्ये सवारीसाधन खरिदमा २४ करोड ८५ लाख, सवारीसाधन तथा मेसिनरी सामान भाडाका लागि २३ करोड २४ लाख, सवारीसाधन मर्मतमा ५४ करोड ६ लाख, पदाधिकारीको इन्धनका लागि आठ करोड ५७ लाख र कार्यालयको इन्धनका लागि ६४ करोड रुपैयाँ खर्च भएको हो।

पानी, बिजुली, फर्निचरदेखि घरभाडासम्ममा पनि मनग्य खर्च

प्रदेशले कार्यालयका लागि आवश्यक सामग्री खरिद तथा सञ्चालनमा पनि मनग्य नै खर्च गरेका छन्। पानी तथा बिजुलीमा ५३ करोड ५७ लाख, फर्निचर तथा फिक्चर्स खरिदमा ४३ करोड ६६ लाख, घरभाडाका लागि ३९ करोड ४४ लाख, सञ्चार महसुलमा १९ करोड ४५ लाख र पुस्तक तथा सामग्रीमा १६ करोड ६१ लाख खर्च गरेका छन्।

जिरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जिरी, दोलखा

शिलबन्दी दरभाउपत्र आह्वान सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति : २०८०/१०/१८

यस कार्यालयको तपशिलमा उल्लेखित निर्माण कार्यको लागि शिलबन्दी दरभाउपत्र आह्वान गर्नु पर्ने भएकोले सूचना प्रकाशित भएको मितिले १६औं दिन २०८०/११/०४ गतेको १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यलयको वेबसाईट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्नु सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

S. N.	Contract No.	Description of work	Estimate amount Without vat & Continigency	Bid Security	Cost of Bidding Document	Last Date and time for Bid Submission
1	JIRI,MUN. WORKS.SQ. 04-2080/81	Construction of Jiri Municipality Canteen at Jiri ,Municipality	1292714.73	37500.00	10000.00	2080-11-04 12:00 P.M

शुभ कलश बचत तथा ऋण सहकारी संस्था लि.
बालाजु, का.म.पा.- १६, काठमाडौं

ऋण कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

यस संस्थाको ऋण नीति बमोजिम तपसिलमा उल्लेखित ऋणी सदस्यले उपभोग गरेको ऋण, संस्थासंग ऋण लिने समयमा गरेको लिखित सम्झौता भंग गरी संस्थालाई बुझाउनु पर्ने साँवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउन नआई आलटाल एवं बेवास्ता गरेको र तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक रुपमा तारताकेता गर्दा समेत बेवास्ता गरी अटेर गर्नु भएकोले सहकारी नियमावली २०७५ को नियम ३० (क) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र संस्थाको कार्यालयमा सम्पर्क गरी संस्थालाई बुझाउनु पर्ने साँवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउन हुन सूचित गरिन्छ। अन्यथा सहकारी ऐन, नियम तथा प्रचलित कानून बमोजिम आवश्यक प्रकृया अघि बढाइने जानकारी यसै सूचना मार्फत गराइन्छ।

तपसिल

क्र.सं.	ऋणीको बिबरण	जमानतकर्ताको विवरण	
१	ऋणीको नाम: राम कृष्ण बलामी बाबुको नाम: दुर्गा बहादुर बलामी बाजेको नाम: सन्तविर बलामी स्थायी ठेगाना: ओखरपौवा-७, नुवाकोट ना.प्र.प.नं.: ६९९६८ (२०५७/११/२९) जारी जिल्ला: नुवाकोट ऋणको शिर्षक: व्यापारीक, ओ.डी	नाम: भगवती बलामी बाबुको नाम: हिम ब. बलामी बाजेको नाम: स्थायी ठेगाना: जितपुर-८, नुवाकोट हालको ठेगाना: ओखरपौवा ७, नुवाकोट ना.प्र.प.नं.:२५३०६०/११४३ (२०६३/१०/१२) जारी जिल्ला: नुवाकोट	नाम: गोविन्द बलामी बाबुको नाम: बाजेको नाम: स्थायी ठेगाना: सिस्तार ओखरपौवा, नुवाकोट हालको ठेगाना: ना.प्र.प.नं.: जारी जिल्ला:
२	ऋणीको नाम: जनक लाल बलामी बाबुको नाम: हेम बहादुर बलामी बाजेको नाम: सुक नारायण बलामी स्थायी ठेगाना: ओखरपौवा- ७, नुवाकोट ना.प्र.प.नं.: ६४१७३ (२०५६/११/०८) जारी जिल्ला: नुवाकोट ऋणको शिर्षक: ओ.डी	नाम: कान्छी बलामी बाबुको नाम: जित ब. बलामी बाजेको नाम: स्थायी ठेगाना: ओखरपौवा- ८, नुवाकोट हालको ठेगाना: ओखरपौवा- ७, नुवाकोट ना.प्र.प.नं.:२५३०६०/१८८९ (२०६३/१०/२२) जारी जिल्ला: नुवाकोट	
३	ऋणीको नाम: चक्र बहादुर पुतुवार बाबुको नाम: बिरा पुतुवार बाजेको नाम: नर सिं पुतुवार स्थायी ठेगाना: ओखरपौवा(१, नुवाकोट ना.प्र.प.नं.: ५२९७८ (२०५४/०९/१६) जारी जिल्ला: नुवाकोट ऋणको शिर्षक: ओ.डी	नाम: रन्जना पुतुवार बाबुको नाम: शिव कुमार राई बाजेको नाम: स्थायी ठेगाना: ओखरपौवा-१, नुवाकोट हालको ठेगाना: ना.प्र.प.नं.: १५ (२०६०/१२/३०) जारी जिल्ला: नुवाकोट	
४	ऋणीको नाम: राम चन्द्र पुतुवार बाबुको नाम: बिरा पुतुवार बाजेको नाम: नर सिं पुतुवार स्थायी ठेगाना: ओखरपौवा(१, नुवाकोट ना.प्र.प.नं.: ९२५२८/९७४ (२०६०/१२/२९) जारी जिल्ला: नुवाकोट ऋणको शिर्षक: ओ.डी	नाम: चक्र बहादुर पुतुवार बाबुको नाम: बिरा पुतुवार बाजेको नाम: नर सिं पुतुवार स्थायी ठेगाना: ओखरपौवा-१, नुवाकोट हालको ठेगाना: ऐ ना.प्र.प.नं.: ५२९७८ (२०५४/०९/१६) जारी जिल्ला: नुवाकोट	नाम: मैना राई बाबुको नाम: चन्द्र बहादुर राई बाजेको नाम: स्थायी ठेगाना: - अनारमनी-१, झापा हालको ठेगाना: ओखरपौवा- १, नुवाकोट ना.प्र.प.नं.: ०४३०१२/७६ (२०६४/०७/१२) जारी जिल्ला: झापा
५	ऋणीको नाम: काले लामा बाबुको नाम: साईला लामा बाजेको नाम: सन्तराम लामा स्थायी ठेगाना: ओखरपौवा- २, नुवाकोट ना.प्र.प.नं.: ५४४४०(५२६) (२०५४/११/११) जारी जिल्ला: नुवाकोट ऋणको शिर्षक: ओ.डी	नाम: पञ्चिमाया लामा बाबुको नाम: ईन्द्र बहादुर तामाङ बाजेको नाम: स्थायी ठेगाना: ओखरपौवा- २, नुवाकोट हालको ठेगाना: ना.प्र.प.नं.: २५३०६०/१८० (२०६३/१०/०५) जारी जिल्ला: नुवाकोट	नाम: रिकेन तामाङ बाबुको नाम: सेते तामाङ बाजेको नाम: कालु तामाङ स्थायी ठेगाना: काठमाण्डौ, जितपुर-७ हालको ठेगाना: ना.प्र.प.नं.: २७१०३४/४२४९२ (२०६६/०४/०५) जारी जिल्ला: काठमाण्डौ
६	ऋणीको नाम: कृष्ण माया तामाङ बाबुको नाम: टेक बहादुर तामाङ बाजेको नाम: पूर्ण बहादुर तामाङ स्थायी ठेगाना: ककनी-६, नुवाकोट ना.प्र.प.नं.: २५१०५९/५८९ (२०६७/०९/१४) जारी जिल्ला: नुवाकोट ऋणको शिर्षक: ब्यापारीक	नाम: टेक बहादुर तामाङ बाबुको नाम: पूर्ण बहादुर तामाङ बाजेको नाम: स्थायी ठेगाना: ककनी-६, नुवाकोट हालको ठेगाना: ना.प्र.प.नं.: जारी जिल्ला:	
७	ऋणीको नाम: राम बहादुर लामा बाबुको नाम: सुक्र बहादुर लामा बाजेको नाम: प्रताप सिं लामा स्थायी ठेगाना: ओखरपौवा-३, नुवाकोट ना.प्र.प.नं.: १३४३ (२०४६/०२/०७) जारी जिल्ला: नुवाकोट ऋणको शिर्षक: हार्यरपर्चेज	नाम: रमा देवी थिङ लामा बाबुको नाम: प्रेम ब. तामाङ बाजेको नाम: स्थायी ठेगाना: ओखरपौवा- ३, नुवाकोट हालको ठेगाना: ना.प्र.प.नं.: २५३०६०/३०३ (२०६३/१०/०७) जारी जिल्ला: नुवाकोट	नाम: रबिन्द्र तामाङ बाबुको नाम: बाजेको नाम: स्थायी ठेगाना: ककनी-६, नुवाकोट हालको ठेगाना: ना.प्र.प.नं.: जारी जिल्ला:

मोटरसाइकल हरायो

मिति २०८०/९/२६ गते अन्दाजी १२:४५ बजेको समयमा काठमाडौं जिल्ला मनमोजुमा पार्किङ गरीराखेको मेरो निम्न व्यहोरा भएको खैरो रंगको **200NS** पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : प्रविन तामाङ
मो.सा.नं.: बा प्र. ०२-०४०-प ०५५२
चेसिस नं. : MD2A36FX4MCH97809
इन्जिन नं. : JLXCMH93792
सम्पर्क न.:9803294469, 9822958194

सिउरी न्यादी पावर लिमिटेड
केन्द्रिय कार्यालय, काठमाण्डौ। फोन नं. ०१-५९१७१०६, ५९१७१०७

बार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री शेयरधनी महानुभावहरु,

मिति २०८०/१०/११ मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम सिउरी न्यादी पावर लिमिटेड कम्पनीको छैटौं तथा सातौं बार्षिक साधारण सभा निम्न बमोजिम बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनीहरुका समुपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, स्थान र समय :

स्थान : लिसारा पार्टी प्यालेस, नक्साल, काठमाडौं।
मिति : २०८०।११।०९ गते बुधबार (तदनुसार फेब्रुअरी २१, २०२४)
समय : बिहान १०:०० बजे।

साधारण सभामा छलफलका लागि पेश गरिने प्रस्तावहरु

(क) सामान्य प्रस्तावहरु :

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७८/०७९ र २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
(२) संचालक समितिको सिफारिसमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट आ.व.२०७९/०८० को लागि लेखापरीक्षण कार्य गर्न नियुक्त लेखापरीक्षक श्री ज्ञवाली एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेण्ट्सको नियुक्ति तथा निजलाई पारिश्रमिक वापत प्रदान गरिएको रु.२५०,०

■ भिजिट भिसामा मानव तस्करी

२२ जनाविरुद्ध लिखत किर्ते तथा संगठित अपराध कसुरमा मुद्दा चलाइँदै



■ **सीताराम अर्याल**, प्रवक्ता, जिल्ला सरकारी वकिल कार्यालय काठमाडौं

फर्जी कागजातमा नेपाली युवालाई भिजिट भिसामा विदेश पठाउने धन्दा संगठित तवरले भएको देखिन्छ। यसमा सरकारी कर्मचारीसहित २२ जना संलग्न रहेको देखिन्छ। उनीहरूविरुद्ध लिखत किर्ते र संगठित अपराधअन्तर्गतको कसुरमा बिहीबार अदालतमा मुद्दा दर्ता गर्ने तयारी छ।

टेकराज थामी/नयाँ पत्रिका

फर्जी कागजातका आधारमा नेपाली युवालाई विदेश पठाउने धन्दामा संलग्न हुनेविरुद्ध बिहीबार अदालतमा मुद्दा दर्ता हुने भएको छ। जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका अनुसार घटनामा संलग्नमध्ये २२ जनाविरुद्ध जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता हुने भएको हो। जसमध्ये १२ जना सरकारी कर्मचारी छन्। १० जना त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयका अधिकृत र दुईजना नेपाल वायुसेवा निगमका अधिकृत र सुब्बा हुन्। उनीहरूविरुद्ध लिखत किर्ते र संगठित अपराधअन्तर्गतको कसुर लगाइएको छ।

सरकारी वकिल कार्यालय काठमाडौंका प्रवक्ता सीताराम अर्यालले फर्जी कागजातका आधारमा नेपाली युवालाई विदेश पठाउने धन्दामा संलग्न २२ प्रतिवादीविरुद्धको मुद्दा बिहीबार काठमाडौं जिल्ला अदालतमा पेस हुने जानकारी दिए। 'फर्जी कागजातमा नेपाली युवालाई भिजिट भिसामा विदेश पठाउने धन्दा संगठित तवरले भएको देखिन्छ। यसमा सरकारी कर्मचारीसहित २२ जना संलग्न रहेको देखिन्छ। उनीहरूविरुद्ध लिखत किर्ते र संगठित अपराधअन्तर्गतको कसुरमा बिहीबार अदालतमा मुद्दा दर्ता गर्ने तयारी छ,' उनले भने।

भिजिट भिसामा मान्छे विदेश पठाउने धन्दामा संलग्न भएका १२ सरकारी कर्मचारीमध्ये अध्यागमनका नरवीर खड्का, वायुसेवा निगमका अधिकृत होमनाथ पोखरेल र सुब्बा अरवीन्द्र यादव पक्राउ परेका छन्। ताराबहादुर कुँवर, कुशल बराल, शैलेन्द्र ढकाल, विमल पौडेल, विष्णु अर्याल, विकास डंगोल, पीताम्बर रिमाल, ताराबहादुर कुँवर र सुजन फागो फरार छन्। उनीहरू सबै अध्यागमनका अधिकृत हुन्। उनीहरूविरुद्ध काठमाडौं जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरिसकेको छ।

प्रहरीले मानव तस्करीमा संलग्न रहेको भन्दै ३० जनालाई पक्राउ गरेका थियो। पक्राउ पर्नेमा मनुराज चौधरी, रामप्रसाद भण्डारी, दिनेश ज्ञवाली, सरोजकुमार यादव, देवराज खनाल, गणेश पाण्डे, सञ्जय तामाङ, राजकिशोर शाह, रविन अर्याल, साइरस बिशंखे, अजित फेवानी, विपीन ढकाल, जयराम श्रेष्ठ, रमेश भनिने भक्तबहादुर थापा, दीपक केसी, बलबहादुर रावत, भक्त विष्ट, अनिश अमात्य, सागर चापागाईं, पशुपति मैनाली, गोपाल रिजाल, आशिष श्रेष्ठ, जीवन तामाङ, नारायणमान गुरुङ, मनीष खड्का, ज्ञानेन्द्र खड्का, गीता शाह, अरुण दहाल, नवीन अर्याल छन्। जसमध्ये आठजना धरौटीमा छुटेका छन्।

नरवीरको बयान झुटो रहेको पोलिग्राफबाट प्रमाणित



फर्जी कागजातका आधारमा नेपाली युवालाई विदेश पठाउन सघाउने अध्यागमन कार्यालयका अधिकृत नरवीर खड्का दुई लाख रुपैयाँ घुससहित रंगेहात पक्राउ परेपछि प्रहरीले उनीसँग बयान लियो। बयानमा उनले बिचौलियाबाट असुल गरेको रकम अध्यागमनका सबै अधिकृतलाई भाग लगाएर उपलब्ध गराउने गरेको बताए। विमानस्थलमा कार्यरत प्रत्येक अधिकृतलाई उनले मात्रै प्रतिमहिना ५० हजार रुपैयाँका दरले घुस उपलब्ध गराउने उनको बयानले अध्यागमनमा तरंग ल्यायो। पक्राउ पर्ने डरले नौ अधिकृत फरार भए। बाँकी अधिकृत भने बाँकी बयान प्रभावित गराउन शक्तिकेन्द्र धाउन थाले। यही क्रममा प्रहरीले नरवीरको पोलिग्राफ परीक्षण गऱ्यो। तर, परीक्षणका क्रममा उनले झुटो बयान दिए।

'म कुनै धन्दामा संलग्न छैन। कसैबाट रकम उठाएको छैन। विमानस्थलमा कार्यरत अधिकृतलाई पनि रकम उपलब्ध गराएको छैन। घटनामा प्रहरीले षड्यन्त्र गरेर फसायो,' परीक्षणका क्रममा उनले भनेका थिए। तर, पोलिग्राफले उनले दिएको बयान झुटो रहेको प्रमाणित गरिदियो। 'नरवीरले प्रहरीसँगको बयानमा बिचौलियाबाट रकम उठाएको र उक्त रकम अध्यागमनका कर्मचारीलाई दिने गरेको भनेका छन्। तर, पोलिग्राफ परीक्षणमा उनले यसको ठ्याक्कै विपरीत बयान दिएका छन्। जसलाई पोलिग्राफले झुटो रहेको प्रमाणित गरिदिएको छ। यसलाई अनुसन्धान प्रतिवेदनमा उल्लेख गरिएको छ। सोहीअनुसार अभियोग पत्र बनाएर अदालतमा दर्ता गराउँछौं,' सरकारी वकिल कार्यालयका प्रवक्ता अर्यालले भने।

■ नरवीरले पोलेका कुनै पनि अधिकृतविरुद्ध अनुसन्धान भएन

रकमसहित पक्राउ परेपछि नरवीरसँग काठमाडौं अपराध अनुसन्धान कार्यालयले बयान लियो। बयानका क्रममा उनले अध्यागमनका सबै अधिकृतलाई बिचौलियाबाट असुल गरेको रकम दिने गरेको बताए। सोही क्रममा उनले विगतमा पनि बिचौलियाबाट रकम असुल गर्ने गरेको सुन्नमा आएको भन्दै सरुवा भइसकेका नौ अधिकृतको नाम लिए। अदालतले उनीहरूविरुद्ध पक्राउ पुर्जी जारी गऱ्यो। जो अहिले फरार छन्। तर, नरवीरबाट रकम बुझ्ने अध्यागमनका अधिकृतविरुद्ध न अनुसन्धान भयो, न पक्राउ पुर्जी नै जारी गरियो। 'यस विषयमा हाम्रो ध्यानाकर्षण भएको छ। किन यस्तो हुन पुग्यो भन्ने विषयमा अहिले अध्ययन भइरहेको छ। अदालतमा मुद्दा दर्ता गराउँदा यस विषयलाई कहीँ न कहीँ समेट्नेछौं,' प्रवक्ता अर्यालले भने।

■ विमानस्थल कुटपिट प्रकरण

गृहमा छानबिन प्रतिवेदन पेस

काठमाडौं/ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अध्यागमन कार्यालयका कर्मचारी र प्रहरीबीच भएको कुटपिटको घटना छनबिन गर्न गठित समितिले प्रतिवेदन बुझाएको छ। समितिका संयोजक थानेश्वर गौतमले उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई बुधबार साँझ प्रतिवेदन बुझाएका हुन्। मन्त्री श्रेष्ठले प्रतिवेदनमा उल्लेखित विषय तत्काल कार्यान्वयन गर्न गृहसचिव दिनेश भट्टराईलाई निर्देशन दिएका छन्।

गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले छनबिन समितिले प्रतिवेदन पेस गरेको र प्रतिवेदन तत्काल कार्यान्वयन गर्न गृहमन्त्री श्रेष्ठले सचिव भट्टराईलाई निर्देशन दिएको जानकारी दिए। 'विमानस्थलमा भएको घटना सम्बन्धमा छानबिन गर्न समिति गठन भएको थियो। समितिले प्रतिवेदन बुझाएको छ। उल्लेखित विषय कार्यान्वयन गर्न गृहमन्त्रीज्यूले सचिवज्यूकहाँ प्रतिवेदन पठाउनुभएको छ। प्रतिवेदनमा उल्लेखित सबै विषय अध्ययन गर्न पाइएको छैन,' उनले भने। गृहका अनुसार प्रतिवेदनमा कुटपिटमा संलग्न असइ प्रकाश चौधरीलाई निलम्बन गर्न भनिएको छ। प्रहरी कुटपिटमा उत्रिएका विमानस्थलस्थित अध्यागमन कार्यालयका अधिकृत छायाँलाल मोक्तानलाई जिम्मेवारीबाट हटाउन भनिएको छ। १२ माघमा चेकजाँच गर्ने क्रममा अध्यागमनका अधिकृत मोक्तान र प्रहरीबीच विवाद भएको थियो। विवाद बढ्दै जाँदा आक्रोशित मोक्तानले प्रहरीलाई लाती हानेका थिए। त्यसलगत्तै प्रहरीले उनलाई नियन्त्रणमा लिई कुटपिट गरेका थिए।

घटनालाई लिएर चौतर्फी विरोध भएपछि गृह मन्त्रालयले सहसचिव गौतमको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको थियो। समितिमा नेपाल प्रहरीका तर्फबाट डिआइजी राजेशनाथ बास्तोला र उपसचिव कुलबहादुर जिसी सदस्य थिए। चार दिनसम्म गरिएको छानबिनपछि प्रहरीले सही कमान्ड गर्न नसक्दा विवाद बढेर कुटपिटमा परिणत भएको निष्कर्ष निकालिएको छ। तर, घटनास्थलको सार्वजनिक सिसिटिभी फुटेज हेर्दा कुटपिट प्रहरीको कमजोर कमान्डका कारण नभई अध्यागमन अधिकृतको सनकका कारण भएको देखिन्छ। नियमित चेकजाँचमा उत्रिएका प्रहरी कर्मचारीसँग अधिकृत मोक्तान विवादमा उत्रिएका थिए। सोही विवाद बढ्दै जाँदा कुटपिट हुन पुगेको थियो। मोक्तानले प्रहरी जवान रविरञ्जन गुप्तालाई घटनास्थलमै लात हानेका थिए।

मुगुको सोरुमा फैलिएको संक्रमण 'भाइरल इन्फ्लुएन्जा' पुष्टि

मुगुमा **अच्युतराज भण्डारी**

मुगुको सोरु गाउँपालिका- ६ पुरुमुरु गाउँमा तीनजनाको ज्यान जाने गरी फैलिएको संक्रमण भाइरल इन्फ्लुएन्जा भएको पुष्टि भएको छ। सोरु गाउँपालिका- ६ का पुरुमुरु र जिमा गाउँमा डेढ साताअघिबाट फैलिएको मौसमी रुघाखोकीबाट तीनजनाको मृत्यु भएको थियो।

एक सय ५० जना बिरामी परेका थिए। चिकित्सकको टोलीले बिरामी परेकामध्ये एक सय ३५ जना चेकजाँच गर्दा भाइरल इन्फ्लुएन्जाको लक्षण देखिएपछि ११ जनाको स्वाब संकलन गरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा पठाएको थियो। प्रयोगशाला परीक्षण गर्दा भाइरल इन्फ्लुएन्जा पुष्टि भएको जिल्ला अस्पताल मुगुका डा. कमल ढुंगानाले जानकारी दिए। उनका अनुसार १० मध्ये तीनजनामा भाइरल इन्फ्लुएन्जा र एकजनालाई कोभिड- १९ संक्रमण पुष्टि भएको छ। बाँकी ६ जनाको कोभिड र भाइरल इन्फ्लुएन्जा नेगेटिभ देखिएको छ। टेकुको रिपोर्टअनुसार भाइरल इन्फ्लुएन्जा पुष्टि भए पनि थप परीक्षणका लागि प्रभावित क्षेत्रमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत इपिडिमियोलोजी महाशाखा, विश्व स्वास्थ्य संगठन सुर्खेत र जिल्ला अस्पतालबाट गरी तीनजनाको डाक्टरसहितको टोली बुधबार पुरुमुरु र जिमा गाउँतर्फ हिँडेको छ। डाक्टरको टोली केही दिन उक्त स्थानमा बसेर थप परीक्षण गर्ने प्रमुख जिल्ला अधिकारी टोपेन्द्रबहादुर केसीले जानकारी दिए। सोरु गाउँपालिकाका उपाध्यक्ष केशरबहादुर शाहीका अनुसार भाइरल नियन्त्रण गर्न गाउँपालिकाले औषधिसहित स्वास्थ्यकर्मी परिचालन गरेको छ। दुवै गाउँमा बिरामीको संख्या घट्दै गएको छ। माघ दोस्रो साता सोरु गाउँपालिका- ६ पुरुमुरु गाउँका ७२ वर्षीय हरिबहादुर शाही, ७५ वर्षीया कृति छन्त्याल र २४ वर्षीया कुशुम ढोलीको मृत्यु भएको थियो।

भाइरल ज्वरो फैलिएपछि विद्यालयको पठनपाठन बन्द

बाजुरा/ भाइरल ज्वरो र रुघाखोकी फैलिएपछि बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका- १ रुडीमा रहेको रुपाली आधारभूत विद्यालयको पठनपाठन बन्द गरिएको छ। विद्यार्थीमा ज्वरो, रुघाखोकीको समस्या बढेपछि मंगलबारदेखि चार दिनसम्मका लागि विद्यालय बन्द गरिएको प्रधानाध्यापक दानबहादुर धामीले जानकारी दिए। 'चिसो बढेको छ। यसले विद्यार्थीमा ज्वरो र रुघाखोकी बढ्यो। ३५-४० विद्यार्थीमा ज्वरो देखिएको छ,' प्रअ धामीले भने, 'संक्रमण फैलन नदिन विद्यालय बन्द गरिएको हो। रुपालीमा एक सय ६३ विद्यार्थी छन्।

एमाले सांसद नेम्वाङको मेडिसिटीमा उपचार हुँदै



ताप्लेजुङ/ एमाले सांसद तथा पूर्वमन्त्री वसन्तकुमार नेम्वाङलाई ललितपुरको मेडिसिटी अस्पताल भर्ना गरिएको छ। अकस्मात् बिरामी परेपछि ताप्लेजुङबाट हेलिकोप्टरमार्फत काठमाडौं पुऱ्याई उनलाई थप उपचारका लागि बुधबार साँझ मेडिसिटी अस्पताल भर्ना गरिएको हो। उनलाई सघन उपचार कक्षमा राखेर थप उपचार प्रक्रिया अगाडि बढाइएको पारिवारिक स्रोतले बताएको छ।

एमाले ताप्लेजुङको बैठकमा सहभागी हुन आएका नेम्वाङसहितका नेताहरू पाथीभरा गेस्टहाउसमा भेला थिए। सोही वेला उठ्न लाग्दा नेम्वाङ बिरामी भएर ढलेका थिए। उच्च रक्तचापका कारण अचानक स्वास्थ्यमा समस्या आएपछि नेम्वाङलाई तमोर अस्पतालमा सामान्य परीक्षणपछि ताप्लेजुङ जिल्ला अस्पताल लगिएको थियो। तर, चिकित्सकहरूले थप उपचारका लागि काठमाडौं लैजान सुझाव दिएपछि अपराह्न साढे ४ बजेपछि हेलिकोप्टरबाट लगिएको एमाले ताप्लेजुङका अध्यक्ष भूपेन्द्र थेबेले बताए।

जिल्ला अस्पताल ताप्लेजुङ पुऱ्याइएका नेम्वाङलाई प्रारम्भिक उपचारका क्रममा डा. महेश गोसाईंले अचानक बेहोस हुनु 'स्टोक' भएको बताए। यसको उपचारका लागि प्रविधि नभएकाले रेफर गरिएको अस्पतालका चिकित्सकले बताएका छन्। नेम्वाङका प्रेस सहयोगी सन्दीप राईका अनुसार उनको सिटी स्क्यान गरिए पनि विस्तृत स्वास्थ्य प्रतिवेदन आउन बाँकी छ। उच्च रक्तचापका कारण नेम्वाङको शरीरको दायाँ भागमा समस्या देखिएको प्रारम्भिक स्वास्थ्य परीक्षणबाट देखिएको छ। अस्पतालले भने उनको स्वास्थ्य प्रतिवेदन बाहिर ल्याइसकेको छैन।

सवारी दुर्घटनामा बागमतीका पूर्वमन्त्री पौडेलको मृत्यु



नवलपुर/ कांग्रेस चितवनका नेता एवं पूर्वमन्त्री बलराम पौडेलको सवारी दुर्घटनामा मृत्यु भएको छ। बुधबार दिउँसो नवलपुरको गैँडाकोट नगरपालिका- ५ कालीगण्डकी चोकमा पौडेल सवार ना.४६प ७७५९ नम्बरको मोटरसाइकललाई ग.१ख ८५४७ नम्बरको जन्ती बसले ठक्कर दिँदा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय नवलपुरले जनाएको छ। साढे १२ बजेतिर दुर्घटनामा परी गम्भीर घाइते भएका पौडेलको उपचारको क्रममा दिउँसो १ बजेतिर जिल्ला सरकारी अस्पताल भरतपुर चितवनमा क्रममा निधन भएको हो। ठक्कर दिने बस र बसचालकलाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ। भरतपुर महानगरपालिका- १७ का पौडेल कांग्रेस चितवनका पुराना नेता हुन्। उनी एकीकृत समाजवादीका राजेन्द्र पाण्डे नेतृत्वको बागमती प्रदेश सरकारमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री थिए। उनी कांग्रेस चितवनका महाधिवेशन प्रतिनिधि थिए। पौडेलको निधनका कारण कांग्रेसले समुदायमा कांग्रेस अभियानलगायत कार्यक्रम स्थगित गरेको चितवन कांग्रेसका सभापति राजेश्वर खनालले जानकारी दिए। दुवै छोरा विदेशबाट आएपछि पौडेलको शुक्रबार देवघाटमा अन्त्येष्टि गरिने उनले बताए।

स्थानीय तहको अनुगमन गर्ने संयन्त्र बनाउन प्रस्ताव

अनुगमन तथा मूल्यांकन विधेयकमा संशोधनकर्तासँग छलफल सकियो, सांसदलाई अनुगमनको प्राविधिक रिपोर्टमा पहुँच दिन माग

नयाँ पत्रिका

सांसदहरूले स्थानीय तहका कामकारबाहीको अनुगमन गर्ने संयन्त्र बनाउन प्रस्ताव गरेका छन्। राष्ट्रिय सभाबाट पारित भएर आएको अनुगमन तथा मूल्यांकन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफावार छलफलमा सांसदहरूले संघ र प्रदेशको अनुगमन संरचना भए पनि स्थानीय तहलाई हेर्ने संयन्त्र नहुँदा भ्रष्टाचार मौलाएको भन्दै जिल्ला समन्वय समिति (जिसस)लाई जिम्मेवारी दिनुपर्ने धारणा राखेका हुन्।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले बुधबार विधेयकमा संशोधन राखेका सांसदहरूसँग छलफल गरेको थियो। सभापति रामहरि खतिवडाका अनुसार संशोधनकर्तासँग छलफल सकिसकेको छ। बिहीबार समितिमा दफावार छलफल गरेर विधेयक टुंग्याउन दिउँसो ३ बजे अर्को बैठक बोलाइएको छ।

बुधबारको छलफलमा संशोधनकर्ता सांसदले अनुगमनमा जनताको प्रतिनिधिलाई सहभागी गराउनुपर्ने मागसमेत राखेका थिए। विकास निर्माणका काम समयमा नसकिँदा त्यसको प्रश्न तथा गुनासो सांसदले सुन्नुपर्ने अवस्था उल्लेख गर्दै संशोधनकर्ता सांसदले नियामक निकायबाट हुने अनुगमन तथा अनुगमन प्रतिवेदन, प्राविधिक पक्षमा सम्बन्धित क्षेत्रको सांसदको पहुँच हुनुपर्ने माग गरेका हुन्।

एमाले सांसद लीलानाथ श्रेष्ठले स्थानीय तहबाट हुने विकास निर्माण कार्यको अनुगमन गर्ने निकाय नै नभएको भन्दै जिल्ला समन्वय समिति (जिसस) लाई दिनुपर्ने बताए। एमाले उपमहासचिव पृथ्वीसुब्बा गुरुङले स्थानीय तहको जिम्मा जिससलाई दिनुपर्ने बताए। 'सुशासन कायम गर्ने हो भने अनुगमन र मूल्यांकन प्रभावकारी बनाउनुपर्छ। यसका लागि प्रधानमन्त्री कार्यालय उपयुक्त हुन्छ,' उनले भने। एमालेकै रघुजी पन्तले विधेयकमा स्थानीय तह छुटेको भन्दै स्थानीय तहमा बेथिति बढेकाले चेक गर्ने निकाय राख्नुपर्ने बताए।



■ **सर्वेन्द्रनाथ शुक्ल**
सांसद, लोसपा

केन्द्र र प्रदेशमा चेक एन्ड ब्यालेन्सका लागि निकाय छ। तर, स्थानीय तहमा कुनै मेकानिजम छैन, त्यसैले भ्रष्टाचार मौलाएको छ। यसमा ध्यान दिऊँ।

कांग्रेसका दिलेन्द्रप्रसाद बडूले बेथिति रोक्ने ढंगबाट प्रभावकारी अनुगमन मूल्यांकन हुनुपर्ने बताए। कांग्रेसकै प्रदीप पौडेलले अनुगमन र मूल्यांकन गर्ने निकायको नाम विकास कार्य अनुगमन तथा मूल्यांकन आयोग राख्नुपर्ने माग गरे। लोसपाका सर्वेन्द्रनाथ शुक्लले स्थानीय तहमा मेयरले नियुक्तिदेखि अनुगमन मूल्यांकनसम्म आफैं गर्ने गरेको भन्दै राजनीतिक तजबिजमा हुने अनुगमन मूल्यांकनमा सन्तुलन जरुरी रहेको बताए। 'केन्द्र र प्रदेशमा चेक एन्ड ब्यालेन्सका लागि निकाय छ। तर, स्थानीय तहमा कुनै मेकानिजम छैन, त्यसैले भ्रष्टाचार मौलाएको छ। यसमा ध्यान दिऊँ,' उनले भने।

रास्वपा सभापति रवि लामिछानेले अनुगमन र मूल्यांकन प्रभावकारी बनाउन दण्ड र जरिवानामा कडाइ गर्नुपर्ने बताए। समयमा काम सक्न ताकेता गर्दा गुणस्तरलाई पनि ख्याल गर्नुपर्ने उनको भनाइ थियो। प्रधानमन्त्रीले आफ्नो सम्बोधनमा राष्ट्रिय गौरवका आयोजना एआईजडित ड्रोन प्रणालीबाट अनुगमन गर्ने भनिएको उल्लेख गर्दै उनले विधेयकमा यो विषय नआएको बताए।

'प्रधानमन्त्रीले नै भनेकाले यो विधेयकमा हाल्नुपर्ने हो कि ?' उनले सोधे, 'मैले भर्खरै बुटवल सडकको पदयात्रा गरे, ड्रोनबाट अनुगमन भएको भए त्यसरी जानै पर्दैनथ्यो।' राजनीतिमा जोडिएकाले पुरस्कृत र पटकपटक ठेक्का पाउने, तर राजनीतिक पहुँच नभएका क्षमतावानूले नपाउने कुरा कानुनबाट अन्त्य गर्नुपर्ने उनको भनाइ थियो। कानुनमार्फत डिपिआरको झन्झट अन्त्य गर्नुपर्नेमा उनले जोड दिए।

रास्वपाका हरि ढकाल र गणेश पराजुलीले अनुगमन तथा मूल्यांकनमा प्रतिनिधिसभा सदस्यको भूमिका हुनुपर्ने माग गरे। माओवादीका हितराज पाण्डेले अनुगमन कर्मकाण्डी हुन नहुने बताए। 'अनुगमनमा जाने, लाइक, कमेन्ट र सेयरका लागि फेसबुकमा हाल्ने कुराका लागि भन्दा काम अगाडि बढाउने गरी जानुपर्छ,' उनले भने। माओवादीकी दुर्गा राईले समृद्धिको आधार विकास भएकाले अनुगमन मूल्यांकन जरुरी रहेको बताइन्। 'ठेक्का र कमसल कामलाई कसरी छेक्ने कसरी हो ? काम नगर्ने ठेकेदारलाई दोहोऱ्याएर ठेक्का दिने रोक्न पनि यहाँ राख्नुपर्छ। यसले विकासमा बाधा पुगिरहेको छ,' उनले भनिन्। जसपाका प्रकाश अधिकारीले कुनै नियन्त्रण नहुँदा स्थानीय तह छाडा भएको उल्लेख गर्दै कुनै संयन्त्र खडा गर्नुपर्ने जरुरी रहेको बताए। योजना दिनुभन्दा अघि नै डिपिआर बनाएर दिनुपर्ने व्यवस्था गर्नुपर्ने उनको भनाइ थियो।

संशोधनकर्ता हेमराज राईले जनताले विकास निर्माणसम्बन्धी सूचना पाउने हक सुनिश्चित गर्नुपर्ने बताए। 'सुसूचित नगराउँदा आयोजनामा अवरोध भइरहेको छ। धेरै ठाउँमा समस्या पैदा भएको छ,' उनले भने।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय : विर्तामोड, झापा
फोन नं.: ०२३-५३५०३१

शाखा कार्यालय : ठिमी, भक्तपुर
फोन नं.: ०१-५०२३४९४

को

शाखा कार्यालय ठिमी, भक्तपुरको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/१०/१८ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय ठिमी, भक्तपुरबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) दिने अन्यन्त जरुरी सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७२/०३/०१ मा प्रा.फ.र.नं. १२२२३४/०७१/७२ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १०, पिपलबोट, बानेश्वर स्थित **रियाना क्लोथ सेन्टर, प्रोप्राइटर: मिरा आचार्य**
व्यक्तिगत जमानतकर्ताहरुको विवरण
१. योगेन्द्र प्रसाद पकुवालको बुहारी, भुपेन्द्र पकुवालको पत्नी, मोरंग जिल्ला, इन्द्रपुर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **मिरा आचार्य (ना.प्र.प.नं. ७४२४९, मोरंग)**
२. लक्ष्मी प्रसाद पकुवालको नाति, योगेन्द्र प्रसाद पकुवालको छोरा, झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **भुपेन्द्र पकुवाल (ना.प्र.प.नं. ३२३५५८६७, झापा)**
धितोमा रहेको सम्पतिको विवरण
भुपेन्द्र पकुवालको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स/न.पा वडा नं. ६ स्थित कित्ता नं. १४२, ११६९ र ११६८ को क्रमश : क्षेत्रफल ०-१४-०-०, ०-०-८.५ र ०-०-१०-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगालगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम २०८०/१०/१८ गते बिहिबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु ठिमी, भक्तपुर र विर्तामोड, झापाबाट प्राप्त गर्न सकिनेछ ।
२. छट्टाछुट्टै धितोको लागि छट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८०/१०/२४ गते बुधबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय विर्तामोड, झापामा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८०/१०/२५ गते बिहिबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय विर्तामोड, झापामा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय विर्तामोड, झापाबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु ठिमी, भक्तपुर र विर्तामोड, झापामा सम्पर्क राखी बुझ्न स

मर्यादाक्रममा सार्वभौम जनताको स्थान खोइ ?

संविधानको सारतत्त्वलाई आत्मासात् गर्ने हो भने जनताको मर्यादा र हैसियत नै सर्वोच्च रहेकोमा कुनै द्विविधा छैन



● घम्बर नेपाली

अग्रलेख

गत कात्तिक महिनामा राष्ट्रिय सभाले 'राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०८०' सर्वसम्मतिले पारित गऱ्यो । यो विधेयकले प्रचलित विभिन्न सरकारी पदलाई २१ तहमा वर्गीकरण गरेको छ, जसको सबैभन्दा माथिल्लो पदमा राष्ट्रपतिलाई र तल्लो पदानुक्रममा सहायक सेनानीलाई राखिएको छ । अघिल्लो 'मर्यादाक्रम'मा १०औँ स्थानमा रहेका काठमाडौं महानगरपालिका प्रमुखलाई १७औँ स्थानमा झारिएको छ । अब सबै महानगरपालिका प्रमुख एउटै हैसियतमा रहनेछन् । अरू कतिपय पद पनि तलमाथि गरिएका छन् । मुख्यतः संघीय ढाँचाअनुसार प्रदेश र स्थानीय तहका पदहरूको विस्तृत वर्गीकरण गरिएको छ, विधेयकमा । तुलनात्मक रूपमा यसअघिका 'मर्यादाक्रम'भन्दा शिक्षकलगायत अलिक धेरै पदहरूलाई समेट्ने प्रयत्न गरे पनि यो विधेयकले पनि कैयौँ सरकारी पदलाई अटाउन सकेको छैन । यो विधेयक प्रतिनिधिसभाले पारित गरेपछि लागू हुनेछ ।

गणतन्त्र आइसकेपछि यससँगै पाँचवटा 'मर्यादाक्रम' सरकारले लागू गरिसकेको छ । गणतन्त्रपछिको पहिलो 'मर्यादाक्रम' २०६९ माघमा आयो, जसले पहिलोपटक जननिर्वाचित राष्ट्रपतिलगायत पदाधिकारीलाई पदानुक्रमको सिरानमा राख्न सफल भयो । दोस्रो 'मर्यादाक्रम' संविधान जारी भइसकेपछि २०७४ माघमा आयो । संविधान जारी भएपछि आएको यो 'मर्यादाक्रम'ले तीन तहका पदाधिकारीलाई समेटेको थियो । पहिलो 'मर्यादाक्रम'मा रहेका २८ वटा तहहरूबाट एउटा तह घटाएर यसमा २७ बनाइयो । गाउँपालिका र नगरपालिका महासंघले आफूहरूलाई कर्मचारीभन्दा तल राखिएको विवाद निकालेपछि एक वर्ष पनि नपुग्दै २०७५ पुसमा अर्को 'मर्यादाक्रम' जारी भयो । यी सबै पक्षलाई समेट्दै २०७६ वैशाखमा सरकारले अर्को 'मर्यादाक्रम' राजपत्रमा प्रकाशित गऱ्यो, जुन अहिले कार्यान्वयनकै क्रममा छ ।

मर्यादाक्रम : सामन्ती व्यवस्थाको निरन्तरता : इतिहासतिर फर्किएर हेर्दा 'मर्यादाक्रम'को बेसी प्रयोग दास युग र सामन्ती युगमा भएको पाइन्छ । राजाहरूले आफूलाई 'महाराज', 'बडामहाराज', 'सम्राट्' आदि पद्वी धारण गरी रैतीमाथि शासन लाद्ने गर्थे । राणाकालको सुरुवातकर्ता जंगबहादुर राणाले आफूलाई 'श्री ३ महाराज' घोषणा गरी शक्तिशाली शासकका रूपमा स्थापित गरेका थिए । जहानियाँ राणाशासनकै क्रममा आफ्नै भाइ भारदारलाई शासन गर्ने रोलक्रम छुट्याउन चन्द्रशमशेरले विभिन्न 'ग्रेड'हरूमा विभाजित गरेका थिए । राजा र उनका दरसन्तानलाई भगवान्कै अवतार मान्दै संविधान तथा कानुनमाथि राखी 'श्री ५'को रूपमा ग्रहण गरिन्थ्यो । २०४६ सालको जनआन्दोलनपछि बनेको संवैधानिक राजतन्त्रको 'मर्यादाक्रम'मा नवौँ तहसम्म राजा र उनका परिवारहरूको तहलाई आरक्षित गरिएको थियो । त्यसपछि मात्र प्रधानमन्त्री र अरू पदाधिकारीले स्थान पाउने गर्थे ।

राजा तथा राणाहरूले नै आफूलाई सर्वश्रेष्ठ स्थानमा राखिराख्न 'सम्माननीय', 'माननीय'जस्ता पगरी उनीहरूकै 'हुकुम'बाट स्थापित गरिएका हुन् । पञ्चायतकालमा यस्तो खालको मर्यादा निर्धारण गर्ने राजसभा थियो । बहुदल आएपछि त्यसलाई राज परिषद् भन्न थालियो, जसमार्फत राजाले कसलाई 'सम्माननीय' तथा 'माननीय' भन्ने 'हुकुम' गर्थे । कुन जात ठूलो, कुन सानो, कुन जातको वरीयता सम्माननीय हुने कुन जातको अपहेलित हुने, को चोखो, को अछुत आदिलाई कानुन बनाएर स्तरीकरण र संस्थागत गर्ने काम राणाकालमा गरियो । गणतान्त्रिक वरीयतामा वंशीय राजाहरू नभएकाले संविधानमाथि उनीहरूको स्थान छैन, जसलाई एक हदसम्म परिवर्तनशील कदम मान्न सकिन्छ । यद्यपि अहिलेका गणतान्त्रिक 'मर्यादाक्रम'ले पनि पुरानै सामन्ती राजसंस्थाकै चरित्र झल्किने परम्परा र संस्कृतिलाई पुनर्स्थापित गर्ने काम गरेको छ । अर्थात्, अहिलेको 'मर्यादाक्रम' हिजोकै राणाकालीन जात व्यवस्थाको निरन्तरता हो ।



जनताको स्थान कहाँ छ ? : नेपालको संविधान, २०७२ ले प्रस्तावनाको पहिलो वाक्यांशमै नेपाली जनतालाई सार्वभौम सम्पन्न जनताको रूपमा स्वीकार गरेको छ । यसको मतलब नेपाली जनता नै वास्तवमा सर्वेसर्वा र शक्तिशाली हुन् । जनताभन्दा माथि कोही पनि छैन । सिंगो राज्य व्यवस्थाको निर्णायक शक्ति जनता आफैँ हुन् । संविधानको यो सारतत्त्वलाई आत्मासात् गर्ने हो भने जनताको मर्यादा र हैसियत नै सर्वोच्च रहेकोमा कुनै द्विविधा छैन । अहिलेको 'मर्यादाक्रम'मा उल्लेखित विभिन्न पदहरूमा पुऱ्याउने शक्तिशाली तप्का जनता नै हुन् । उनीहरूको तलबभत्तादेखि सबै व्यवस्थापनको चाँजोपाँजो मिलाउने काम पनि जनताले नियमित कर तिरेर गर्ने हो । पदमा पुगेर जथाभावी गर्ने, भ्रष्ट आचारण देखाउन थालेमा उक्त पदबाट गलहत्याउने अन्तिम शक्ति पनि जनता नै हुन् । यी सारा शक्तिको स्रोत जनताभन्दा उनीहरूले नै नियुक्त गरेका कर्मचारीको हैसियत कसरी माथि हुन सक्छ ? त्यसैले आजको धरातलीय यथार्थ र संवैधानिक मर्मको हिसाबले पनि गणतान्त्रिक 'मर्यादाक्रम' त्रुटिपूर्ण र निन्दनीय छन् ।

अर्को महत्त्वपूर्ण पक्ष हामी लोकतन्त्र र समाजवादको बाटो हुँदै समानतातिर जाँदै छौं । जसको सार भनेको हामी सुसूचित, पारदर्शी, जवाफदेही बन्दै विभेदरहित न्यायपूर्ण समाजमा प्रवेश गर्नु हो । किनकि हामी विभेदका अनेकौं शृंखलाको बीचबाट गुज्रिँदै आएका छौं । त्यसकारण पहिलो काम हामीले विद्यमान विभेदहरूलाई भत्काउँदै जानुपर्नेछ । दोस्रो, विभेदमा परेकाहरूलाई सबल बनाउन साधनस्रोतमा पहुँच र नियन्त्रण बढाउँदै जानुपर्नेछ । विडम्बना, गणतन्त्रपछि ल्याइएको 'मर्यादाक्रम'ले न समानताको सिद्धान्तलाई अनुसरण गरेको छ, न आत्मसम्मानको । उल्टो हिजो संवैधानिक राजतन्त्रको 'रोलक्रम'भन्दा बढी 'दर्जा' सिर्जना गरेर अहिलेको 'मर्यादाक्रम' आएको छ । जहाँ आज पनि सहायक स्तरमा काम गर्ने सुब्बा, खरिदार, सुबेदार, हल्दारहरूको गणना नै गरिएको छैन । यस्तो विभेदपूर्ण वरीयताले कसरी हाम्रो लोकतान्त्रिक गणतन्त्रमा शोभा दिन सक्छ ?

> शक्तिको स्रोत जनताभन्दा उनीहरूले नै नियुक्त गरेका कर्मचारीको हैसियत कसरी माथि हुन सक्छ ? त्यसैले आजको धरातलीय यथार्थ र संवैधानिक मर्मको हिसाबले पनि गणतान्त्रिक 'मर्यादाक्रम' त्रुटिपूर्ण र निन्दनीय छन् ।

तहीकरणको समाजशास्त्र : जात व्यवस्थामा आधारित दक्षिण एसियाली समाज मात्र होइन, सिंगो विश्व नै तहीकरणको जन्जालमा फसेको छ । आफूलाई लोकतान्त्रिक र सर्वाधिक विकसित दाबी गर्ने देशहरूले पनि अनेकौं 'मर्यादाक्रम'हरू अभ्यास गर्दै आएका छन् । यसरी हेर्दा 'मर्यादाक्रम' हामी सबैको वैश्विक सवाल हो । तर, ठुल्ठूला परिवर्तनपछि पनि हामी र हाम्रा संस्थामा 'मर्यादाक्रम'प्रति जुन स्तरको मोह र आसक्ति बढेको छ, त्यो भने निकै डरलाग्दो कुरा हो । यो विषयमाथि समाजशास्त्रीय बहसलाई केन्द्रित गर्नु बौद्धिक तप्काको अहं दायित्वमा पर्छ ।

उत्पत्तिको प्रारम्भिक कालमा मानिसबीच तहीकरण भएको कल्पना गर्न सकिँदैन । जब मानिस कबिलामा बस्न र खेतिपातीबाट जीविकोपार्जन गर्न थाल्यो, कबिलाबीच संघर्ष बढ्न थाल्यो । हारेका कबिलालाई दमन र नियन्त्रण गर्ने सिलसिलामा नै दासहरू जन्मिन पुगे । दासयुगसँगै मानिसले राज्यको अवधारणालाई लागू गरेको थियो । त्यही दासयुगकालीन राज्यसँगै मानिसबीच तहीकरण गर्ने प्रक्रिया सुरु भएको सहजै अनुमान गर्न सकिन्छ । यसरी हजारौं वर्षदेखि राज्यहरूले नै कानुन बनाएर 'मर्यादाक्रम'लाई लादिरहेका छन् । परिणामतः यो सिंगो मानव समाजको जबर्जस्त संस्कृति बनिसकेको छ । अझ योभन्दा महत्त्वपूर्ण 'मर्यादाक्रम'को सिरानमा रहनेहरूको अर्थ-राजनीतिक दाउपेच हो । किनकि, उनीहरू जहिल्यै 'मर्यादाक्रम'लाई प्रयोग गरी शक्ति, स्रोत, ज्ञानमाथि वर्चस्व जमाइरहन चाहन्छन् । तल्लो तहमा रहनेहरूले पनि माथिल्लो तहतिर उक्लने आसमा 'मर्यादाक्रम'लाई अनुसरण गरिरहन्छन् ।

विगतभन्दा हामी आजकल उन्नत युगमा बाँचिरहेका छौं । लोकतन्त्र तथा समाजवादका विभिन्न विशेषतासहित हाम्रा राज्य व्यवस्था परिचालित छन् । स्वतन्त्रता, समावेशिता, समानता, न्यायजस्ता मूल्यलाई हामीले आत्मसात् गरेका छौं । यी सर्वोत्तम मूल्यहरूलाई स्वीकार गर्ने मानवजाति नै वास्तवमा सचेत र सार्वभौम व्यक्ति हो, नागरिक हो । यदि त्यसो हो भने किन हामीले फलाकिरहेको प्रणालीभित्र तहीकरण मौलाइरहेको छ ? या त हामी समाजवाद र लोकतन्त्रका मूल्य आत्मसात् गरेको ढोंग मात्र गरिरहेका छौं । जुन जलपभित्र 'मर्यादाक्रम'को धन्दा चलिरहेको छ । या 'मर्यादाक्रम'लाई हामीले अनिवार्य र अनुल्लंघनीय संस्कृतिका रूपमा स्वीकार गरेका छौं ।

वर्गसंघर्ष कि तहगत संघर्ष र सहकार्य ? : सारा समाज नै अनेकौं तहद्वारा संरचित छ । वर्गीय अर्थात् धनी, गरिबबीचको तह एउटा पाटो मात्र हो । राजनीतिक दलहरूमा हेऱ्यो भने विभिन्न तह सिर्जना गरिएका हुन्छन् । केन्द्रीय समितिभित्र पनि अनेकौं पदबीच तहगत वरीयता कायम गरिएको हुन्छ । धार्मिक संगठनतिर हेर्दा पनि आ-आफ्नै ढर्राका विभिन्न तह देख्न सकिन्छ । दक्षिण एसियाली समाजमा जातका आधारमा निर्मित तह झन् डरलाग्दो छ । प्राज्ञिक थलोका रूपमा परिचित विश्वविद्यालयका प्राध्यापकबीच पनि तहीकरणले ठूलो अर्थ राख्छ । हाम्रा विश्वविद्यालयमा नियुक्ति हुने पदाधिकारीको दौडधुप तहीकरणको एउटा ज्वलन्त उदाहरण हो । सामाजिक न्याय र समानताको पैरवी गर्ने राष्ट्रिय/अन्तर्राष्ट्रिय गैससहरू तथा युएनजस्ता निकायमा पनि तहीकरण कायमै छ । धेरैथोरैको कुरा मात्र हो, तहीकरण सर्वव्यापी नै छ । यस्तो लाग्छ कि तहीकरणविना हामी हाम्रो अस्तित्वको कल्पना गर्न सक्दैनौं ।

अब कुरा गरौं, यी अनेकौं तहबीच हुने एकता, संघर्ष, अन्तर्क्रिया तथा सहकार्यको । मार्क्सले भनेजस्तो हरेक वस्तुमा संघर्ष अन्तर्निहित छ । किनकि, प्रत्येक वस्तुले आफ्नो अस्तित्वलाई सुरक्षित राख्न चाहन्छ । अझ आजको प्रतिस्पर्धावाला पुँजीवादभित्र मानिसलाई जसरी पनि सर्वोत्कृष्ट, सबैभन्दा शक्तिशाली, धनी बन्नु छ । त्यसका लागि स्वस्थ-अस्वस्थ संघर्षमा मानिस तल्लीन छन् । अर्थात्, संघर्ष वर्गहरूमा मात्र छैन, हरेक तह-तहमा विद्यमान छ । अर्को महत्त्वपूर्ण पक्ष भनेको उल्लिखित तहबीच संघर्ष मात्र छैन, उनीहरूबीच प्रशस्तै अन्तर्क्रिया, संवाद पनि भइरहेकै छ । जसले गर्दा ती तहबीच लेनदेन, सौदाबाजी भइरहेको हुन्छ । त्योभन्दा पनि महत्त्वपूर्ण पक्ष, तहहरूबीच सहकार्य र एकताको हो । जसले गर्दा तहीकरणको अस्तित्व आजसम्म पनि कायम रहन सम्भव भएको हो ।

निष्कर्ष : मानिस आफ्नो स्तरका लागि लोभी छ । उत्कृष्ट हैसियत बनाउन उसले आफ्ना सबै प्रयत्न लगाइरहेको छ । जीवन रहेसम्म उसले जारी राखेका प्रयत्न र त्यसबाट हासिल गरेका प्रतिफलको योगफल नै आजको मानिसको सम्लो जीवन बन्न गएको छ । यहाँनेर एउटा गम्भीर प्रश्न उठ्छ- के मानिसको तहीकरणविना पनि जीवन सम्भव छ ? यसको उत्तर त्यति सजिलो छैन । त्यसका लागि गहिरो अनुसन्धान र छलफल जरुरी छ । तर, केसम्म भन्न सकिन्छ भने स्तरीकरणको जुन संस्कृतिमा हामी अभ्यस्त छौं, त्यसको वैचारिकीमा आधारित अर्थतन्त्र र राजनीति यसको सारतत्त्व हो । संसारका हरेक चिज गतिशील भएकाले तहीकरणको संस्कृति पनि बदल्न असम्भव छैन, तर चुनौतीपूर्ण भने अवश्य छ ।

एउटा लामो कालखण्ड हामी यही तहीकरणकै प्रक्रियाबाट गुज्रनुपर्ने नै छ । हाम्रो तत्कालीन कार्यभार भने तहीकरणको खाडलतर्फ उन्मुख हुनु हो, जुन कुरा हामीले अभ्यास गरिरहेको पुँजीवादी वैचारिकीबाट सम्भव देखिँदैन । समाजवादी वैचारिकीबाट सम्भावना रहे पनि यसको अभ्यासमा देखिएको भ्रष्टीकरणले अन्योल पैदा गरेको छ । भौतिक परिस्थितिले विचारको निर्धारण गर्ने भएकाले मानिसको विद्यमान चरित्रलाई बदल्न सोहीअनुसारको संरचनागत रूपान्तरणकै खाँचो छ । तर, सुरुवात भइरहेकै समस्याबाट हल खोज्ने हो । अहिले जसरी राज्यले 'मर्यादाक्रम'को ढाँचा बाहिर ल्याएको छ, त्यसले बदलिएको अवस्थालाई ठाडो नजरअन्दाज गरेको देखिन्छ । सार्वभौम जनताभन्दा माथि राखेर ल्याइएको यो 'मर्यादाक्रम' आफैंले बनाएको संविधानसँग पनि बाझिएको छ । त्यसकारण आजै तहीकरणलाई पूरै भत्काउन नसके पनि समानतातिर जाने बहस अपरिहार्य छ ।

@NepaliRajesh

३ प्रश्न

पूर्वसचिव **शारदाप्रसाद त्रिताल**लाई



विश्वव्यापी भ्रष्टाचार सूचकांकमा नेपालको स्थिति सुधार भएको छ । यसले नेपालको अन्तर्राष्ट्रिय छविमा कत्तिको प्रभाव पार्ला ?

नेपालले एक वा दुई स्टेपको प्रगति गरेर हुँदैन । ५० भन्दा कम अंक रहँदासम्म हामीले सुधार गरेको ठहरिँदैन । भ्रष्टाचार गरेपछि कतिलाई कारबाही गरियो, कतिलाई दोषी ठहर गरियो भन्ने कुराको मूल्यांकन गरेर भ्रष्टाचार नियन्त्रण हुँदैन । भ्रष्टाचारको रोकथामका काम हामीले गरेका छौं कि छैनौं भन्ने कुरा हो । रोकथाम गर्ने काम सरकारको हो । सरकारले भ्रष्टाचार रोकथामका लागि के-कस्ता उपाय अपनाएको छ, भ्रष्टाचार हुने नदिन कस्ता रणनीति अपनाइएका छन् । भ्रष्टाचार बढी हुने संस्थाप्रतिको सचेतता कस्तो छ । यसमा हामी करिब शून्यकै अवस्थामा छौं ।

भ्रष्टाचार नियन्त्रण एवं रोकथामका हाम्रा कानुन कस्ता छन् ?

निकै परम्परागत छन् । भ्रष्टाचारका रूप एकदम नवीनतम छन् । सिंगापुरमा बिल बनेर अमेरिकामा क्रिप्टो र डलरमा भुक्तानी हुन थालेको छ । ०७६ सालमा तत्कालीन नेकपाको सरकारले संसद्मा पेस गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र भ्रष्टाचार निवारण ऐनमा संशोधन गर्ने ऐनका प्रावधान ०५९ सालभन्दा पनि पछि फर्किने खालको छ । प्रतिनिधिसभाबाट यी ऐन पास भए भने त्यसको दुई वर्षपछि हाम्रो अंक १५ मा झर्छ ।

भ्रष्टाचार निवारणको क्षेत्रमा तत्कालै गर्नुपर्ने काम ?

सरकारले संसद्मा पेस भएका कानुनलाई फिर्ता लिएर अख्तियार र अभियन्ताको सुझावसहित पुनः पेस गर्नुपर्छ । दोस्रो, सरकारले सदाचार नीति ल्याउनुपर्छ । त्यसअनुरूप विभिन्न कानुन, आचारसंहिता सिफारिस गर्ने, नियम बनाउने, निगरानी गर्ने अधिकारसहितको एउटा छुट्टै संयन्त्र तयार गर्नुपर्छ । सम्बन्धित कानुन र अनुसन्धानका प्रक्रियामा एकरूपता ल्याउनुपर्छ ।

प्रेरक प्रसंग

आत्मविश्वास

नोबुनागा नाउँ गरेका एक महान् जापानी योद्धा एउटा भयंकर शत्रुसित युद्ध गर्न जाँदै थिए । शत्रु सेनाको संख्या उनका सेनाको तुलनामा दसौं गुणा विशाल थियो । साथै, ती पर्याप्त शस्त्रअस्त्रले सुसज्जित पनि थिए । नोबुनागालाई सुनियोजित रणनीतिका साथ लड्ने हो भने कठिनभन्दा कठिन युद्ध पनि जित्न सकिन्छ भन्ने लाग्थ्यो । त्यसैले उनले यो युद्धमा पनि जितको सम्भावना देखेका थिए । तर, उनका सिपाहीलाई भने युद्ध जितिनेमा निकै ठूलो आशंका थियो ।



युद्ध क्षेत्रमा जाँदै गर्दा सेनापति नोबुनागा बाटोको एउटा सिन्तो मन्दिरमा पुगेर रोकिए र आफ्ना सिपाहीलाई यसो भने, 'म मन्दिरको दर्शन अनि परिक्रमा गरेर ओऊछु, त्यसपछि हावामा एउटा सिक्का उछाल्नेछु । हेर्रौं, भाग्यले के देखाउँछ । यदि सिक्काको टाउको पऱ्यो भने हामीले निश्चित रूपमा नै यो जित्नेछौं । होइन पुच्छर आयो भने हामीले हार्नेछौं । अब खेला भाग्यको हातमा छ ।' नोबुनागा मन्दिर प्रवेश गरे । उनले त्यहाँ प्रार्थना गरे । त्यसपछि उनी फर्किएर बाहिर आए अनि आफ्ना योद्धाहरूको सामुन्ने हावामा एउटा सिक्का उछाले । सिक्काको टाउको पल्टियो । यो देख्नेबित्तिकै उनका सिपाहीमा अदम्य आत्मविश्वास भरियो । उनीहरू युद्ध जित्न आतुर देखिए । उनीहरूले कुशल रणनीति र आत्मविश्वासका साथ युद्ध लडे र जिते पनि । युद्ध सकिएपछि एकजना सहायकले नोबुनागासँग भने, 'हो रहेछ, कसैले पनि नियतिलाई बदल्न नसक्ने रहेछ ।' 'अहँ होइन', यसो भनेर नोबुनागाले उनलाई पहिले आफूले हावामा उछालेको सिक्का देखाउँछन् । सिक्काको दुवैतर्फ भागमा टाउकै चित्र अंकित थियो । कुनै पनि संघर्ष भाग्यको भरोसाले होइन, अथक प्रयास र अदम्य साहसले मात्रै जित्न सकिन्छ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

व्यवसायी किन गर्छन करछली ?

ठूलो हिम्मत र मिहिनेतले सफल बनेका व्यापारी हुन्, भाटभटेनी सुपर मार्केटका मालिक मीनबहादुर गुरुङ । तर, सफलताको सिँढी उक्लँदै जाँदा उनी कहिले करछली त कहिले ललितानिवासको जग्गा हिनामिनाजस्ता गैरकानुनी धन्दामा संलग्न हुँदै गए । सम्मानित अदालतले भ्याटछली मुद्दामा उनलाई दोषी ठहर गरेको छ । यससँगै भाटभटेनीले डेढ अर्ब रुपैयाँभन्दा बढी कर तथा जरिवाना बुझाउनुपर्ने भएको छ । नेपालको प्रणालीले नै अनैतिक एवं गैरकानुनी काम गर्न बाध्य बनाउँछ कि ? गैरकानुनी काम नगरी कुनै पनि व्यवसायी सफल नहुने हुन्, बुझ्न कठिन भयो । करछली गर्न किन उद्यत् हुन्छन् व्यवसायी ? राज्यले गम्भीर समीक्षा गर्न जरुरी छ ।

● **शम्भु क्षेत्री**, वसुन्धरा, काठमाडौं

मिडियालाई कमजोर नबनाउ

सरकारले पत्रपत्रिकाले लोककल्याणकारी विज्ञापन नपाउने गरी कानुन बनाउने तयारी गरेको समाचार आएको छ । कतै यो सञ्चार क्षेत्रलाई कमजोर बनाउने मनसायले ल्याइएको त होइन ? सशक्त मिडियाविना लोकतन्त्र पनि खतरामा पर्न सक्छ । यतिखेर पत्रपत्रिकालाई बचाउने उपाय आवश्यक छ । थप कमजोर बनाउने होइन ।

● **विवेक प्रसाई**
रामेछाप

भ्रष्टाचार सूचकांकमा सुधार

विश्वव्यापी भ्रष्टाचार सूचकांकमा नेपालको सुधार हुनु खुसीको विषय हो । ट्रान्सपरेन्सी इन्टरनेसनलले नेपाललाई आफ्नो सूचीमा समावेश गर्न थालेको २००४ यताको सूचकांकमा नेपाल अहिले सबैभन्दा बलियो स्थानमा उक्लिएको कुरा सराहनीय हो । सरकारले भ्रष्टाचारविरुद्धको आफ्नो अभियानलाई अझै सशक्त बनाउँदै लैजानुपर्छ ।

● **नरेश पुन**
कतार

ज्ञानेन्द्र र राजेन्द्रहरूको दिवास्वप्न !

अहिले पूर्वराजा ज्ञानेन्द्र शाहको चहलपहल र महत्त्वाकांक्षा निकै बढेको देखिन्छ । उनलाई उकास्नेहरूको संख्या निकै बढेको छ । ज्ञानेन्द्रलाई राजगद्दीमा फर्काउन पाए पहिलेझैं हालीमुहाली गर्न पाउँला भन्ने मोह र स्वार्थले यसमा काम गरेको छ । उनीहरूकै उक्साहटमा आफ्नो महत्त्वाकांक्षा पूरा गर्न ज्ञानेन्द्रले सक्रियता बढाएको देखिन्छ । ज्ञानेन्द्रका गतिविधि र उनले वीरगन्जमा दिएको अभिव्यक्तिले अहिले राजनीतिक वृत्तमा तरंग उत्पन्न भएको छ । पूर्वराजा ज्ञानेन्द्रले दलहरूले आफ्नो असफलता ढाक्न आफूलाई 'दाइ र परिवार' हत्याको गलत आरोपको सहारा लिने गरेको टिप्पणी गरेपछि प्रतिवादमा प्रधानमन्त्री प्रचण्डले राजदरबार हत्याकाण्डको पुनः छानबिन गर्ने अभिव्यक्ति दिए । केपी ओलीले पनि राजा मरेपछि राजाका सन्तान मात्र राजगद्दीका लागि योग्य हुने भाइ-भारदारहरू नहुने भन्दै ज्ञानेन्द्रलाई राजसिंहासनमा बसाउने तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको काम सही नभएको टिप्पणी गरे र ज्ञानेन्द्रलाई चेतावनी पनि दिए । तर, देशको सबैभन्दा ठूलो पार्टी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले भने यो मामलामा कुनै प्रतिक्रिया दिएका छैनन् । आखिर, देउवा देशको जल्दोबल्दो समस्यामा पनि कुनै टिप्पणी नगर्ने अर्कमण्य नेताका रूपमा जो परिभाषित छन् ।

कतिपयले सोझा र इमानदार भएकाले ज्ञानेन्द्रले रक्तपातविनै राजगद्दी र श्रीपेच 'जनताको नासो जनतालाई' भनेर बुझाइदिएका हुन् । उनले चाहेको भए सेना प्रयोग गरी आफ्नो राजगद्दी बचाउन सक्थे पनि भन्ने गर्छन् । तर, यो सही होइन । ज्ञानेन्द्रले श्रीपेच आफ्नो व्यापार र सम्पत्ति बचाउन त्यागेका हुन् । उनी राजा कम, व्यापारी बढी थिए । राजगद्दी नछाडेको भए आज उनको हातमा सिन्को सम्पत्ति हुँदैनथ्यो । तर, समयसँगै पुनः ज्ञानेन्द्रको महत्त्वाकांक्षा बढ्दै गएको छ । यसले उनैलाई अनिष्ट गर्छ । गत चुनावमा पाँच प्रतिशत पनि मत पाउन नसकेको राप्रपाले राजतन्त्र पुनर्स्थापित गर्न सक्दैन । राजातन्त्र फर्काउने कुरा ज्ञानेन्द्र र राजेन्द्र लिङ्देनहरूको दिवास्वप्न मात्र हो ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं

पाकिस्तानी चुनावमा सैन्य हस्तक्षेप

पाकिस्तानमा चुनावी छेडखानीको इतिहास स्थापित छ, जहाँ सेनाले 'किङमेकर'को भूमिका खेल्ने गर्छ



देश/विदेश

● सायरा बानु

पाकिस्तानमा आमचुनाव सम्मुखमै आइसकेको छ र त्यहाँको मानवअधिकार आयोगले 'चुनावपूर्वको धाँधली' र चुनावी प्रक्रियामा भइरहेको 'नांगो छेडखानी'लाई लिएर महत्त्वपूर्ण चासो व्यक्त गरेको छ । ८ फेब्रुअरीमा हुन गइरहेको चुनाव सम्भवतः निष्पक्ष र स्वतन्त्र हुनेछैन । पाकिस्तानमा चुनावी छेडखानीको इतिहास स्थापित छ, जहाँ सेनाले 'किङमेकर'को भूमिका खेल्ने गर्छ । पाकिस्तानी राजनीतिमा सेनाको निरन्तरको हस्तक्षेपले हालको र त्यसपछि हुने चुनावको लोकतान्त्रिक प्रक्रियाको अखण्डतामाथि चासो निम्त्याएको छ ।

सेनाको कब्जा : पाकिस्तान स्वतन्त्र भएको ७६ वर्षको तीन दशकभन्दा बढी समययता शक्तिशाली सैन्य संस्थापनले बलियो प्रभाव जमाएको छ । जब सेना औपचारिक रूपमा सत्तामा थिएन, तब पनि सेनाले राजनीतिक मामिलामा अत्यधिक प्रभाव जमाउने गरेको आरोप लाग्ने गरेको थियो । सेनाले मुलुकमा प्रत्यक्ष शासन 'कु'का माध्यमबाट गर्दै आएको छ । सन् १९५८ देखि सन् १९६९ सम्म जनरल अयुब खान, सन् १९६९-१९७१ सम्म जनरल याह्या खान, सन् १९७७-१९८८ सम्म जनरल जिया-उल-हक र सन १९९९-२००८ सम्म जनरल परवेज मुसर्रफले पाकिस्तानमा शासन गरेका थिए ।

जब सेनाले प्रत्यक्ष शासन गरिरहेको हुँदैन, त्यसबेला पनि सेनाले राजनीतिक इन्जिनियरिङ गरेर राजनीतिक परिदृश्यमाथि प्रभाव पार्दै आएका छन् । पाकिस्तानमा सेनाले कुनै निश्चित पार्टीलाई छान्ने र त्यसलाई शक्तिमा पुऱ्याउने काम गर्दै आएको छ । नोभेम्बर २०२२ मा आफ्नो बिदाइ भाषण गर्दा जनरल कमर जावेद बाज्वाले खुलेरै सेनाले पूर्वप्रधानमन्त्री इमरान खानलाई सत्तामा पुऱ्याउन र नवाज सरिफलाई सत्ताच्युत गर्न भूमिका खेलेको उल्लेख गरेका थिए । राजनीति र सुरक्षाका सबै मामिलामा सेनाको भूमिका महत्त्वपूर्ण रहेको छ । सेनाले नेताको शक्तिलाई नियन्त्रण गर्दै उनीहरूलाई कठपुतलीका रूपमा प्रयोग गर्दै आएको छ ।

नवाज सरिफ : कठपुतली बनाउने प्रवृत्ति सन् २०१३ मा सरिफ सत्तामा चुनाव जितेर आउँदा र सेनाको कृपा नभएर सत्ताच्युत हुँदा पनि देखिएको थियो । विदेश र सुरक्षा नीतिलाई सेनाको प्रभावबाहिर राख्न खोज्दा सरिफ सत्तामा आएको केही वर्षमै बाहिरिनुपरेको थियो । सरिफले भारतसँगको सम्बन्धलाई सुधार्न खोज्दा सेनाले विरोध जनाएको थियो । पाकिस्तानी सेनाको अवश्यम्भावी भूमिकालाई भारतसँग भइरहने तनावले पुष्टि गर्ने गर्छ । सन् २०१४मा सरिफले नवनिर्वाचित प्रधानमन्त्री नरेन्द्र मोदीको शपथग्रहण कार्यक्रममा सहभागी भएर मित्रताको हात अघि सारेका थिए । मोदीले पनि सन् २०१५ मा लाहोरको छोटो भ्रमण गरेर आफ्नो तर्फबाट मित्रता निभाउने प्रयास गरे । धेरैले यो घटनापछि दुई मुलुकको सम्बन्ध सुध्रिने अपेक्षा गरेका थिए । तर, पाकिस्तानी सेनाको प्रभावका कारण यो नरमपन धेरै टिक्न सकेन । अन्ततः तीन कार्यकाल पूरा गरेका सरिफलाई भ्रष्टाचारको आरोप लगाउँदै सन् २०१७ मा सत्ताच्युत गरियो । सेनाले तत्पश्चात् इमरान खानलाई समर्थन जनायो र उनको पार्टी पाकिस्तान तेहरिक-ए-इन्साफलाई सन् २०१८ को चुनावमा साथ दियो ।

इमरान खान : इमरान खानले पाएको सेनाको समर्थनका कारण उनले चुनाव जितेका थिए । शक्तिशाली सेना र इन्टर-सर्भिसेस इन्टेलिजेन्स एजेन्सी (आइएसआई)ले सावधानीपूर्वक खानको सार्वजनिक छविलाई आर्थिक हिनामिनामा नपरेको सफा र स्पष्टवादी व्यक्तिको रूपमा तयार गरे र उनका विरोधीलाई भ्रष्ट राजनीतिज्ञको रूपमा चित्रण गरे । यो नियोजित प्रयासले देशमा रूपान्तरणकारी परिवर्तनको लागि जनतामा आशा भरिदिएको थियो । खानले सत्तारोहण गरेको केही समयपछि उनी र सेनाबीच तनाव उत्पन्न भयो । तनाव आइएसआई प्रमुखको नियुक्तिको असहमतिबाट उत्पन्न भएको थियो । तनाव चर्कियो, नतिजा सन् २०२२ मा अविश्वासको प्रस्तावका माध्यमबाट छोटो समयमै खान सत्ताच्युत भए ।



तस्बिर : फरिद खान/एपी फोटो

सत्ताच्युत भएपछि खानले सेनाको खुलेरै आलोचना गरेका थिए । नतिजा सेनाले इमरान खानलाई चुनाव लड्नबाट बन्देज लगाउने उपायमा काम गऱ्यो । खानलाई भ्रष्टाचारका कैयौं आरोपमा गिरफ्तार गरिएको थियो । खानले यी आरोपको खण्डन गर्दै आएका छन् । इमरान खानको पार्टी पिटिआईमाथि भइरहेको आक्रमणका कारण कैयौं नेता-कार्यकर्ता पार्टी छोडेर विपक्षी पार्टीमा जोडिन बाध्य भएका थिए । त्यति मात्रै नभई खान र उनका उम्मेदवारलाई चुनावमा उठ्न दिइएको छैन र च्याली गर्न एवं अनलाइन कोष उठाउन पनि दिइएको छैन । पिटिआईले सेनाले आफूलाई चुनावमा भाग लिन नदिएर लोकतन्त्र र राजनीतिक विविधतालाई कुल्चिन खोजेको आरोप लगाएको छ । यसबीचमा सेनाले अपदस्थ सरिफका कानुनी मुद्दालाई किनारा लगाइदिएको छ र उनलाई खानका विरुद्धको उम्मेद्वारको रूपमा घोषणा गरेको छ । अहिले सेनाको उद्देश्य भनेको खानलाई किन

इमरानलाई चुनावबाट टाढा राख्ने सेनाको पुरानो रणनीति

पाकिस्तानी राजनीतिमा उही पुरानो पटकथा पुनः दोहोरिएको छ। कुनै समय पाकिस्तानको शक्तिशाली सैन्य संस्थापनको प्यारो बनेका इमरान खानले यस साता एउटा होइन, दुई-दुईवटा मुद्दामा सजाय पाए। मंगलबार १० वर्षको जेल सजाय सुनाइएका खानलाई बुधबार अर्को मुद्दामा १४ वर्षको जेल सजाय सुनाइएको छ। दुई छुट्टाछुट्टै मुद्दामा भएको सजायले एउटा कुरा स्पष्ट पारेको छ, खानलाई अर्को साता हुने पाकिस्तानको आमनिर्वाचनबाट पर राख्न सेनाले कुनै कसर बाँकी राख्नेछैन।

पाकिस्तानको राजनीतिक इतिहासमा बारम्बार प्रयोग गरिएको यो चिरपरिचित रणनीतिबाट कुनै समय खान लाभान्वित भएको धेरै समय बितेको छैन। सन् २०१८ को निर्वाचनमा खान सेनाका उम्मेद्वारका रूपमा सेनाको कोपभाजनमा परेका पूर्वप्रधानमन्त्री नवाज सरिफविरुद्ध खडा गरिएका थिए। त्यस वेला सरिफमाथि भ्रष्टाचारको आरोप लागेको थियो र उनलाई प्रधानमन्त्री पदका लागि अयोग्य ठहर गरिएको थियो। सन् २०१८ जुलाईमा चुनाव हुनुभन्दा दुई हप्ताअघि सरिफलाई १० वर्षको जेल सजाय सुनाइएको थियो। अहिले पात्र र तिनको स्थान फेरिएको छ।

सरिफको ठाउँमा खान सेनाका आलोचक बनेका छन् र अहिले जेलमा थुनिएका छन्। उता सरिफले सेनाका जनरलसँग मेलमिलाप गरेका छन् र उनको सत्ता फिर्तीको बाटो खुला भएको छ। निर्वाचनमा धाँधली हुने आरोपबीच सरिफले चुनाव जित्ने पक्काजस्तै भएको विश्लेषण भइरहेको छ। खानलाई यसअघि नै चुनावमा भाग लिन प्रतिबन्ध लगाइएको थियो। तर, एकपछि अर्को वर्षौं लामो जेल सजायले सेनाको खानविरुद्धको अभियानलाई प्रतिबिम्बित गर्छ।

अविश्वासको मतमार्फत खानलाई अप्रिल २०२२ मा सत्ताबाट हटाइएको थियो। सेनाले खानलाई हराउन उनकै दलका केही सांसदलाई



सन् २०१८ जुलाईमा चुनाव हुनुभन्दा दुई हप्ताअघि नवाज सरिफलाई १० वर्षको जेल सजाय सुनाइएको थियो। त्यतिवेला सरिफ सेनाको तारो बनेका थिए भने इमरान प्यारो। अहिले पात्र र तिनको स्थान फेरिएको छ।

समेत उनीविरुद्ध मत दिन लोभ र दबाब दिएको व्यापक विश्वास गरिन्छ। त्यसपछि खानले पाकिस्तानी इतिहासमै पहिले नदेखिएको स्तरको सेनाको संस्थापन र पाकिस्तानी राजनीतिमा यसको कठोर नियन्त्रणविरुद्ध बोल्न थाले। तर, राजनीतिमा सेनाको प्रभावका कारणले खानको सेनाविरुद्धको अभियान सफल हुनेमा धेरैले आशंका व्यक्त गरेका थिए। अगस्टयता सेनाले खानको राजनीतिक करिअर र उनको दल पाकिस्तान तहरिक-ए-इन्साफ (पिटीआई) लाई ध्वस्त पार्न सबै हतकण्डा अवलम्बन गरेको देखिन्छ। त्यही समयदेखि खान पनि कैद छन्। यो कुरा खानलाई सजाय सुनाइएका दुवै मुद्दामा उचित न्यायिक प्रक्रियाको पालना नभएको कुराले पनि देखाउँछ। खुला अदालतको सट्टा खानलाई हिरासतमा राखिएको जेलभित्रै सुनुवाइमार्फत सजाय सुनाइएको छ। उनका वकिलहरूलाई कुनै पनि साक्षी छनोट गर्ने वा सोधपुछ गर्न अनुमति दिइएको छैन।

हालैका महिना पिटिआईविरुद्ध व्यापक धरपकड देखिएको छ। यसका जुलुसमाथि मात्र प्रतिबन्ध लागेको छैन, यस दलका समाचारसमेत टिभी च्यानलमा प्रसारण गर्न प्रतिबन्ध लागेको छ। यद्यपि मतदातामाझ अझै यो लोकप्रिय छ। धेरै पर्यवेक्षकले खानविरुद्ध सुनाइएका दोहोरो फैसलाले आगामी आमचुनाव पाकिस्तानको निकट इतिहासको सबैभन्दा कम विश्वसनीय हुनेतर्फ संकेत गरेको बताएका छन्। यो कुरा असामान्य रूपमा शान्त चुनाव अभियानमार्फत पनि झल्किन्छ। सेना चुनावको 'व्यवस्थापन' गर्न आफू खुलेर लागेको देखाउनसमेत डराउन छाडेको प्रतीत हुन्छ, भलै उसले अझै पनि आफू अराजनीतिक भएको दाबी गरिरहेको छ।

इमरान खानलाई विश्वास गर्ने पाकिस्तानका मतदातामाझ भने क्रोध र उदासीनताको भावना छाएको छ। अधिकांश एउटै गुनासो गर्छन्, पाकिस्तानी राजनीतिमा खासमा कहिल्यै केही बदलिँदैन।

- द गार्जियनका लागि हन्नाह एलिस-पिटरसेनको विश्लेषण

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१०/१८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लिखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धीत तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफुले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा सम्बन्धित पक्षहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

गल्छी शाखा, धादिङ

ऋणीको विवरण		व्यक्तिगत जमानत दिनेको विवरण	
१. अस्मिता थापा मगर ना.प्र.नं. २६३०३४/२७२ जारी मिति २०६३/१०/१३, जि.प्र.का. धादिङ बाबुको नाम : खिम बहादुर मगर पतिको नाम : जनक कुमार थापा मगर ससुराको नाम : श्री बहादुर थापा मगर स्थायी ठेगाना : कुम्पुर -५, धादिङ **कर्जा शिर्षक : आवधिक कर्जा**	**२. जनक कुमार थापा मगर** ना.प्र.नं. ९३६९ जारी मिति २०६०/१०/०८ जि.प्र.का. धादिङ बाबुको नाम : श्री बहादुर थापा मगर बाजेको नाम : मिन बहादुर थापा मगर स्थायी ठेगाना : कुम्पुर -५, धादिङ **कर्जा शिर्षक : आवधिक कर्जा**	**श्रीबहादुर थापामगर** ना.प्र.नं. ६३-०३१/३२ जारी मिति २०३१/११/२१ जि.प्र.का. धादिङ बाबुको नाम : मिन बहादुर थापामगर बाजेको नाम : गणेश बहादुर थापामगर स्थायी ठेगाना : कुम्पुर -५, धादिङ	**विकासकुमार थापामगर** ना.प्र.नं. ३६४८२ जारी मिति २०५७/०१/०७ जि.प्र.का. धादिङ बाबुको नाम : श्रीबहादुर थापामगर बाजेको नाम : मिनबहादुर थापामगर स्थायी ठेगाना : कुम्पुर -५, धादिङ

व्यक्तिगत जमानत दिनेको विवरण			
सुनिता थापा ना.प्र.नं. ९३८५ जारी मिति २०६०/१०/०८ जि.प्र.का. धादिङ बाबुको नाम : लोक बहादुर मगर पतिको नाम : विकाश कुमार थापा ससुराको नाम : श्री बहादुर थापा मगर स्थायी ठेगाना : सिद्धलेक गा.पा. -७, धादिङ	**मन माया मगर** ना.प्र.नं. ५ टो २९८२ जारी मिति २०४४/१२/०२ जि.प्र.का. धादिङ बाबुको नाम : रुद्र बहादुर पतिको नाम : श्रीबहादुर थापामगर ससुराको नाम : मिन बहादुर थापामगर स्थायी ठेगाना : सिद्धलेक गा.पा. -७, धादिङ	**अस्मिता थापा मगर** ना.प्र.नं. २६३०३४/२७२ जारी मिति २०६३/१०/१३ जि.प्र.का. धादिङ बाबुको नाम : खिम बहादुर मगर पतिको नाम : जनक कुमार थापा मगर ससुराको नाम : श्री बहादुर थापा मगर स्थायी ठेगाना : कुम्पुर -५, धादिङ	**जनक कुमार थापा मगर** ना.प्र.नं. ९३६९ जारी मिति २०६०/१०/०८ जि.प्र.का. धादिङ बाबुको नाम : श्री बहादुर थापा मगर बाजेको नाम : मिन बहादुर थापा मगर स्थायी ठेगाना : कुम्पुर -५, धादिङ

नारायणघाट शाखा, चितवन

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
लेखनिधि लोहनी ना.प्र.नं. ३५-१४३१, जारी मिति २०४०/०३/१९, जि.प्र.का. चितवन बाबुको नाम : खिमनिधी लोहनी बाजेको नाम : कृष्णनिधी लोहनी स्थायी ठेगाना : कल्याणपुर -६, चितवन **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**सावीत्री लोहनी** ना.प्र.नं. ८५१/०४६/४७, जारी मिति २०४६/१०/१८, जि.प्र.का. चितवन बाबुको नाम : ओधराज पाण्डे पतिको नाम : लेखनिधी लोहनी ससुराको नाम : खिमनिधी लोहनी स्थायी ठेगाना : नारायणपुर -४, चितवन

भरतपुर शाखा, चितवन

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा प्रा.लि.नं. ९६९२/०५५/०५६ अन्तर्गत मिति २०५५/०९/१२ मा दर्ता कायम भएको **लोहनी एण्ड वदर्श प्रा.लि.** कम्पनी दर्ता ठेगाना : भरतपुर न.पा. -७, कृष्णपुर शिवचोक, चितवन स्थायी लेखा नं. ३०००११३०४, मिति २०५५/१०/०३ **संचालक अध्यक्ष : खोपनिधी लोहनी** **कर्जा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड तथा ब्रिज ग्याप कर्जा**	**खोपनिधि लोहनी** ना.प्र.नं. १४३२ जारी मिति २०३८/०१/१८ जि.प्र.का. चितवन बाबुको नाम : खिमनिधी लोहनी बाजेको नाम : कृष्णनिधी लोहनी स्थायी ठेगाना : कल्याणपुर -६, चितवन	**लेखनिधि लोहनी** ना.प्र.नं. ३५-१४३१ जारी मिति २०४०/०३/१९ जि.प्र.का. चितवन बाबुको नाम : खिमनिधी लोहनी बाजेको नाम : कृष्णनिधी लोहनी स्थायी ठेगाना : कल्याणपुर -६, चितवन

व्यक्तिगत जमानत दिनेको विवरण		
शंकर प्रसाद लोहनी ना.प्र.नं. ९३९, जारी मिति २०३४/११/१० जि.प्र.का. चितवन बाबुको नाम : खिमनिधी लोहनी बाजेको नाम : कृष्णनिधी लोहनी स्थायी ठेगाना : कल्याणपुर -६, चितवन	**आनन्द लोहनी** ना.प्र.नं. ३५९०५, जारी मिति २०६४/०१/०४ जि.प्र.का. चितवन बाबुको नाम : खोपनिधी लोहनी बाजेको नाम : खिमनिधी लोहनी स्थायी ठेगाना : भरतपुर न.पा. -७, चितवन	**सन्देश लोहनी** ना.प्र.नं. ४११४०, जारी मिति २०६५/०३/१९ जि.प्र.का. चितवन बाबुको नाम : खोपनिधी लोहनी बाजेको नाम : खिमनिधी लोहनी स्थायी ठेगाना : भरतपुर न.पा. -७, चितवन

गीतानगर शाखा, चितवन

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण		
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ८६१९१/०६८/०६९ अन्तर्गत मिति २०६८/०५/१८ मा दर्ता कायम भएको **लोहनी एण्ड सन्स कन्स्ट्रक्सन प्रा.लि.** कम्पनी दर्ता ठेगाना : भरतपुर न.पा.-७, सिद्धार्थ टोल, चितवन स्थायी लेखा नं. ६००३३१२६३, मिति २०६८/०६/०४ **संचालक अध्यक्ष : लेखनिधी लोहनी** **कर्जा शिर्षक : आवधिक तथा सवारी साधन कर्जा**	**लेखनिधि लोहनी** ना.प्र.नं. ३५-१४३१ जारी मिति २०४०/०३/१९ जि.प्र.का. चितवन बाबुको नाम : खिमनिधी लोहनी बाजेको नाम : कृष्णनिधी लोहनी स्थायी ठेगाना : कल्याणपुर -६, चितवन	**अशोक लोहनी** ना.प्र.नं. १६६०६/०६२ जारी मिति २०६२/०२/०५ जि.प्र.का. चितवन बाबुको नाम : लेखनिधी लोहनी बाजेको नाम : खिमनिधी लोहनी स्थायी ठेगाना : भरतपुर -७, चितवन	**दिपक ढकाल** ना.प्र.नं. १८७/०४४ जारी मिति २०५५/०४/२८ जि.प्र.का. चितवन बाबुको नाम : नारायण प्रसाद ढकाल बाजेको नाम : भरत ढकाल स्थायी ठेगाना : भरतपुर -१३, चितवन

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६०६७५

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
१)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ११५७०५/०७०/०७१ अन्तर्गत मिति २०७०/०५/१९ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २, लाजिम्पाट स्थित **लास्ट फाइडे वार एण्ड ग्रील प्रा. लि.** **अध्यक्ष तथा जमानीकर्ता: पुरुषोतम सिलवाल** स्थायी ठेगाना: काठमाडौं जिल्ला, कोटेश्वर गा.प. वडा नं. ३ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, पेप्सीकोला बाबु: ठाकुर प्रसाद सिलवाल बाजे: कृष्ण बहादुर सिलवाल	**सृजना सिलवाल** स्थायी ठेगाना: ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा. वडा नं.४ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, पेप्सीकोला बाबु: ऋषिराम थापा ससुरा: ठाकुर प्रसाद सिलवाल पति: पुरुषोतम सिलवाल

धितोको विवरण

१) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ११५७०५/०७०/०७१ अन्तर्गत मिति २०७०/०५/१९ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २, लाजिम्पाट स्थित लास्ट फाइडे बार एण्ड ग्रील प्रा. लि. को नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, सौखेल गा.वि.स. वडा नं. ५ क (हाल दक्षिणकाली न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७०, ७५, ७७, १०६ र १९८ को क्षेत्रफल क्रमशः ३-७-०-०, ०-५-३-०, २-२-०-०, ०-१२-२-३ र ३-७-१-१ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

२) सवारी मोडल: MG GS 1.5T 7AT 2WD COM | च्यासिस नं.: LSJA24U90JS013091 | ईन्जिन नं.: 15E4E2DSH9200584 सवारी दर्ता नं.: बा २० च ८८४१

३) लास्ट फाइडे बार एण्ड ग्रील प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण	जमानीकर्ताको विवरण
२) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २३८०८९/०५७/०७८ अन्तर्गत मिति २०७७/०४/०४ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. १० स्थित **गोरखनाथ ट्रेडिङ प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: पुरुषोतम सिलवाल** स्थायी ठेगाना: काठमाडौं जिल्ला, कोटेश्वर गा.प. वडा नं. ३ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, पेप्सीकोला बाबु: ठाकुर प्रसाद सिलवाल बाजे: कृष्ण बहादुर सिलवाल	**सृजना सिलवाल** स्थायी ठेगाना: ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा. वडा नं.४ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, पेप्सीकोला बाबु: ऋषिराम थापा ससुरा: ठाकुर प्रसाद सिलवाल पति: पुरुषोतम सिलवाल

धितोको विवरण

१) कृष्ण बहादुर सिलवालको नाती, ठाकुर प्रसाद सिलवालको छोरा, काठमाडौं जिल्ला, कोटेश्वर गा.प. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, पेप्सीकोला बस्ने पुरुषोतम सिलवालको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, पाँगा बालकुमारी गा.वि.स. वडा नं. ४ क (हाल कीर्तिपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ७३२ र ७३८ को क्षेत्रफल क्रमशः ०-६-३-० र ०-२-१-० (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

२) कृष्ण बहादुर सिलवालको नाती, ठाकुर प्रसाद सिलवालको छोरा, काठमाडौं जिल्ला, कोटेश्वर गा.प. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, पेप्सीकोला बस्ने पुरुषोतम सिलवालको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गोंगबु गा.वि.स. वडा नं. ४ (हाल ठोखा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ९ को क्षेत्रफल २६०.३० (व.मि.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

३) सवारी मोडल: PRO1055 C DSD MINI TRUCK | च्यासिस नं.: MC2B6CRC0LL475886 | ईन्जिन नं.: E413CDLL332601 | सवारी दर्ता नं.: प्र ३ -०१-००३ क ७४९१

४) गोरखनाथ ट्रेडिङ प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण	जमानीकर्ताको विवरण
३) पुरुषोतम सिलवाल स्थायी ठेगाना: काठमाडौं जिल्ला, कोटेश्वर गा.प. वडा नं. ३ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, पेप्सीकोला बाबु: ठाकुर प्रसाद सिलवाल बाजे: कृष्ण बहादुर सिलवाल	**ठाकुर प्रसाद सिलवाल** ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, पेप्सीकोला बाबु: कृष्ण बहादुर सिलवाल बाजे: चेत सिंह सिलवाल

धितोको विवरण

सवारी मोडल: Maruti Suzuki Baleno Delta | च्यासिस नं.: MA3EWB22SGF192780 | ईन्जिन नं. K12MN-4166479 | सवारी दर्ता नं.: बा १५ च ४८२३

ऋणीको विवरण

२) १) प्रदेश सरकार, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग विकास समिति गण्डकी प्रदेश, दमौली, तनहुँमा प्रा.फ.र.नं. १९६१/०६९/०७० स्थानीय व्यापार अन्तर्गत मिति २०६७/०८/०१ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १ स्थित **एस टी मोवाइल सर्भिस सेन्टर**

प्रोप्राईटर तथा जमानीकर्ता: सुदिर थापा
स्थायी ठेगाना : काभ्रे जिल्ला, बल्थली गा.वि.स. वडा नं. ८
हालको ठेगाना : तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १
बाबु : सुकदेव थापा
बाजे : नर बहादुर थापा

२) जुना क्षेत्री
स्थायी ठेगाना : गोरखा जिल्ला, मिरकोट गा.प. वडा नं. १
हालको ठेगाना : तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १
बाबु : राम बहादुर क्षेत्री
ससुरा : नर बहादुर थापा
पति : शुकदेव थापा

३) प्रदेश सरकार, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग विकास समिति गण्डकी प्रदेश, दमौली, तनहुँमा प्रा.फ.र.नं. ५४८१/०७५/०७५ स्थानीय व्यापार अन्तर्गत मिति २०७५/११/१९ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १ स्थित **मनकामना मोवाइल पसल**

प्रोप्राईटर तथा जमानीकर्ता: सुदन थापा
स्थायी ठेगाना : काभ्रे जिल्ला, बल्थली गा.वि.स. वडा नं. ८
हालको ठेगाना : तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १
बाबु : सुकदेव थापा
बाजे : नर बहादुर थापा

धितोको विवरण

१) राम बहादुर क्षेत्रीकी छोरी, नर बहादुर थापाकी बुहारी, शुकदेव थापाकी पत्नि, गोरखा जिल्ला, मिरकोट गा.प. वडा नं. १, स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १ बस्ने जुना क्षेत्रीको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, वन्दिपुर गा.वि.स. वडा नं. १ क, स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ३-०-३-० (रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

२) एस टी मोबाइल सर्भिस सेन्टर र मनकामना मोवाइल पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) जुना क्षेत्री	२) शुकदेव थापा	३) सुदन थापा	सुदिर थापा
स्थायी ठेगाना: गोरखा जिल्ला, मिरकोट गा.प. वडा नं. १ हालको ठेगाना : तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १ बाबु : राम बहादुर क्षेत्री ससुरा : नर बहादुर थापा पति : शुकदेव थापा	स्थायी ठेगाना : काभ्रे जिल्ला, खोपासी गा.प. वडा नं. ५ हालको ठेगाना : तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १ बाबु : नर बहादुर थापा बाजे : ठेक बहादुर थापा	स्थायी ठेगाना: काभ्रे जिल्ला, बल्थली गा.वि.स. वडा नं. ८ हालको ठेगाना : तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १ बाबु : शुकदेव थापा बाजे : नर बहादुर थापा	स्थायी ठेगाना: काभ्रे जिल्ला, बल्थली गा.वि.स. वडा नं. ८ हालको ठेगाना : तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १ बाबु : सुकदेव थापा बाजे : नर बहादुर थापा

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय क

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार १८ माघ ०८०

रानी जमरा कुलरियाको ४.७१ मेगावाट विद्युत् राष्ट्रिय प्रणालीमा

धनगढीमा **तेजराज भट्ट**

कैलालीस्थित राष्ट्रिय गौरवको रानी जमरा कुलरिया सिँचाइ आयोजनाबाट उत्पादित ४.७१ मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ। गत पुस पहिलो साताबाट आन्तरिक परीक्षण उत्पादन सुरु भएको आयोजनाको विद्युत् मंगबारदेखि राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको आयोजनाको वरिष्ठ डिभिजनल इन्जिनियर टोपबहादुर खत्रीले जानकारी दिए।

निर्माणकै चरणमा रहेको आयोजनाले 'बाइप्रडक्ट'को रूपमा विद्युत् उत्पादन सुरु गरेको हो। आयोजनाले जानकी गाउँपालिकास्थित कटासेमा रहेको विद्युत्गृहमा तीनवटा टर्वाइन छन्। विद्युत् उत्पादन गर्न कर्णाली नदीबाट ८० क्युसेक पानी लगिएको छ। त्यसमध्ये सिँचाइका लागि ५५ क्युसेक पानी नहरमा छोडिएको छ। बाँकी पानी आयोजनास्थलभन्दा करिब पाँच सय मिटर तलबाट कर्णाली नदीमै फर्काइएको छ।

यो बिजुली नेपाल विद्युत् प्राधिकरणको लम्कीस्थित सबस्टेसनमा जोडिएको छ। विद्युत्गृहदेखि सबस्टेसनसम्म ६ किलोमिटर लामो प्रसारण लाइन बनाइएको छ। आयोजना कार्यालयका अनुसार एक अर्ब ७३ करोडको लागतमा विद्युत् आयोजना, ५.८ किलोमिटर सिँचाइ नहर र अन्य संरचना निर्माण गर्न एसइडब्लू-तुन्डी कन्स्ट्रक्सन जेभीसँग २० असार ०७१ मा सम्झौता गरेको थियो। त्यसमध्ये विद्युत् आयोजनाको मात्र लागत ५५ करोड रुपैयाँ रहेको छ।

हिउँदका कारण अहिले प्राधिकरणले भारतबाट बिजुली आयात गरिरहेको छ। यस्तो समयमा रानी जमरा कुलरिया आयोजनाबाट प्राप्त ४.७१ मेगावाट बिजुलीले स्वदेशी माग धान्न सहयोग पुग्ने प्राधिकरणको अत्तरिया ग्रिड प्रमुख उपेन्द्र श्रेष्ठले बताए। सुदूरपश्चिमको माग धान्न टनकपुर प्रसारणलाइनबाट ७० मेगावाट विद्युत् आयात भइरहेको छ। अब त्यसमा कमी आउने श्रेष्ठले बताए। रानी जमराको विद्युत्ले कम्तीमा दुई जिल्लाको घरायसी माग (लोड) धान्न सक्नेछ।

यस्तै, यो आयोजनाबाट १२ महिना पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्न सकिन्छ। नदी प्रवाहमा आधारित (आरओआर) जलविद्युत् आयोजनामा जस्तो हिउँदमा कम र बर्खामा पूर्ण क्षमतामा विद्युत् उत्पादन हुने प्रवृत्ति यसमा हुँदैन। त्यो अवस्थामा हिउँद र बर्खाको विद्युत् उत्पादनमा हुने अन्तरलाई कम गर्न यस्ता आयोजनाको महत्त्वपूर्ण योगदान हुने आयोजनाका वरिष्ठ डिभिजनल इन्जिनियर वीरसिंह धामीले बताए। उनका अनुसार आयोजनाबाट वार्षिक ४२ गिगावाट आवर विद्युत् उत्पादन हुनेछ।

बंगलादेशले ४० मेगावाट विद्युत् किन्न नेपालसँग माग्यो प्रस्ताव

प्रतियुनिट ९.३३ देखि १०.६३ रुपैयाँको रेन्जमा विद्युत् बिक्री गर्ने तयारी, डलरमा पिपिए गरिने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

बंगलादेशले ४० मेगावाट विद्युत् खरिद गर्न नेपालसँग प्रस्ताव (रिक्वेस्ट फर प्रपोजल) मागेको छ। बंगलादेशको पावर डेभलपमेन्ट बोर्डले नेपाल विद्युत् प्राधिकरणसँग यस्तो प्रस्ताव मागेको हो। यससँगै बंगलादेशले विद्युत् खरिद सम्झौता (पिएसए)का लागि महसुल दरलगायतका आर्थिक तथा प्राविधिक पक्ष खुलाएर प्रस्ताव पेस गर्न आह्वान गरेको छ। केही समय नेपालबाट विद्युत् किन्ने विषयलाई बेवास्ता गरेको बंगलादेशले अहिले भने आफैं प्रस्ताव पेस गर्न अनुरोध गरेको छ।

नेपाल र बंगलादेशबीच विद्युत् व्यापार गर्न भारतलाई समेत सहभागी गराएर त्रिपक्षीय सम्झौता गर्ने तयारी भइरहेको छ। प्राधिकरण, बंगलादेशको पावर डेभलपमेन्ट बोर्ड र भारतको एनटिपिसी विद्युत् व्यापार निगमबीच हुने त्रिपक्षीय सम्झौता भारतीय प्रसारणलाइनको प्रयोगलगायतका नीतिगत विषयवस्तुमा केन्द्रित हुनेछ। यसको मस्यौदा पनि तयार भइसकेको छ। यसबाहेक विद्युत्को खरिद दर, खरिद कानुनसहितका आर्थिक तथा प्राविधिक पक्षमा सम्झौता गर्ने गरी बंगलादेशले प्रस्ताव पेस गर्न भनेको प्राधिकरणका उपकार्यकारी निर्देशक प्रदीप थिकेले जानकारी दिए। बंगलादेशले खरिद प्रक्रियासमेत पूरा गर्न पनि उक्त प्रस्ताव मागेको उनको भनाइ छ।

अब प्राधिकरणले त्यससम्बन्धी फर्म भरेर बंगलादेशलाई पठाउनेछ। त्यसमा बंगलादेश सहमत भएपछि अन्तिम सम्झौता हुनेछ। 'अब के-कति दरमा बंगलादेशमा विद्युत् बिक्री गर्नेलगायतको प्रस्ताव बोर्डमा पेस गर्छौं। बोर्डबाट स्वीकृत भएपछि बंगलादेशमा विद्युत् बिक्री गर्ने प्रस्ताव पेस गर्छौं,' थिकेले बताए।

जिएमआरले नौ सय मेगावाटको अपर कर्णाली जलविद्युत् आयोजनाको पाँच सय मेगावाट विद्युत् बंगलादेशमा बिक्री गर्दै छ। त्यसमा प्रतियुनिट ७.७१२ सेन्ट (०.०७७१२ डलर अर्थात् वर्तमान विनिमय दरअनुसार १०.२६ रुपैयाँ) खरिददर तोकिएको छ। प्राधिकरणले सोही विन्दु हाराहारीमा बंगलादेशसँग पिएसए गर्ने योजना बनाएको छ। प्राधिकरण स्रोतकाअनुसार बंगलादेशसँग डलरमा विद्युत् खरिद सम्झौता गरिनेछ। प्रतियुनिट ७ सेन्टदेखि ८ सेन्टसम्मको रेन्जमा विद्युत् बिक्री गर्ने गरि बिडिङ गर्ने तयारी गरिएको छ। बुधबारको बिनिमयदर (१३३.२८ प्रतिडलर) अनुसार यो ९.३३ रुपैयाँदेखि १०.६३ रुपैयाँसम्मको रेन्ज हो। प्राधिकरणले बर्खामा आयोजनाहरूबाट प्रतियुनिट ४.८० रुपैयाँमा विद्युत् खरिद गर्छ, त्यो अवस्थामा उक्त मूल्यमा विद्युत् बिक्री गर्दा फाइदा नै हुने प्राधिकरणको दाबी छ। नेपालले मध्यकालीन रूपमा भारतमा ५.२५ भारुमा विद्युत् बिक्री गरिरहेको छ।

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

Global Remit ग्लोबल रेमिट

■ आउँदो बर्खाबाटै बंगलादेशमा विद्युत् निर्यात गर्ने तयारी

अब त्रिपक्षीय सम्झौतालगायतका बाँकी प्रक्रिया पूरा गरेर आउँदो बर्खा (असार)बाटै बंगलादेशमा विद्युत् निर्यात गर्ने योजना प्राधिकरणले बनाएको छ। १ असारदेखि ३० कात्तिक ३० (जुन १५ देखि नोभेम्बर १५) सम्म विद्युत् निर्यात गर्ने गरि सम्झौता गरिनेछ। प्राधिकरणले गएकै बर्खाबाट विद्युत् बिक्री गर्ने योजना बनाए पनि त्रिपक्षीय सम्झौता नहुँदा त्यो सफल भएन।

गत पुस २० गते सम्पन्न नेपाल-भारत ऊर्जा बैठकमा भारतले त्रिपक्षीय सम्झौता गर्ने प्रतिबद्धता गरिसकेको छ। अब त्रिपक्षीय सम्झौता, पिएसएलगायतका प्रक्रिया पूरा गरेर आगामी बर्खाबाटै ४० मेगावाट विद्युत् भारतमा बिक्री गरिने प्राधिकरणका एक उच्च अधिकारीले बताए।

बंगलादेशमा २३.२८ मेगावाटको त्रिशूली र १९.४० मेगावाटको तल्लो मोदी जलविद्युत् आयोजनाको विद्युत् बिक्री गर्दिँदै छ। उक्त आयोजनाको बिजुली आफ्नो प्रसारणलाइन हुँदै बंगलादेश लैजान भारतले यसअघि नै स्वीकृतिसमेत दिइसकेको छ। बंगलादेशमा पनि विद्युत् निर्यात गर्न निश्चित आयोजनालाई स्रोत देखाएर भारतबाट पूर्वस्वीकृति लिनुपर्ने भारतीय सर्त छ।

■ छलफलमा त्रिपक्षीय सम्झौताको मस्यौदा

त्रिपक्षीय सम्झौताको मस्यौदाबारे नेपाल र भारतले आन्तरिक रूपमा छलफल गरेका छन्। बंगलादेशले बनाएको उक्त मस्यौदा अहिले छलफलकै क्रममा रहेको प्राधिकरणका एक उच्च अधिकारीले बताए। अब छिट्टै छलफल सम्पन्न गरेर त्रिपक्षीय सम्झौता गरिने प्राधिकरणका एक उच्च अधिकारीले बताए।

नेपाल र बंगलादेश एक-अर्कामा सीमा जोडिएका देश होइनन्। दुई देशबीच डेडिकेटेड अन्तरदेशीय प्रसारणलाइन पनि छैन। त्यसैले तत्काललाई भारतीय प्रसारणलाइन हुँदै बंगलादेश विद्युत् पुऱ्याउने योजना छ। त्यसबापत भारतले ह्विलिङ चार्ज पाउनेछ। भारतमा प्रसारणलाइन प्रयोग गर्दा एक युनिट विद्युत्को ५० पैसा (भारु) ह्विलिङ चार्ज तिर्नुपर्छ।

Upakar Laghubitta Bittiya Sanstha Limited
उपकार
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था
Head Office Kohalpur-11 Banke

भुल सुधार सम्बन्धमा

यस उपकार लघुवित्त वित्तीय संस्था लि. ले संस्थापकहरुलाई बाँडफाँड गरिएको शेयरको लक इन (Lock In) अवधि समाप्त भएको बारेको सूचना मिति २०८०/१०/१७ गते प्रकाशित गरेको सूचनाको सम्बन्धमा :

यस उपकार लघुवित्त वित्तीय संस्था लि. मिति २०७५/०४/२५ मा दर्ता भई मिति २०७५/१०/१७ बाट वित्तीय कारोबार सञ्चालन गर्दै आएको र साधारण शेयर मिति २०७८/१२/२५ गतेदेखि मिति २०७८/१२/३० गतेसम्म सर्वसाधारणमा (कर्मचारीहरू समेतमा) निष्काशन तथा बिक्री खुल्ला गरी मिति २०७९/०१/०९ गते बाँडफाँड गरिएको व्यहोरा अनुरोध छ। यस उपकार लघुवित्त वित्तीय संस्था लि. को संस्थापक शेयरधनीहरुको शेयर संस्थापकहरुको डिम्याट् खातामा जम्मा गर्दा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ (१) को व्यवस्था अनुसार मिति २०८०/१०/१६ (वित्तीय कारोबार सञ्चालन मितिले पाँच वर्ष) सम्म लक इनमा राखिएकोमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा ३८ (१) बमोजिम विवरणपत्र प्रकाशन गरी निष्काशन गरिएको धितोपत्र बाहेक अन्य समूहको धितोपत्र संगठित संस्थाले सर्वसाधारणका लागि प्राथमिक सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न नपाईने व्यवस्था रहेकोले यस उपकार लघुवित्त वित्तीय संस्था लि. को संस्थापक शेयरधनीलाई बाँडफाँड गरिएको शेयर मिति २०८२/०१/०९ बाट मात्र कारोबार गर्नका लागि योग्य हुने जानकारीका लागि अनुरोध गर्दछौं। साथै धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा ३८ (१) अनुसार मिति २०८२/०१/०८ सम्मका लागि यस संस्थाका संस्थापकहरुको धितोपत्र (शेयर) रोक्का राखिने व्यवस्था मिलाईएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछौं।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा ३८ (१) अनुसार सर्वसाधारणमा निष्काशन तथा बिक्री खुल्ला गरी बाँडफाँड गरिएको मितिले ३ वर्ष पुरा हुनु अगाडिनै संस्थापकहरुलाई बाँडफाँड गरिएको शेयरको लक इन अवधि समाप्त हुनगएकोमा र यसबाट पर्न गएको असुविधा प्रति हामी क्षमाप्रार्थी छौं।

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१०/१८ गते

यस माछापुच्छ्रे बैंक लि. स्वयम्भु शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको हायर पर्चेज र प्रोफेशनल आवधिक कर्जाको साँवा, ब्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा ब्याज, थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना	धितोमा रहेको सम्पतिको विवरण
उमेश प्रसाद सुवेदी ना.प्र.नं. ४६२९१, जि.प्र.का. नुवाकोट जारी मिति : २०५३/०८/१० बाबु : सोम नाथ सुवेदी बाजे : विश्वनाथ सुवेदी ठेगाना : नुवाकोट जिल्ला, कुमरी वडा नं. ८	धनी यस माछापुच्छ्रे बैंक लि. र ऋणी उमेश प्रसाद सुवेदीको नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेका निम्न बमोजिमको सवारी साधनहरु : १. सवारी मोडल : Mahindra TRUXO 31 Cabin, सवारी दर्ता नं. : ना ६ ख ४०६५ Engine No. : BAGZA10557, Chasis No. : MA1PFAHBCG6A48554 २. सवारी मोडल : Mahindra TRUXO 31 Cowl, सवारी दर्ता नं. : ना ६ ख ५६१५ Engine No. : BAGZC12115, Chasis No. : MA1PFAHBCG6C47704
व्यक्तिगत जमानतकर्ताहरु	
१. उमेश प्रसाद सुवेदी ना.प्र.नं. ४६२९१, जि.प्र.का. नुवाकोट जारी मिति : २०५३/०८/१० बाबु : सोम नाथ सुवेदी, बाजे : विश्वनाथ सुवेदी ठेगाना : नुवाकोट जिल्ला, कुमरी वडा नं. ८	**२. नीशा सुवेदी** ना.प्र.नं. २३४००, जि.प्र.का. काठमाडौं, जारी मिति : २०६२/०६/१४ बाबु : बलभद्र नेपाल, पति : उमेश प्रसाद सुवेदी, ससुरा : सोम नाथ सुवेदी ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४ हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ५
३. धुर्व प्रसाद सुवेदी ना.प्र.नं. ३३३०९, जि.प्र.का. काठमाडौं, जारी मिति : २०४९/१०/१९ बाबु : सोम नाथ सुवेदी, बाजे : विश्वनाथ सुवेदी ठेगाना : नुवाकोट जिल्ला, कुमरी वडा नं. ८	

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, स्वयम्भु

पेट्रोलियमको मूल्यवृद्धि

खाना पकाउने ग्यास प्रतिसिलिन्डर १५ रुपैयाँ तथा पेट्रोल प्रतिलिटर चार र डिजेल दुई रुपैयाँ महँगियो

काठमाडौं/ नेपाल आयल निगमले इन्धनको मूल्य बढाएको छ। बुधबार मध्यरातदेखि लागू हुने गरी निगमले पेट्रोल, डिजेल, मट्टीतेल र खाना पकाउने एलपी ग्यासको मूल्य बढाएको हो। भारतको इन्डियन आयल कर्पोरेसनबाट भाउ बढेर आएपछि निगमको सञ्चालक समितिले यस्तो निर्णय गरेको हो। पेट्रोलमा प्रतिलिटर चार रुपैयाँले मूल्य बढेर एक सय ७० रुपैयाँ पुगेको छ। त्यस्तै, डिजेल र मट्टीतेलको भाउ लिटरमा दुई रुपैयाँले बढाएर एक सय ५८ रुपैयाँ प्रतिलिटर कायम भएको छ। खाना पकाउने एलपी ग्यासको मूल्य प्रतिसिलिन्डरमा १५ रुपैयाँले बढेर एक हजार नौ सय १० रुपैयाँ कायम भएको छ।

ग्यासबाहेकको अरू इन्धनको यो मूल्य काठमाडौं, पोखरा र दिपायलमा लागू हुन्छ। दोस्रो वर्गमा रहेको सुर्खेत र दाङको हकमा यो लिटरमा एक रुपैयाँ सस्तो हुन्छ। दोस्रो वर्गको तुलनामा पहिलो वर्गमा रहेको चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, धनगढी र वीरगन्जमा यी इन्धनको मूल्य लिटरमा दुई रुपैयाँले कम पर्छन्। भारतबाट पेट्रोल लिटरमा ४.५३ रुपैयाँले र डिजेल २.३२ रुपैयाँले बढेर आएको थियो। त्यस्तै, एलपी ग्यासको मूल्य प्रतिसिलिन्डर १५.७८ रुपैयाँले बढेर आएको थियो।

पाँच अर्बको सेयर कारोबार

काठमाडौं/ बुधबार एकै दिन सेयर बजारमा पाँच अर्ब २९ करोड ५६ लाख रुपैयाँको कारोबार भएको छ। त्यस्तै, नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)मा तीन सय १३ कम्पनीको एक करोड ४७ लाख कित्ता सेयर खरिद-बिक्री भएको छ।

बुधबारको नेप्से सूचक सातामै पहिलोपटक गिरावट आएको हो। नेप्से सूचक २१ दशमलव ६७ अंकले घटेर दुई हजार ९७ दशमलव ९३ विन्दुमा आइपुगेको छ। लगातार तीन दिनसम्म ३१ दशमलव ५१ अंकले बढेर नेप्से सूचक पुनः दुई हजारको विन्दुमा आइपुगेको हो।

घटेको बजारमा जलविद्युत् समूहको सेयरमूल्य भने उच्च अंकले बढेको छ। जसमा सामलिङ पावर कम्पनीको ९.८७ प्रतिशत र मन्दाकिनी हाइड्रोपावर कम्पनीको ९.६७ प्रतिशतले सेयर मूल्य बढेको छ। त्यस्तै, पिपुल्स पावर, रावा इनर्जी डेभलपमेन्ट र पिपुल्स हाइड्रोपावर कम्पनीको सेयरमूल्य ४.९१ प्रतिशतदेखि ७.६७ प्रतिशतले बढेको छ।

बुधबार सर्वाधिक कारोबार गर्ने कम्पनीमा हिमालयन रिइन्स्योरेन्स रहेको छ। कम्पनीको ६३ करोड ८७ लाख रुपैयाँको कारोबार भएको छ। त्यस्तै, एनआरएन इनफ्रास्ट्रक्चर एन्ड डेभलपमेन्टको २६ करोड एक लाख ७२ हजार रुपैयाँको कारोबार भएको छ। त्यस्तै, न्यादी ग्रुपपावर, नेपाल रिइन्स्योरेन्स कम्पनी र हाथवे इन्भेस्टमेन्ट नेपाल पनि सर्वाधिक कारोबार हुने कम्पनीमा परेका छन्।

त्यसैगरी, मेन्चियम हाइड्रोपावर, स्वाभिमान लघुवित्त वित्तीय संस्था, अपर स्यांगे हाइड्रोपावर, मेघा म्युचुअल फन्ड, न्यादी ग्रुपपावर कम्पनीको ४.९७ प्रतिशतदेखि ५.८७ प्रतिशतले बढेको छ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौं
फोनः ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/१०/१८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय असन, काठमाण्डौंबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरिकाले गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीत(कर्तालाइ यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणीलाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणी/सञ्चालक/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
ऋणीको नाम: सिद्धार्थ काष्ठ उद्योग ठेगानाः चन्द्रागिरी न.पा–१३, काठमाडौं दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं प्राइभेट फर्म दर्ता नं.: १२९१/०५०, दर्ता मितीः २०५०/१२/२५ पान नं. : ५०००७९५०८ **सञ्चालक/जमानीकर्ताको नाम :** **कमल प्रसाद गौतम** बाबुको नामः रवि लाल गौतम बाजेको नामः नन्द केशर गौतम ठेगानाः गुन्सी-भर्दौरे–०७, रामेछाप ना.प्र.नं.: ११५२, जारी मिति : २०४५/०१/१२ जारी गर्ने कार्यालयः जि.प्र.का.रामेछाप **कर्जा शिर्षक : एस एम ई अधिविकर्ष कर्जा** **कर्जा लिएको शाखा : असन, काठमाडौं**	**क) नाम: रमा कुमारी दंगाल** पतिको नामः कमल प्रसाद गौतम ससुराको नाम : रवि लाल गौतम ठेगानाः चन्द्रागिरी–१३, काठमाडौं ना.प्र.नं.: १७३११, जारी मिति : २०४७/०६/०१ जारी गर्ने कार्यालय : जि.प्र.का. मकवानपुर (हाल काठमाडौं) **ख) नाम: आकाश गौतम** बाबुको नामः कमल प्रसाद गौतम बाजेको नामः रवि लाल गौतम ठेगानाः गुन्सी-भर्दौरे–०७, रामेछाप ना.प्र.नं.: २१-०१-७१-४५३७६, जारी मिति : २०७१/०५/०५ जारी गर्ने कार्यालय : जि.प्र.का. रामेछाप **३) नाम: आयुष गौतम** बाबुको नामः कमल प्रसाद गौतम बाजेको नामः रवि लाल गौतम ठेगानाः सुनापती–१, रामेछाप ना.प्र.नं.: २१-०१-७५-०१०४९ जारी मिति : २०७५/०२/२० जारी गर्ने कार्यालय : जि.प्र.का. रामेछाप
सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय कलंकी काठमाडौंमा रमा कुमारी दंगाल (गौतम)को नाममा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला, पुरानो नैकाप-९ स्थित कि.नं. ११२ को क्षेत्रफल ०-४-१-० (१३५.११ वर्ग मि.) को घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

सेन्ट्रल फाईनान्स लिमिटेडको नाममा रहेको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्रि गर्ने बारेको गोप्य शिलबन्दी लिलाम बढाबढ सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८०/१०/१८, बिहीबार

यस संस्थाको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको जग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा यस संस्थाको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा खरिद गरी लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ३६ औ दिन वा सो दिन सार्वजनिक बिदा परे सो पछि कार्यालय खुलेको दिन दिनको ३:०० बजे खोलिने हुँदा बोलपत्रवाला वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ।

तपसिल

क्र.सं	जिल्ला	न.पा./गा.वि.स	वडा नं.	किता नं.	क्षेत्रफल	कैफियत
१.	काठमाण्डौं	साङ्ला	६ग	१०७८	०-८-३-२ (रो-आ-पैसा-दाम)	घर जग्गा
२.	रौतहट	जुडिबेला	५	७४२	०-१०-०-० (विगाहा- कठ्ठा -धुर -कनवा)	जग्गा

लिलामीका शर्तहरु

१) गोप्य शिलबन्दी बोलपत्र फाराम यस संस्थाको केन्द्रीय कार्यालय कुपण्डोल ललितपुरबाट रु.१०००।- तिरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ। फोटोकपी बोलपत्र फारामलाई मान्यता दिइने छैन।
२) गोप्य शिलबन्दी बोलपत्र फाराममा आफुले कबुल गरेको रकम अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ।
३) गोप्य शिलबन्दी बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत रकम नगदै यस संस्थाको खाता रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गरेको भौचर वा यस संस्थाको नाममा खिचिएको GOOD FOR PAYMENT को चेक बोलपत्र साथ पेश गर्नुपर्नेछ।
४) बोलपत्रका साथ बोलपत्रदाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाण पत्र तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
५) लिलाममा चढाएको सम्पत्ति सम्बन्धमा आवश्यक जानकारी लिन चाहने व्यक्तिले कार्यालय समय भित्र संस्थाको केन्द्रीय कार्यालय ललितपुर, कुपण्डोलमा सम्पर्क राखी जानकारी लिन सक्नुहुनेछ।
६) उपरोक्त गैर बैंकिङ्ग सम्पत्ति खरिद गर्न एकमुष्ट वा अलग अलग बोलपत्र पेश गर्न सकिनेछ।
७) बोलपत्र स्वीकृत भई संस्थाद्वारा निर्णय जानकारी गराई तोकिएको मिति भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा दाखिल खारेज नामसारी गरिलिनु पर्नेछ। म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
८) कुनै शर्त राखी वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको गोप्य शिलबन्दी बोलपत्र स्वतः रद्द हुनेछ।
९) गोप्य शिलबन्दी बोलपत्र खोलिने दिन बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।
१०) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी, दाखिला खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ।
११) बोलपत्र सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दावी गर्न पाईने छैन।
१२) गोप्य शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार वित्तीय संस्थामा निहित रहनेछ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८० साल फागुन महिना २३ गते बुधबार कार्यालय समय भित्र।
शिलबन्दी बोलपत्र खोलिने मिति : २०८० साल फागुन महिना २४ गते बिहीबार दिनको ३:०० बजे।
बोलपत्र खोलिने स्थान : सेन्ट्रल फाइनान्स लिमिटेड, केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुर।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रीय कार्यालय : कानदेवता स्थान, कुपण्डोल, ललितपुर, फोन नं. ५९७०००५
इमेलः info@centralfinance.com.np वेबसाइटः www.centralfinance.com.np

अत्यन्त जरूरी सूचना

यस समितिको साधारणसभा एवं चुनाव यही २०८० माघ २७ गते शनिबार बिहान ११ बजेदेखि सुरु हुने भएकाले सदस्यहरूलाई कार्यक्रम सम्बन्धी पत्र पठाइसकेको छ। कारणवश पत्र नपाउनु हुने महानुभावले यसैलाई सूचना मानी कार्यक्रममा भाग लिनु हुन अनुरोध गर्दछु।

भवदीय
भुवनलाल श्रेष्ठ
अध्यक्ष
श्री तानादेवी (तारिणी भवानी) संरक्षण समिति, मखन

मुद्दा नं. ०७७-cp-११३७ फाँट-अभियान-ख

**श्री धनुषा जिल्ला अदालतबाट प्रतिवादी जिल्ला काठमाडौं गोकर्णेश्वर नगरपालिका वडा नं. ६ जोरपाटी स्थित दिपेश एण्ड दिपिका इन्टरप

आजदेखि नेपाल बिल्डकन अन्तर्राष्ट्रिय एक्स्पो

काठमाडौं/ निर्माण व्यवसायसँग सम्बन्धित उत्पादन तथा प्रविधिको प्रदर्शनी गरिने 'नेपाल बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनी विहिवार देखि सुरु हुने भएको छ। काठमाडौंको भृकुटीमण्डपमा निर्माण व्यवसायसँग सम्बन्धित उत्पादन र यस क्षेत्रका नवीनतम प्रविधिका बारेमा जानकारी गराउने एवं नेपाली उत्पादन र प्रविधिलाई अन्तर्राष्ट्रिय बजारसम्म पहुँच पुऱ्याउने उद्देश्यले आयोजना हुन लागेको एक्स्पो २१ माघसम्म चल्नेछ।

मिडिया स्पेस सोलुसन्स प्रालि र फ्युचरएक्स ट्रेड फियर एन्ड इभेन्ट्स प्रालिले संयुक्त रूपमा विगत आठ वर्षदेखि आयोजना गर्दै आइरहेको एक्स्पोको तयारी पूरा भएको आयोजकले जनाएका छन्। नवौं संस्करणको बिल्डकन एक्स्पोमा विभिन्न प्रोफाइल, भ्यूयाल तथा ढोका, आर्किटेक्चरल हार्डवेयर, बाथरुम फिटिङ, पाइप्स, टायल, जस्तापाता, कंक्रिट ब्लक उत्पादन गर्ने मेसिन, आल्मुनियम प्यानेललगायत सामग्री, उपकरण तथा मेसिनरी राखिनेछन्।

एक्स्पोमा निर्माण क्षेत्रमा काम गरिरहेका नेपालका दिग्गज आर्किटेक्ट, इन्जिनियर, कन्ट्र्याक्टरस, बिल्डरस, इन्टेरियर डिजाइनर, घर बनाउन चाहने व्यक्ति तथा आमनागरिकको सहभागिता रहनेछ। एक्स्पोको टाइटल स्पोन्सर कजरिया टायल्स र सहप्रायोजकमा भोल्गा तथा जिन्दल स्टिल रहेका छन्। सहयोगी संस्थाहरूमा आर्किटेक्ट्सको संघ र इन्टेरियर डिजाइनरको संघ रहेका छन्। चार दिनसम्म चल्ने एक्स्पोमा निःशुल्क प्रवेशको व्यवस्था गरिएको आयोजकले जनाएको छ।



देशका तीन सयभन्दा बढी ब्रान्डका एक सय ५० भन्दा बढी स्टल रहनेछन्। एक्स्पोमा निर्माणसम्बन्धी उद्योगहरू, कम्पनीहरू, डिलर तथा सब डिलरहरू र विक्रेताले निर्माण व्यवसायसँग सम्बन्धित उत्पादन र प्रविधिका बारेमा जानकारी गराउनुका साथै बिक्री-वितरणसमेत गर्नेछन्।

यस अन्तर्राष्ट्रिय प्रदर्शनीमा निर्माण सामग्री, निर्माण मेसिनरी, प्रि-फ्याब स्ट्रक्चर, युपिभिसी विन्डोज मेसिनरी, युपिभिसी

सानिमा रिलायन्स लाइफको बिमा सचेतना कार्यक्रम

काठमाडौं/ सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनीले रामेछापको मन्थली माविमा बिमा सचेतना कार्यक्रम सम्पन्न गरेको छ। विद्यालयमा कार्यरत शिक्षक तथा कक्षा ११ र १२ मा अध्ययनरत ८० जना विद्यार्थीबीच उक्त कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रममा कम्पनीका क्षेत्रीय प्रमुख बलराम खत्री, तालिम विभाग प्रमुख ज्ञानेन्द्रदेव भट्ट, शाखा प्रमुख रामहरि केसी, प्रधानाध्यापक टंकप्रसाद दाहाल, सहायक प्रधानाध्यापक चन्द्रसिं धानीलगायतको उपस्थिति रहेको जनाइएको छ। कम्पनीले विभिन्न स्थानमा सञ्चालन गर्दै आएको यस्ता कार्यक्रमले समुदायमा बिमाको आवश्यकता र महत्त्वको जानकारी हुन गई बिमाप्रति सकारात्मक सन्देश प्रवाह हुने विश्वास व्यक्त गरेको छ।

भिजा एक्सेलेरेटर कार्यक्रमको आवेदन खुला

काठमाडौं/ भिजा एक्सेलेरेटर कार्यक्रमको चौथो संस्करण घोषणा गर्नुका साथै आवेदन खुला गरिएको छ। भिजाका भुक्तानी विशेषज्ञसँग सहकार्य गरेर नेपालमा स्टार्टअपलाई विकासको सम्भावनाका ढोका खोल्न सक्षम बनाउने उद्देश्यले नयाँ आवेदन खुला गरिएको हो।

२०२४ संस्करण नयाँ अवसरका क्षेत्रहरू कृत्रिम बुद्धिमत्ता (एआई), विश्वव्यापी मुद्रा आवागमन र भविष्यको लोयल्टी, माइक्रो, साना र मध्यम व्यवसायहरू र डिजिटल स्वीकृतिजस्ता क्षेत्रहरूमा जोड दिँदै एम्बेडेड फाइनान्समा केन्द्रित हुने भिजाले जनाएको छ।

कार्यक्रम शुरु गर्दै भिजाको नेपाल, बंगलादेश र भुटानका कन्ट्री म्यानेजर सौम्या बसुले भने, 'कार्यक्रमले स्टार्टअपलाई हाम्रा विषयवस्तुका विज्ञसँग काम गर्ने अवसर प्रदान गर्छ र तिनीहरूको समाधान वास्तविक रूपमा परीक्षण गर्न, विकास गर्नका लागि अवसर प्रदान गर्छ। हामी भुक्तानी सकारात्मक अनुभवमार्फत निर्बाध रूपमा सुरक्षित पैसा आवागमन सक्षम गरेर विश्वव्यापी भुक्तानीका लागि गतिको अर्को लहर चलाउने लक्ष्य राख्छौं।'

भक्तपुरमा सौर्य सिमेन्टको कन्ट्र्याक्टर मिट



काठमाडौं/ सौर्य सिमेन्ट र स्काई होल्डिङ बिजनेस ग्रुप पब्लिक लिमिटेडको संयुक्त आयोजनामा कन्ट्र्याक्टर मिट सम्पन्न भएको छ। भक्तपुरमा निर्माण हुने भौतिक संरचनामा निर्माण सामग्रीको छनोट, बिक्री-वितरण, प्रविधिमैत्री निर्माण सामग्रीलाई विशेष प्राथमिकता दिनुपर्नेमा जोड दिँदै कन्ट्र्याक्टर मिट गरिएको हो।

कार्यक्रममा सौर्य सिमेन्टको प्रयोग, प्रविधि, गुणस्तर, उत्पादन क्रममा गरिने परीक्षण प्रविधि, वातावरणमैत्री प्राविधिक जानकारी एवं सौर्य सिमेन्टले गरेका विभिन्न सामाजिक व्यावसायिक उत्तरदायित्वका कार्यको पनि जानकारी दिइएको कम्पनीले जनाएको छ। कम्पनीका क्षेत्रीय बिक्री प्रबन्धक रोशनबहादुर कडायतले भक्तपुरका बासिन्दालाई सुपथ मूल्यका साथै सहज रूपमा सिमेन्टको उपलब्धता सुनिश्चित गर्न स्काई ग्रुपसँग साझेदारी गरिएको जानकारी दिएका थिए। कार्यक्रममा देशमा आर्थिक संकटको कारणले सबै निर्माण व्यवसायी असहज अवस्थामा रहेको र उत्पादक कम्पनीबाट सहजीकरणको अपेक्षा गरेको निर्माण व्यवसायीले व्यक्त गरेका थिए।

सिराहाको मिर्चैयामा रहेको सौर्य सिमेन्टको उत्पादन क्षमता चार हजार पाँच सय मेट्रिकटन रहेको र दैनिक ८० हजार बोरा सिमेन्ट उत्पादन गर्दै आएको जनाइएको छ। हाल कम्पनीले ४३ र ५३ ग्रेडको ओपिसी र पिपिसी सिमेन्ट उत्पादन र बिक्री वितरण गर्दै आएको जनाएको छ।

रिलायन्स फाइनान्स र आधुनिक समाज डेन्टलबीच छुट सम्झौता



काठमाडौं/ रिलायन्स फाइनान्स लिमिटेड र बुटवलको आधुनिक समाज डेन्टल केयर प्रालिबीच वित्तीय तथा स्वास्थ्य सेवामा छुटसम्बन्धी सम्झौता भएको छ। सम्झौतामा फाइनान्सका नायब प्रमुख कार्यकारी अधिकृत रामहरि आचार्य र आधुनिक समाज डेन्टल केयरका प्रबन्ध निर्देशक अमृत भुसालले हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार फाइनान्सका ग्राहक, सेयरधनी तथा कर्मचारीले डेन्टल केयरले प्रदान गर्ने सेवामा ३० प्रतिशतसम्म छुट प्राप्त गर्ने जनाइएको छ। फाइनान्सले काठमाडौं, ललितपुर, चितवन, कास्की, लमजुङ, काभ्रेपलाञ्चोक, गोरखा, झापा, रुपन्देही, कैलाली, कञ्चनपुर, बाँकेलगायतका जिल्लामा २१ शाखामार्फत सेवा दिइरहेको जनाएको छ।

पशुपालनबाट जीविकोपार्जन योगदानबारे अनुसन्धान गरिने



काठमाडौं/ कृषि तथा पशुपक्षी विकास मन्त्रालय र अन्तर्राष्ट्रिय पशु अनुसन्धान संस्थानबीच पशुपक्षी अनुसन्धान र विकास, नवीन प्रविधि प्रवर्द्धन र यस क्षेत्रको दिगो विकासमा योगदान पुऱ्याउन दुवै निकायको प्रतिबद्धतालाई बलियो बनाउने विषयमा समझदारीपत्रमा हस्ताक्षर भएको छ। कृषिमन्त्री डा. बेदुराम भुसालको उपस्थितिमा पशुपक्षीतर्फका सचिव डा. रेवतीरमण पौडेल र संस्थानका सहायक महानिर्देशक सिर्ले तारावालीले समझदारीपत्रमा हस्ताक्षर गरेका छन्।

सम्झौताले नेपालमा पशुपालनमार्फत गुणस्तरीय जीविकोपार्जनमा योगदान पुऱ्याउँदै अनुसन्धान र विकासमा सार्वजनिक र निजी क्षेत्रको सहभागिताका लागि बलियो खाका उपलब्ध गराउने अपेक्षा गरिएको छ। साथै, यस साझेदारीले नेपालको कृषि विकास रणनीति (सन् २०१५ देखि २०३५)मा समेत योगदान पुऱ्याउने उद्देश्य राखिएको छ। हस्ताक्षर समारोहमा बोल्दै कृषिमन्त्री डा. भुसालले सरकार र संस्थानबीच भएको समझदारीले नेपालको कृषि र पशुपालन क्षेत्रको हितमा सहकार्यलाई बढावा दिन महत्त्वपूर्ण भूमिका खेल्ने बताएका थिए। त्यस्तै, पशुपक्षीसचिव डा. पौडेलले नेपालको पशुपालन क्षेत्रमा स्थानिय समस्याहरूलाई समाधान गर्न गरिने अनुसन्धानात्मक कार्यहरूलाई स्तरीय र अन्तराष्ट्रिय परिवेश अनुकुल बनाउनु चुनौती रहेको स्थितिमा भएको सम्झौताले आगामी अनुसन्धनात्मक तथा विकास कार्यहरू बढी फलदायी हुने अपेक्षा राखेको बताए।

संस्थानका सहायक महानिर्देशक तारावालीले सम्झौतापछि उच्च आर्थिक वृद्धिका लागि दिगो उत्पादनमार्फत खाद्य र पोषण सुरक्षाको राष्ट्रिय लक्ष्यले प्रमाणित गरेको कृषि र पशुधन विकासमा नेपालको प्रतिबद्धतालाई थप सुदृढ गर्न सहयोग पुग्ने विश्वास गरेका थिए। संस्थानले विश्वव्यापी रूपमा पशुपक्षीको उत्पादन प्रवर्द्धनलगायत पशुपक्षीको क्षेत्रमा वैज्ञानिक अनुसन्धान सञ्चालन गर्दै आएको छ। त्यस्तै, अन्तर्राष्ट्रिय कृषि अनुसन्धान परामर्शदाता समूहअन्तर्गतका १५ वटा कृषि अनुसन्धान केन्द्रमध्ये एकको रूपमा स्थापित संस्थानको केन्यामा मुख्यालय रहेको छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाडौं

जानकारी सम्बन्धमा

सूचना प्रकाशित मितिः २०८०/१०/१८ गते

यस विभागको चालु आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम अन्तर्गतको Supply, Delivery, Installation, Commissioning and Support of Smart Driving License Card, Personalization Machine and System, Contract No. DoTM/ICB/IT-01/G-101 अन्तराष्ट्रिय बोलपत्रदाताहरु मार्फत पेश भएको ई-बोलपत्रहरु बोलपत्रको कानूनी योग्यता तथा पूर्णताको परीक्षणमा असफल भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा १ को खण्ड "क" बमोजिम सारभुतरुपमा प्रभावग्राही नभएको कारण पेश भएका सम्पूर्ण अन्तराष्ट्रिय बोलपत्रहरु विभागको निर्णयानुसार रद्ध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८०/१०/१८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **बोलपत्र खोलिने मिति/समय**
२०८०/११/०३ गते/स्थान : सम्बन्धित शाखा कार्यालय — २०८०/११/०६ गते, आइतबार दिनको ३ बजे

क्र.सं.	शाखा कार्यालय : प्रयागपोखरी, ललितपुर	
	ऋणीको नाम, ठेगाना	ऋणी तथा जमानतकर्ताको विवरण
१.	**नाम : श्री मनकामना होटल एण्ड रेष्टुरेन्ट** नेपाल सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, त्रिपुरेश्वर, काठमाडौं प्राइभेट फर्म दर्ता नं. ११३६, दर्ता मिति : २०७७/१०/१३ पान नं. ६११६०९६५२, दर्ता मिति : २०७६/०५/०९ ठेगाना : काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ६, नमुना बस्ती **प्रोप्राइटर : सान्नानी गुरुङ**	**सान्नानी गुरुङ** ना.प्र.प.नं. १४०/०४४, जि.प्र.का. चितवन जारी मिति २०५५/१२/१५ पतिको नाम : थल बहादुर आले ससुराको नाम : फणिन्द्र बहादुर आले ठेगाना : चितवन जिल्ला, दारेचोक वडा नं. ७ हाल : काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ६, नमुना बस्ती
	जमानतकर्ताको विवरण	
	थल बहादुर आले ना.प्र.प.नं. ३२५५-४३८२९, जि.प्र.का. गोरखा, जारी मिति : २०५१/११/०२ बाबुको नाम : फणिन्द्र बहादुर आले, बाजेको नाम : सानुमान आले ठेगाना : गोरखा जिल्ला, शहिद लखन वडा नं. ७, हाल : काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ६, नमुना बस्ती	
	धितोको विवरण	
	थल बहादुर आलेको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेका चितवन जिल्ला, दारेचोक वडा नं. ३ स्थित कित्ता नं. ३६५ र ३४२ को क्षेत्रफल क्रमशः ०-२-०-० र ०-१-०-० (बिगाहा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	
क्र.सं.	**शाखा कार्यालय : भरतपुर, चितवन**	
	ऋणीको नाम, ठेगाना	
१.	**नाम : श्री अजम्बरी रियल स्टेट प्रा.लि.** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं. २४५३३७/०७७/०७८, दर्ता मिति : २०७७/०६/२८ पान नं. ६०९८३९२१०, दर्ता मिति २०७७/०७/०२ ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २ **संचालक : रोहित शेखर बज्राचार्य**	**नाम : श्री अजम्बरी एग्रो सप्लायर्स प्रा.लि.** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं. २४५३३८/०७७/०७८, दर्ता मिति : २०७७/०६/२८ पान नं. ६०९८३९२२३, दर्ता मिति : २०७७/०७/०२ ठेगाना : चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ३ **संचालक : रोहित शेखर बज्राचार्य**
	ऋणी तथा जमानतकर्ताको विवरण	**जमानतकर्ताको विवरण**
	नाम : रोहित शेखर बज्राचार्य ना.प्र.नं. ७१५७७, जि.प्र.का. पाल्पा जारी मिति : २०५५/०३/२५, पाल्पा बाबुको नाम : होत्री शेखर बज्राचार्य बाजेको नाम : ज्योती शेखर बज्राचार्य ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ३ हाल : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ११	**नाम : तृष्णा प्रधान** ना.प्र.नं. १३७२६७, जि.प्र.का. कास्की जारी मिति : २०६०/०३/२५ पतिको नाम : रोहत शेखर बज्राचार्य ससुराको नाम : होत्री शेखर बज्राचार्य ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ३ हाल : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २, बरपाटन
	धितोको विवरण	
	१. रोहित शेखर बज्राचार्यको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, सिस्वार वडा नं. ४ ख स्थित कित्ता नं. ६७२ को क्षेत्रफल ३८६.५० ब.मि. भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २. श्री अजम्बरी एग्रो सप्लायर्स प्रा.लि. को नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, कल्याणपुर वडा नं. ७ ख स्थित कित्ता नं. ४२६५ को क्षेत्रफल ११०.०५ ब.मी भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। ३. श्री अजम्बरी रियल स्टेट प्रा.लि. को नाममा मालपोत कार्यालय चनौली, चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, जगतपुर वडा नं. ३ क स्थित कित्ता नं. ११८२, १३४८, ११९६ र १३४३ को क्षेत्रफल क्रमशः १९३.७२, ५३६.८९, ५०९.९६ र १२४.२५ (ब.मी) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। ४. धनी ज्योति विकास बैंक लि. भई ऋणी श्री अजम्बरी रियल स्टेट प्रा.लि. को नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता श्रेष्ता कायम रहेको बागमती प्रदेश-०१, ०२६ च १३४७ को Skoda, चेसिस नं. MEXKPGPA7MG012078, इन्जिन नं. DTB005732 को Kushaq Style 1.0 सवारी साधन थान १।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : प्रयागपोखरी, ललितपुर, फोन नं. ०१-५४५१४३८
भरतपुर चितवन, फोन नं. ०५६-५९०७१६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८०/१०/१८

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीबाट विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशीघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जनाआदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथावित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमाउल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकमअसुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचनामार्फत् जानकारी गराईन्छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स आवास कर्जा

ऋणीहरुको नाम र ठेगाना :

१. नाम	: दीपक कुमार के.सी.	२. नाम	: वन्दना रायमाझी
बाबु	: तिर्थ बहादुर के.सी	बाबु	: हिम बहादुर रायमाझी
बाजे	: चन्द्रकान्त के.सी.	बाजे	: जुमान सिहं रायमाझी
पत्नी	: वन्दना रायमाझी	पति	: दीपक कुमार के.सी.
ठेगाना	: नेपालगंज-१२, बांके	ठेगाना	: दयानगर-५, रुपन्देही
हाल	: सिद्धार्थनगर न.पा वडा नं. ८, रुपन्देही	हाल	: सिद्धार्थनगर.न.पा. वडा नं. ८, रुपन्देही
ना.प्र.नं	: १९२८५	ना.प्र.नं	: १६२३४
जारी मिति	: २०४९/०३/०९	जारी मिति	: २०६०/०८/०८
जि.प्र.का.	: बांके	जि.प्र.का.	: रुपन्देही

माथि उल्लेखित कर्जामा धितो राखिएको सम्पत्तिको विवरण
धितो सुरक्षण धनीको नाम :- दीपक कुमार के.सी.

जिल्ला	गा.वि.स./न.पा.	वडा नं/ नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (व.मि.)	कैफियत
रुपन्देही	सिद्धार्थनगर	६	३९६	३६०.०४	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

कुमारी बैंक लिमिटेड शाखा कार्यालय बुढानिलकण्ठ, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१०/१८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बुढानिलकण्ठ, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० फागुन ०४ गते शुक्रबार**का दिन शाखा कार्यालय बुढानिलकण्ठ, काठमाडौंमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:
नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७७/०६/२७ मा दर्ता नं. २४५०३१/०७७/०७८ कायम र आन्तरीक राजस्व कार्यालय कलंकीमा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं ६०९८२७७६५ मिति २०७७/०७/०२ मा दर्ता भई, नुवाकोट जिल्ला विदुर न.पा. वडा नं. १२, गौरी बेंशी स्थित रजिष्टर्ड कार्यालय रहेको **पेन्गुइनको कृषि तथा पशुपंक्षी फार्म प्राइभेट लिमिटेड**।

संञ्चालक तथा व्यक्तिगत जमानीकर्ताकर्ताहरुको विवरण:
१. पदम बिनोद ओझाको नाति, केदार प्रसाद ओझाको छोरा, काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ०४, बस्ने **सुरेश ओझा** (ना.प्र.नं. ६५८०/५४२३ मिति २०४५/०२/१० जिल्ला प्रशासन कार्यालय काठमाडौं)।
२. केदार प्रसाद ओझाको नाति, सुरेश ओझको छोरा, काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ०४ बस्ने **सुशान्त ओझा** (ना.प्र.नं. २७१०२२/१११५९५ मिति २०६९/१२/२९ जिल्ला प्रशासन कार्यालय काठमाडौं)।
३. खड्ग बहादुर के.सी नातिनी, कल्याण बहादुर के.सीको छोरी, हेम सागर रेग्मीको बुहारी, सोहन रेग्मीको पत्नी, सर्लाही जिल्ला हरिवन न.पा.वडा नं.०९ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा. वडा नं. ०६, मुलपानी बस्ने **कविता के.सी.** (ना.प्र.नं. ११४४/३६४१०१२६, मिति २०५३/१२/१९ जिल्ला प्रशासन कार्यालय सर्लाही)।
४. धर्मानन्द त्रिपाठीको नाति, खड्ग प्रसाद त्रिपाठीको छोरा, काभ्रेपलाञ्चोक जिल्ला ठुलो पर्सेल गा.वि.स. वडा नं.०६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ०६, बस्ने **शंकर प्रसाद त्रिपाठी** (

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार १८ माघ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

■ यू-१९ विश्वकप सुपर सिक्स

बंगलादेशसँग नेपाल पाँच विकेटले पराजित

नयाँ पत्रिका

आइसिसी यू-१९ पुरुष एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत सुपर सिक्समा नेपाल बंगलादेशसँग पाँच विकेटले पराजित भएको छ। सुपर सिक्सको समूह १ मा रहेको नेपालले पहिलो ब्याटिङ गरेको थियो। बंगलादेशी बलरको घातक बलिङको सामना गर्न नसक्दा नेपाल १६९ रनको सामान्य योगफलमा समेटियो। प्रत्युत्तरमा सहज लक्ष्य पछ्याएको बंगलादेशले २५.२ ओभरमा पाँच विकेटको क्षतिमा १७० रन जोडेको थियो। बंगलादेशले प्रतिओभर ६.७१ रनरेटमा ब्याटिङ गरेको थियो। जितसँगै बंगलादेश समूह १ को तेस्रो स्थानमा उक्लेको छ। बंगलादेशले तीन खेलबाट ४ अंक जोडेको छ। यस समूहमा भारत र पाकिस्तानले समान ६ अंक जोडेका छन्। रनरेटमा पाकिस्तान दोस्रो र भारत शीर्ष स्थानमा छ। अंकविहीन नेपाल तालिकाको पुछारमा छ।

दक्षिण अफ्रिकाको बोएफोन्टिन मैदानमा नेपालको ब्याटिङ फितलो भयो। इनिङ्सको कुनै पनि समयमा नेपाली ब्याटसम्यान बंगलादेशी बलरमाथि हुन पाएनन्। बंगलादेशका राहेनत ब्रोसनले ८.५ ओभरमा घातक बलिङ गरी १९ रन खर्चेर चार खेलाडी आउट पारे। उनले आफ्नो बलिङ स्पेलमा दुई मेडन ओभर गरेका थिए। उनले २.१५ को औसतमा बलिङ गरे।

मध्यक्रम ब्याटिङ कमजोर

नेपालले पहिलो तीन विकेट २९ रनमा गुमाएको थियो। नेपालका भरपर्दा ओपनरद्वय अर्जुन कुमाल १४, विपिन रावल २ तथा आकाश त्रिपाठी ३ रनमा आउट भएका थिए। सुरुवाती विकेट झर्दा नेपाल दबाबमा आएको थियो। त्यसपछि कप्तान देव खनाल र विशालविक्रम केसीबीच चौथो विकेटका लागि ६२ रनको साझेदारी भयो। यी दुवै खेलाडीले नेपाललाई २९-३ बाट ९१-४ को सुदृढ अवस्थामा पुऱ्याए। नेपालले महत्त्वपूर्ण विकेट देवको गुमाएको थियो। उनी चौथो विकेटका रूपमा आउट भएका थिए। उनले ६० बलको सामना गरी तीन चौकाको सहयोगमा ३५ रन जोडे।

जिबोनले नेपालको मध्यक्रम ब्याटिङ ध्वस्त पारेका थिए। राष्ट्रिय टोलीका खेलाडीसमेत रहेका गुल्सन झा, दीपक बोहरा र दीपेश कँडेल समान ३ रनमा आउट भए। गुल्सनले १६ बल, दीपकले ११ बल तथा दीपेशले १३ बलको सामना गरे। मध्यक्रमका मुख्य ब्याटसम्यान सस्तैमा आउट हुँदा नेपाल ४०.३ ओभरमा १३३-७ को कमजोर अवस्थामा पुग्यो। विशालले गुल्सनसँग पाँचौं विकेटका लाग ३० रनको साझेदारी गरेका थिए। विशालले सय बल सामना गरी ४८ रन जोडेका थिए। उनले ६ चौका प्रहार गरेका थिए। आकाश चन्द सामना गरेको बलमै आउट भए। नेपालको ब्याटिङमा सुवास भण्डारीले ३८ बलमा १८ रन जोडे। नेपालका ११औं क्रमका दुर्गेश गुप्ताले १४ बलमा ९ रन बनाए। उनले नेपालको इनिङ्समा एक मात्र चौका प्रहार गरेका थिए। नेपालले ३१ अतिरिक्त रन पाएको थियो।



बंगलादेशविरुद्ध बलिङ गर्दै नेपालका बलर सुवास भण्डारी

बंगलादेशको बलियो साझेदारी

सहज लक्ष्य पछ्याएको ब्याटिङ इनिङ्समा बंगलादेशका लागि चौथो विकेटका लागि गतिलो साझेदारी भएको थियो। ओपनर रहमान सिबी र जिसन अलामले पहिलो विकेटका लागि ११.४ ओभरमा ६७ रन जोडे। रहमानले ३४ बलमा १६ रन बनाए। अलामले मोहमद रिजवानसँग दोस्रो विकेटका लागि १८ रन जोडे। रिजवानले ११ बलमा १५ रन बनाए।

त्यसपछि रहमानले अजहर अमिनसँग चौथो विकेटका लागि ४५ रन बनाए। अमिनले १२ रन बनाए। अलामले ४३ बलमा ६ चौका र दुई छक्का प्रहार गर्दै ५५ रन बनाए। सो इनिङ्समा अरिफुल इस्लामले ३८ बलमा सात चौका र दुई छक्का प्रहार गरी ५९ रन बटुले। नेपालको इनिङ्समा सुवास भण्डारीले आठ ओभरमा ४४ रन खर्चेर पाँच विकेट लिए।

आसिफको शतकीय इनिङ्स ओझेलमा

नयाँ पत्रिका

ओपनर आसिफ शेखले शतकीय इनिङ्स खेले पनि एपिएफ क्लब प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगितामा कर्णालीसँग २१ रनले पराजित भएको छ। प्रतियोगिताअन्तर्गत बुधबार भएको ४२औं खेलमा आसिफले १०८ रनको शतकीय इनिङ्स खेले पनि एपिएफलाई जित दिलाउन सकेनन्। सहज लक्ष्य पछ्याएको अन्य ब्याटसम्यानले गतिलो साथ नदिँदा एपिएफले हारको सामना गर्नुपरेको हो। पहिलो ब्याटिङ गरेको कर्णाली ४४.१ ओभरमा अलआउट हुँदै २०६ रनमा समेटियो। प्रत्युत्तरमा एपिएफ ४४ ओभरमा १८५ रनमै समेटियो। आसिफले प्रधानमन्त्री कपमा दोस्रोपटक शतक बनाएका हुन्।

उनले २०२२ मा कर्णालीविरुद्ध १३० रनको इनिङ्स खेलेका थिए। त्यसक्रममा १५ चौका र एक शतक प्रहार गरेका थिए। त्यो खेल पनि त्रिवि क्रिकेट मैदानमा भएको थियो। उनले प्रधानमन्त्री कपमा दोस्रो शतक पनि यसै मैदानमा बनाए। यसपटक उनले १० चौका र दुई छक्का प्रहार गरे। एपिएफको इनिङ्समा अमर रौटेलाले २८ रन बनाए। अमर र आसिफले सातौं विकेटको लागि सर्वाधिक ८७ रनको साझेदारी गरे। यो प्रतियोगिताको दशौं शतक हो। कर्णालीका बलर प्रकाश जैसीले तीन ओभरमा चार विकेट लिए। यसअघि कर्णालीको ब्याटिङमा हिमांशु शाही र अर्जुन घर्तीले अर्धशतकीय इनिङ्स खेले। हिमांशुले ५० बलमा दुई चौका र सात छक्कासहित सर्वाधिक ६२ रन बनाए। ७४ बलमा एक चौका र तीन छक्कासहित अर्जुनले ५३ रन जोडे। दुई खेलाडीले चौथो विकेटको लागि १११ रनको साझेदारी गरे।

शीर्ष चारमा पुग्न चुक्यो एपिएफ

राष्ट्रिय टोलीका कप्तान रोहितकुमार पौडेलसहित अधिकांश खेलाडी रहेको एपिएफ यो हारसँगै शीर्ष चारबाट बाहिरिएको छ। नौ खेलमध्ये पाँच मात्रै जितेको एपिएफ १० अंकसहित पाँचौं स्थानमा रह्यो। यो खेलसँगै शीर्ष चारको टुंगो पनि लागेको छ। फाइनलमा स्थान बनाइसकेको नेपाल पुलिस क्लबसँगै त्रिभुवन आर्मी, बागमती र मधेश शीर्ष चारमा स्थान बनाउँदै एलिट ट्रफीको लागि छनोट भएका छन्। फाइनल पुग्ने थप एक टोलीको टुंगो लाग्न बाँकी छ।

एपिएफका कप्तान रोहितले पहिलोपटक एलिट ट्रफी आयोजना भए पनि छनोट हुन असफल हुँदा मिस गर्ने बताएका छन्। 'इलिट ट्रफीमा छनोट नहुँदा घाटा भयो। पहिलोपटक हुँदै थियो। यसलाई मिस गर्नेछु,' रोहितले भने, 'कर्णालीले ब्याटिङमा राम्रो गऱ्यो।। हाम्रो बलिङ राम्रो भएन। एलिट ट्रफीमा छनोट नहुनु मुख्य कारण सिनियर खेलाडीको प्रदर्शन राम्रो हुन सकेन।' प्रतियोगिताबाट एपिएफसँगै सुदूरपश्चिम, कर्णाली, गण्डकी, लुम्बिनी र कोशी एलिट ट्रफी खेलबाट चुकेका छन्।



राष्ट्रिय खेलाडीले भरिएको एपिएफलाई हराएपछि कर्णालीका खेलाडी

पुलिसको लगातार आठौं जित

पुलिसले लगातार आठौं जित निकालेको छ। पुलिसले लुम्बिनीलाई १०३ रनले हरायो। फाइलनमा स्थान बनाएको पुलिसको जितमा आरिफ शेख र करण केसीले अर्धशतकीय इनिङ्स खेलेका थिए। कुशल भुर्तेलले सर्वाधिक तीन विकेट लिए। पहिलो ब्याटिङ गरेको पुलिसले ३७.३ ओभरमा अलआउट हुँदै २४६ रनको लक्ष्य प्रस्तुत गऱ्यो। प्रत्युत्तरमा लुम्बिनीले ३६.३ ओभरमा अलआउट हुँदै १४२ रन बनाउन सक्यो। पुलिसको जितमा कप्तान आरिफ शेखले ७६, करणले ५२ र कुशल भुर्तेलले ४८ रनको योगदान गरे। लुम्बिनीका नर सार्कीले सर्वाधिक चार विकेट हात पारे। लुम्बिनीको इनिङ्समा दिल्सान अलीले ३६ र नरले ३१ रन बनाए। पुलिसका कुशलले तीन र करणले दुई विकेट लिए।

सिनियर खेलाडी चल्न सकेनन्

रोहितकुमार पौडेल, कप्तान, एपिएफ

यस विकेटमा सहजै दुई सय रनको लक्ष्य पूरा गर्न सकिन्छ। हाम्रो ब्याटिङ राम्रो भएन। राष्ट्रिय खेलाडीहरूले दबाबमा कसरी खेल्नुपर्ने अब सोच्नुपर्छ। यसपटक समान्य लक्ष्यमा समेत चुकेका छौं। पावर प्लेमा राम्रो गर्ने सोच थियो, त्यो हुन सकेन। कर्णालीले धेरै राम्रो गरेको थियो। उनीहरूको ब्याटिङ राम्रो भयो। हाम्रो बलिङ राम्रो भएन। इलिट ट्रफीमा छनोट नहुँदा घाटा भयो। पहिलोपटक हुँदै थियो। त्यो मिस हुनेछ।

■ आहा रारा गोल्डकप

थ्री स्टार फाइनलमा

कास्कीमा रोहितराज पराजुली

जावलाखेल युथ क्लबलाई १-० ले हराउँदै थ्री स्टार क्लब आहा रारा गोल्डकप फुटबलको फाइनलमा प्रवेश गरेको छ। पोखरा रंगशालामा बुधबार भएको ललितपुर डर्बीमा जित निकाल्दै थ्री स्टार २३औं संस्करणको आहा रारा गोल्डकपको अन्तिम दुईमा पुगेको हो। थ्री स्टारको जितमा वैकल्पिक खेलाडी दीपेश घलेले निर्णायक गोल गरे। विक्रम लामाको प्रशिक्षणमा रहेको थ्री स्टारले उपाधिका लागि विभागीय टोली त्रिभुवन आर्मी र चर्च ब्वाइज युनाइटेडबीचको विजेतासँग खेल्नेछ। चर्च ब्वाइज र आर्मीबीचको खेल बिहीबार हुनेछ।

योगेश गुरुङको कप्तानीमा रहेको थ्री स्टारले खेलको ७८औं मिनेटमा अग्रता बनाएको थियो। वैकल्पिक खेलाडी दीपेशले आदित्य शाक्यको पासमा गोल गरेका हुन्। आदित्य पनि खेलको ६६औं मिनेटमा मैदान प्रवेश गरेका थिए। यसअघि दुई टोलीबीच पहिलो हाफमा कुनै गोल हुन सकेन। दुवै टोलीले कमजोर प्रदर्शन गर्दा पोखरा रंगशालामा उपस्थित दर्शकसमेत निराश बने। सहारा क्लबको आयोजनामा चलिरहेको प्रतियोगिताको विजेताले १२ लाख एक हजार र दोस्रो हुने टोलीले ६ लाख एक हजार रुपैयाँ प्राप्त गर्नेछन्।

योजना सफल भयो

विक्रम लामा, प्रशिक्षक, थ्री स्टार

थ्री स्टारले पाँच वर्षपछि फाइनलमा स्थान बनाएको छ। यसमा सबै खुसी छौं। थ्री स्टारमा छुट्टै जिम्मेवारी छ। मैले व्यवस्थापन पक्ष पनि हेर्नुपर्छ। जावलाखेलसँग पहिलोपटक योजनाअनुसार खेल्यौं। एक किसिमले योजना सफल भयो। दोस्रो हाफमा राम्रो हुन सकेन। सबैजसो खेलाडी थाकेका थिए। काउन्टर अट्याक खेल्ने योजना सफल भयो। जावलाखेल पनि लगातार जितेर आएको हो। खेलाडीबीच तालमेल हुँदा खेल राम्रो भयो। फाइलनमा कमी कमजोरी सुधार गर्छौं।

लगातार खेल्दा थाक्यौं

सुनील श्रेष्ठ, प्रशिक्षक, जावलाखेल

क्वार्टरफाइनलमा धेरै दबाब भयो। यसकारण खेलाडीले सेमिफाइनलमा खेल्न सकेनन्। विश्रामको समय धेरै कम भयो। खेलाडीको प्रदर्शन राम्रो थियो। खेलमा हारजित हुन्छ। दोस्रो हाफमा थ्री स्टारले राम्रो खेल्यो। पहिलो हाफमा अलि दबाबमा पनि भयौं। अवसर दुवैले पाएका हौं। थ्री स्टारले एउट मात्रै अवसर सदुपयोग गरेर जित निकाल्यो।

खेल संक्षेप

हाफ म्याराथन चैतमा

काठमाडौं/ नेपाल लोकतान्त्रिक खेलकुद संघ बागमती प्रदेशको आयोजनामा तेस्रो किसुनजी स्मृति राष्ट्रिय पुरुष तथा महिला हाफ म्याराथन १७ चैतमा हुने भएको छ। पुरुष र महिलाका विजेताले ७५ हजार, उपविजेताले ५० हजार र तेस्रो स्थानमा रहने खेलाडीले २५ हजार रुपैयाँ प्राप्त गर्ने आयोजकका अध्यक्ष दीपक गुरुङले जानकारी गराए।

भ्याली पब्लिक बास्केटबल हुने

काठमाडौं/ भ्याली पब्लिक स्कुलको आयोजनामा हुने १६औं भ्याली पब्लिक अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा ७५ टोलीको सहभागिता हुने भएको छ। प्रतियोगितामा विभिन्न तीन विधामा ७५ टोलीले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गर्ने भ्याली पब्लिकका संस्थापक प्रिन्सिपल कृष्णप्रसाद अधिकारीले जानकारी गराए।

नयाँ पत्रिकाकर्मी पराजुली, यादव र पनेरू पुरस्कृत



युवा तथा खेलकुद मन्त्रालयबाट सम्मानित खेलपत्रकार

काठमाडौं/ यस वर्षको खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार नयाँ पत्रिकाकर्मी रोहितराज पराजुली, तिवारी यादव र नवराज पनेरूसहित सातजनाले प्राप्त गरेका छन्। खेलकुदमन्त्री डिगबहादुर लिम्बूले बुधबार उनीहरूलाई पुरस्कृत गरेका हुन्। खेलकुद क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै मन्त्रालयले २५ हजार रुपैयाँ प्रदान गरेको हो।

पराजुली गण्डकी प्रदेशबाट, यादव मधेशबाट र पनेरू सुदूरपश्चिमबाट छनोट भएका थिए। त्यस्तै, बागमतीबाट गोविन्दराज नेपाल, कोशीबाट हरिप्रसाद कोइराला, लुम्बिनीबाट रिखीराम जिसी, कर्णालीबाट नन्दराम जैसी, सुदूरपश्चिमबाट नवाज पनेरू र महिलाबाट दैलेखकी रजनीकुमारी योगी पुरस्कृत भएका छन्।

यसैबीच, राष्ट्रिय खेलकुद पत्रकारिता पुरस्कारबाट गोरखापत्र अनलाइनका गोविन्द रेग्मीलाई सम्मान गरिएको छ।

ज्ञानोदय र संस्कृति क्वार्टरफाइनलमा

काठमाडौं/ ज्ञानोदय बालवाटिका र संस्कृति १०औं एक्सेल्सियर कपअन्तर्गत सिनियर महिला बास्केटबलमा बुधबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। ज्ञानोदयले बोधीसत्वलाई १०-४ ले पराजित गऱ्यो। जुरी थपलियाको तीन स्कोरको सहयोगमा संस्कृतिले द चाँदबागलाई १०-७ ले हरायो। सिनियर महिलामा रिब्सले एक्सेल्सियरलाई ६-२ ले पाखा लगाउँदै अन्तिम आठको स्थान पक्का गरेको छ। रिब्सकी खुसी अधिकारीले पाँच स्कोर गरिन्। यसैगरी, सिनियर पुरुषमा एनआइसी एकेडेमीले निसर्ग वाटिकालाई ३७-१७ ले पन्छ्याउँदै क्वार्टरफाइनलमा स्थान पक्का गरेको छ।

यसैगरी, पुरुष फुटसलमा यू-१६ तर्फ एक्सेल्सियर 'रातो' र ग्रिनफिल्ड अन्तिम आठमा पुगेका छन्। समूह 'डी'को लिग खेलमा एक्सेल्सियर 'रातो' र ग्रिनफिल्डले १-१ को बराबरी खेलेका छन्। एक्सेल्सियर 'रातो' उपविजेता र ग्रिनफिल्ड विजेताका हैसियतमा अन्तिम आठमा पुगेका छन्। निसर्ग वाटिकाले एक्सेल्सियर 'नीलो'लाई ४-० ले पराजित गऱ्यो। यसैगरी यू-१३ मा एक्सेल्सियर 'पहेँलो'ले काष्ठमण्डपलाई १-० ले निराश बनायो।

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थली, काठमाडौं

सूचना प्रकाशन मिति : २०८०/१०/१८

यस नगरपालिकाको वडा नं. ५ स्थित थलीमा रहेको नवनिर्मित प्रशासनीक भवनको भुँईतल्ला र पहिलोतल्लाको फल्याट पुरै शिलबन्दी बोलपत्रको माध्यमबाट बढाबढ प्रक्रियाद्वारा भाडामा दिने निर्णय भएको हुँदा इच्छुक बैंक तथा वित्तीय संस्था, इन्स्योरेन्स कम्पनी, संघ वा संस्थाहरुबाट देहायको शर्तभित्रको अधिनमा रही सूचना प्रकाशन भएको ३० (तीस) दिनभित्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

(यस सम्बन्धी विस्तृत सूचना कागेश्वरी मनोहरा नगरपालिकाको सूचनापाटी, तथा वेभसाइट : www.kageshworimun.gov.np मा गई हेर्न सकिनेछ।
थप जानकारीका लागि ९८४९२००८३३, ९८४३८४३७२३ सम्पर्क राख्न सक्नुहुनेछ।)

बटेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बटेश्वर, धनषा
मधेश प्रदेश , नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/१०/१८

यस कार्यालयबाट नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित समेत मिति २०८०/०९/०३ मा प्रकाशित तपशिल बमोजिमका निर्माण कार्यका बोलपत्र आव्हानको सूचना अनुसार पर्न आएका बोलपत्रहरुको प्राविधिक मुल्यांकन भई खोलिएको आर्थिक प्रस्ताव मध्ये सबै भन्दा कम मुल्य कबोल गर्ने सारभुतरुपमा प्रभावग्राही र E-bidding मार्फत बोलपत्र गरेकोले तपसिल बमोजिमको बोलपत्रदाताहरुको बोलपत्र स्वीकृतको लागि छनौट गर्ने निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप-दफा ४७ को प्रयोजन बमोजिम सम्बन्धित सबैको लागि बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं.	छनौट भएको बोलपत्र दाताको नाम/ठेगाना	कबोल अंक (मु.अ.कर र PS बाहेक)	कैफियत
1	01/BRM/Works/ NCB/2080/081	Santosh Nirman Sewa Chhi. na pa-10	Rs 6,457,176.23	

प्रमुख प्रशासकिय अधिकृत

दुग्ध विकास संस्थान
डिडिसि पशु आहारा उत्पादन कारखाना, हेटौंडा

पशु दाना उत्पादनको लागि कच्चापदार्थ खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

दरभाउपत्र आव्हानको सूचना नं.५/DDC CATTLE FEED /०८०।०८१
प्रथमपटक प्रकाशित मिति २०८०/१०/१८

(१) यस कारखानालाई पशुदाना उत्पादन गर्नको लागि तपसिल बमोजिमको परिमाण कच्चा पदार्थ संस्थानको स्पेसिफिकेसन बमोजिम खरिद गर्नु पर्ने भएकोले आपुर्ति सम्बन्धी व्यवसाय गर्ने सम्बन्धित निकायमा दर्ता भएका आपुर्तिकर्ताहरुबाट कच्चापदार्थ आपुर्ति गर्न यो दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

तपसिलः

सि.नं.	सामानको विवरण	परिमाण	दरभाउपत्र दस्तुर	कैफियत
१.	राईसब्रान(डि.ओ.सि.)	३८००० केजी	१०००।- (पछि फिर्ता नहुने गरि)	
२.	मुसुरचुन्नी	३८००० केजी	१०००।- (पछि फिर्ता नहुने गरि)	
३	तोरी पिना	२९००० के.जी	१०००।- (पछि फिर्ता नहुने गरि)	
४	मकै	३४००० के.जी	१०००।- (पछि फिर्ता नहुने गरि)	

(२) दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने ईच्छुक नेपाली आपुर्तिकर्ताले लिखित आबेदन सहित यस कारखानाको कार्यालय सिसौघारी हेटौंडा, रु.१०००।- (एक हजार) (फिर्ता नहुने) बुझाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन अर्थात २०८०।११।३ गते कार्यालय समयभित्र खरिद गर्न सकिने छ।

(३) दरभाउपत्र पेश गर्दा दरभाउपत्र साथ आफुले कबोल गरेको कुल रकमको २.५% ले हुने रकम हेटौंडा स्थित हिमालय बैंकमा रहेको यस कारखानाको खाता नं. ०११०५७२३२८००१७ मा जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन मान्य अवधि भएको बैंक ग्यारेन्टी पत्र संलग्न भई आउनुपर्ने छ।

(४) सिलबन्दी गरिएको दरभाउपत्र डिडिसि पशु आहारा उत्पादन कारखाना सिसौघारी हेटौंडामा १६ औं दिन अर्थात मिति २०८०।११।४ गते दिनको १२.०० बजे भित्र बुझाउनु पर्ने छ। तोकिएको समयपछि प्राप्त दरभाउपत्र स्वीकार गरिने छैन।

(५) दाखिला भएका दरभाउपत्र मिति २०८०।११।४ गते दिनको २ बजे उपस्थित हुन चाहेका दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा डिडिसि पशु आहारा उत्पादन कारखानाको कार्यालय सिसौघारी हेटौंडामा खोलिनेछ।

(६) दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो कार्यहरु बिदा भुक्तान भएको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुने छ।

(७) दरभाउपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कारखानामा सुरक्षित रहनेछ।

(८) यस सम्बन्धमा थप कुरा बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस कारखानाको कार्यालय हेटौंडा, सिसौघारीमा सम्पर्क राख्न सकिन्छ।

दुग्ध विकास संस्थान
डिडिसि पशु आहारा उत्पादन कारखाना
हेटौंडा, सिशौघारी, फोन नं.- ५२०३८५

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com